सन्दर्भ : तेह्रौं मानव बेचबिखन विरूद्धको राष्ट्रिय दिवस, २०७६

अङ्क १८, भदौ २०७६ (August 2019)

# ओसारपसार

## एटविनको अर्ध-वार्षिक प्रकाशन



# मानव बेचबिखनबाट पीडित/प्रभावितहरूको न्यायमा पहुँच



“पार्लेमो” प्रोटोकल लगायत विभिन्न समसमायिक विषयमा मन्त्री मा. थम माया थापालाई, MoWCSC ज्ञापन पत्र बुझाउँदै




“पार्लेमो” प्रोटोकल अनुमोदनका लागि गृह मन्त्रालयका मन्त्री मा. राम बहादुर थापालाई ज्ञापन पत्र बुझाउँदै



“पार्लेमो” प्रोटोकल लगायत विभिन्न समसमायिक विषयमा प्रतिनिधि सभाको महिला तथा सामाजिक समितिका सभापति मा. निरु देवि पाललाई ज्ञापन पत्र बुझाउँदै



राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष मा. अनुप राज शर्मालाई “पार्लेमो” प्रोटोकल लगायत विभिन्न समसमायिक विषयमा ज्ञापन पत्र बुझाउँदै




प्रतिनिधि सभाका सदस्यहरुसँग “मानव बेचबिखन तथा व्यवसायिक बाल यौन शोषण विरुद्ध संघिय तहको भुमिका” विषयक अन्तरक्रिया कार्यक्रम




एटविन सदस्य संस्थाहरुलाई मानव अधिकारमुखि दृष्टिकोणबाट मानव बेचबिखन विरुद्धको प्रशिक्षक प्रशिक्षण, २०७६



पन्ध्रौ योजनामा मानव बेचबिखनसँग सम्बन्धित राख्नु पर्ने विषयवस्तुका लागि राष्ट्रिय योजना आयोगका सदस्य मा. मीन बहादुर शाहीलाई ज्ञापन पत्र बुझाउँदै



नुवाकोटको बेचबिखनसँग सम्बन्धित मुद्दामा पीडित/प्रभावितको न्याय सुनिश्चताका लागि महान्यायधिवक्ता अग्निप्रसाद खरेललाई ध्यानाकर्षन-पत्र बुझाउँदै

# ओसारपसार

एटविनको अर्ध–वार्षिक प्रकाशन

अंक १८ भदौ २०७६ (August 2019)

**सल्लाहकार**
अन्जना शाक्य

**सम्पादक मण्डल**
बिमला ज्ञवाली
अनिल अधिकारी
सोम कुमार राई
शान्ता खनाल
बेनु माया गुरूङ

**संयोजक**
करूणा महर्जन
बाल माया विश्वकर्मा

**व्यवस्थापक**
उज्ज्वल खतिवडा

**आवरण/ले–आउट**
सचिन महर्जन

**मुद्रण**
कर्ल्लवर्ग, ललितपुर
९८५१२३४४२७

**यस बुलेटिनमा प्रकाशित लेखहरू लेखकका निजी विचारहरू हुन् ।**

## विषयसूची

- **अध्यक्षको कलमबाट** २

**लेख**
- बेचबिखनका पीडितको न्यायमा सहज पहुँचका सवालहरु ✍ *टेक नारायण कुँवर* ३

**दोहोरी गीत**
- दिनहुँ आउने ग्राहकलाई चिन न ८

**लेख**
- नेपालमा मानव बेचबिखनको विद्यमान अवस्था ✍ *यशोदा बन्जाडे* ९
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी नयाँ ऐन कानुनहरूमा रहेका व्यवस्थाहरू ✍ *विष्णुमाया भुसाल* १४
- मानव बेचबिखनका पीडितहरुलाई न्याय पहुँचमा चुनौती ✍ *एटविन* २०
- प्रभावितहरूको न्यायमा पहुँच र सञ्चार माध्यम ✍ *विजय पौडेल* २१
- मानव बेचबिखनका पीडित/प्रभावितहरुको न्यायमा पहुँच र चुनौतिहरुको अवस्था ! ✍ *अधिवक्ता उमा तामाङ* २५

**घटना अध्ययन**
- बालबालिका बेचबिखन विरूद्ध बाल हेल्पलाइन नेपाल १०९८ २८
- मृगौला बेचबिखनमा पीडितले पाए न्याय ३१
- आर्केस्ट्रामा बेचिएको कला र जीवन ३२
- जातीय छुवाछुतको कारण कामको खोजिमा जाँदा बेचबिखनमा परें ३३

**गीत**
- लौ न सरकार ३४

**वकालत**
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ मा संशोधन प्रस्ताव ३५

**एटविन गतिविधि**
- महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन) संक्षिप्त प्रगति प्रतिवेदन ३९

**सदस्य संस्था परिचय**
- यातना पीडित सरोकार केन्द्र (सिभिक्ट), नेपाल ४५
- हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स) ४६

**संचारमा एटवीन** ४७

**समाचारमा मानव बेचबिखन** ४८

**प्रकाशकः**

AATWIN

**महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)**

पो.ब.नं. : २४९६०
फोन नं. ४२२९७८७, ४२२०४७८, फ्याक्स नं. : ४२२९७८७
इमेलः aatwin@ntc.net.np, वेबसाइट : www.aatwin.org.np

**प्रकाशन सहयोगीः**

THE FREEDOM FUND

**द फ्रिडम फण्ड**

## अध्यक्षको कलमबाट



# बेचबिखनका पीडित र प्रभावितहरुको न्यायमा पहुँच

नेपालमा बेचबिखनका पीडित र प्रभावितहरुको न्यायमा पहुँचको अवस्थाका विषयमा थुप्रै बहसहरूको खाँचो देखिन्छ। न्याय प्रणालीमा सुधार गर्नुपर्ने प्रशस्तै ठाउँहरू छन् ।

बेचबिखनका पीडित र प्रभावितहरूमा मानसिक एवं सामाजिक प्रभाव दिर्घकालिन हुन्छ। त्यसै पनि नेपाली समाजले बेचबिखनका पीडित र प्रभावितहरूलाई सजिलै स्वीकारेको अवस्था पाइन्न । दुई दशक अघिको तुलनामा केही फराकिलो दृष्टिकोण रहेतापनि हेय र घृणाका दृष्टिले हेर्ने प्रवृत्ति 'सो कल्ड' कल्चर्ड (संस्कारित), सिभिलाइज्ड (सभ्य), एकेडेमिक (बौद्धिक) र सोसिएल (सामाजिक) वृत्तमा अझैसम्म छ ।

पैसा, शक्ति र राजनीतिक आड, भरोसा र संरक्षणमा मौलाएको मानव बेचबिखनका पीडित/प्रभावितहरूको साँच्चै नै न्यायमा पहुँच हुन विभिन्न कुराहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यसै पनि पीडित भन्दा पीडक पैसा र राजनीतिक पहुँचका कारण शक्तिशाली हुने गर्दछन् । मनोवैज्ञानिक परामर्श, नैतिक समर्थन र सुरक्षाको सुनिश्चितताको आश्वासनपछि जब एउटा पीडित वा प्रभावितले शाहसका साथ प्रहरीमा मुद्दा दर्ता गर्दछन्, उसमा कानुनी राज्यमा न्याय पाउने पूर्ण भरोसा रहन्छ। तर जब सुन बहादुर तामाङहरूजस्ता मानव बेचबिखनका व्यापारीहरू पूरा सजाय नै नभोगी अदालती कार्वाहीबाट मुक्त हुन्छन्, कानुनी राज्यमा पीडित/प्रभावितहरूको मनोवैज्ञानिक दशा कस्तो हुन्छ ? आफूलाई उद्दार, हेरचाह, परामर्श र मनोबल दिने गैरसरकारी संस्थाहरूप्रति, प्रहरी र कानुनी प्रणालीप्रति कस्तो प्रभाव पर्दछ ? सुन बहादुरहरूकै मुद्दाको अवस्थालाई हेर्दा हाम्रो न्याय प्रणालीमाथि प्रश्न गर्ने ठाउँ छैन र ?

पीडक विरुद्ध मुद्दा दर्ता भएदेखि नै पीडित, प्रभावित, उसको साक्षी, परिवारका सदस्यहरूको जीउज्यानको सुरक्षा संकटमा पर्ने गरेको देखिन्छ । धम्की, डर, त्रास देखाई मुद्दालाई प्रभावमा पार्ने काम पीडक पक्षबाट शुरु हुन्छ । मानव बेचबिखनका जानकारहरू त्यसैले त भन्ने गर्दछन्, 'बेचबिखनका मुद्दा दर्ता हुने भनेको १०% भन्दा पनि कमै छन् ।' यस्तो अवस्थामा मानव बेचबिखनका पीडित र प्रभावितहरूको न्यायमा पहुँचको अवस्थालाई सजिलै मूल्याङ्कन गर्न सकिन्छ ।

मानव बेचबिखनका पीडित र प्रभावितहरूको सुरक्षा र संरक्षण गर्ने दायित्व कसको हो? पीडित र प्रभावितहरू संरक्षण गृहमा कतिञ्जेल बस्ने, उनीहरू समाजमा निर्वाध रुपमा बस्न पाउने वातावरण कहिले तयार हुन्छ ? जीविकोपार्जनको व्यवस्था कसले कसरी गर्ने ? पीडित र प्रभावितहरूको सम्पूर्ण पक्षको क्षतिपूर्ति लेखाजोखा गरेर, पीडिक वा राज्यबाट क्षतिपूर्ति पीडितलाई उपलब्ध गराईनु पर्दछ । एटविनले यी गम्भिर विषयमा पैरवी र वकालत गरी पीडित र प्रभावितहरूको न्यायको पहुँच सुनिश्चित गर्न लागिरहेको छ र अन्य सरोकारवालाहरूलाई पनि आह्वान गर्दछौं । यसका लागि अन्तरदेशिय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको मानव बेचबिखनविरुद्धको पार्लेमो प्रोटोकल, २००० को अनुमोदनका लागि २०७६ असारमा मन्त्री परिषद्ले निर्णय गरिएकोमा स्वागत गर्दे प्रतिनिधिसभाबाट यथाशिघ्र अनुमोदनका लीगि अनुरोध गर्दछौं ।

अन्जना शाक्य<br>
अध्यक्ष<br>
एटविन

# बेचबिखनका पीडितहरुको न्यायमा सहज पहुँचका सवालहरु



✍ टेक नारायण कुँवर

## विषय प्रवेश

मानव बेचबिखन एउटा यस्तो अपराध हो जसले पुरुष, महिला र बालबालिकाहरुलाई तारो बनाउँछ। उनीहरुलाई गलत कार्यहरुमा लगाइन्छ। साथै दलालहरुको माध्यमबाट अनुचित श्रम तथा यौन शोषणजस्ता कार्यमा जबर्जस्ती संलग्न गराइन्छ। पहिला पहिला महिला वा बालिकालाई वेश्यावृत्तिमा लगाउने, यौनदासी बनाउने र मनोरञ्जन उद्योगमा लगाई शोषण गर्नेजस्ता परम्परागत शोषणका कार्यहरु गरिन्थ्यो । तर आज भने बेचबिखनको प्रवृत्ति फेरिँदै र बदलिँदै गएको छ । यस अपराधमा पीडित व्यक्तिको इच्छा विपरीत शोषण गरिन्छ । धम्कीको प्रयोग, जबर्जस्ती तथा धोकाधढीद्वारा जुनसुकै प्रकारको शोषण, घरेलु काम, निकृष्ट श्रम, मानव अङ्ग किड्नी झिक्ने, छाला झिक्ने, बेश्यावृत्ति वा अन्य प्रकारका यौन शोषणमा लगाउने कार्यहरु गरिन्छ ।

संसारमा द्रुतगतिमा फैलिरहेका प्रमुख अवैध संगठित अपराधहरुमध्ये एक मानव बेचबिखन तेस्रो ठूलो अपराध हो जसमा प्रतिवर्ष ४२ बिलियन डलर बराबरको कारोबार हुने गर्दछ । विश्वका सरकारहरु यो अपराध नियन्त्रण गर्न लगभग असफल रहेका छन् । आधुनिक युगको दासता भनी परिभाषित यस अपराधलाई नियन्त्रण गर्नबाट सरकारहरु असफल हुनु भनेको मानव मात्रको लागि लज्जाको विषय हो ।

## न्यायमा सहज पहुँचः पीडितको अधिकार

सन् २०१३ मा इस्तानबुलमा भएको एशियाली क्षेत्रका प्रधान न्यायाधीश तथा बरिष्ठ न्यायाधीशहरुको सम्मेलनले पारित गरेको इस्तानबुल घोषणाको सिद्धान्त नं २ ले न्यायिक प्रणालीले अदालत परिसर र अदालती सूचनामा सहज पहुँचको प्रत्याभूति गर्नुपर्छ भन्ने उद्घोष गरेको छ। त्यस्तै सिद्धान्त नं ३ ले न्यायपालिकाले न्यायिक प्रणालीमा नागरिकको पहुँचलाई सहजीकरण गर्नुपर्छ भनी उल्लेख गरेको छ। बेचिएका व्यक्तिको मानव अधिकारको न्यूनतम मापदण्डमा अविभेदको अधिकार, सुरक्षा तथा उचित व्यवहारको अधिकार, क्षतिपूर्तिको अधिकार र न्यायमा पहुँचको अधिकार नै प्रमुख हो । यिनै अधिकारहरुको उपलब्धता कति छ भन्ने आधारमा पीडितको न्यायमा कति पहुँच पुगेको छ भनी मूल्यांकन गर्न सकिन्छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा १० ले प्रत्येक व्यक्तिलाई स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट स्वच्छ र सार्वजनिक सुनुवाईको हक प्राप्त छ भनेको छ। नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अनुबन्ध १९६६ को धारा १४ ले अदालत र न्यायाधिकरण समक्ष सबै व्यक्ति बराबर हुनेछ भनिएको छ। हरेक व्यक्तिलाई स्वच्छ तथा सार्वजनिक सुनुवाईको हक प्राप्त छ ।

विश्वमै पहिलो पटक स्वयम संविधानमा पीडितको मौलिक हकको रुपमा नेपालको संविधान २०७२ को धारा २१ ले अपराध पीडितको हक प्रत्याभूत गरेको छ। जस अनुसार पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ। अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ । त्यसैगरी धारा २९ ले शोषण विरुद्धको हकमा मानव बेचबिखन विरुद्धको हक उल्लेख गरेको छ । यसमा प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक हुनेछ भन्ने उल्लेख गर्दै कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन भनी लेखिएको छ। कसैलाई पनि निजको इच्छा विरद्ध काममा लगाउन पाइने छैन, उक्त कार्य दण्डनीय हुने र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनिएको छ ।

यसको अर्थ न्यायिक उपचारमा नागिरकको सहज पहुँचको उपलब्धता भयो भन्ने होइन । अदालत भवनसम्मको पहुँचमात्र भएर मात्र पनि न्यायमा नै

पहुँच पुग्यो भन्ने होईन । न्याय पीडितलाई प्राप्तिका लागि व्यवहारमा कति पहुँच छ र त्यो कसरी उपलब्ध गराईन्छ भन्ने नै प्रमुख कुरा हो ।

### न्यायमा सहज पहुँचका अवरोधहरु

कानुनद्वारा माथि उल्लिखित अधिकार स्थापित हुँदाहुँदै पनि पीडितको न्यायमा पहुँच, पीडितमैत्री वातावरण, पीडितको अधिकार सरंक्षण, पीडितको उद्धार, पुनर्स्थापना र न्याय सम्बन्धी अभ्यास, पीडितको अधिकारमुखी न्यायिक दृष्टिकोण र क्षतिपूर्ति भराउने सम्बन्धमा न्यायिक दृष्टिकोणहरु अझै पनि पुरातनवादी सोचबाट माथि उठ्न सकेको पाइदैन । शुरु देखि नै पीडितको न्यायमा सहज पहुँचका अवरोधहरु सामना गर्नुपर्ने अवस्था छ जुन निम्न प्रकार छन्:

१. यसमा अज्ञानता, निरक्षरता, खर्चिलोपना, धेरै समय लाग्ने, टाढाको संयन्त्र, कार्यविधिमा जटिलताजस्ता कुराहरु रहेका छन् ।
२. त्यस्तै सेवाग्राहीका लागि न्याय सम्पादनका हरेक चरणमा उपयुक्त भौतिक सुविधाको अभाव, अमैत्रीपूर्ण न्यायिक परिवेश, भाषाको अवरोध, कानुनी भाषाको अज्ञानताले नकारात्मक भूमिका खेलिरहेको छ ।
३. असहाय, अशक्त तथा महिला, बालबालिका, फरक ढंगले सबल र वृद्ध व्यक्तिको आवश्यकता नबुझ्नु, सामाजिक भेदभाव, लैङ्गिक असमानता, जातिगत विभेद र विपन्नता जस्ता कुराले अरु बढी असहज बनाएको छ ।
४. सेवा प्रदायकबाट कुनै पनि सेवाग्राहीलाई आफ्नो अधिकारको निम्ति न्याय माग्न आएको नागरिकको रुपमा नभै झगडियाको रुपमा हेर्ने वा उनीहरुप्रति गरिने कतिपय अनपेक्षित व्यवहारले गर्दा पनि न्यायमा पहुँचबाट बञ्चित भएको हुनसक्दछ ।
५. पैसावाल र गरिबको बिचमा आउनसक्ने कतिपय संभावित कारणहरुले पनि नागरिकको न्यायमा समान पहुँचलाई अवरोध पार्न सक्दछ ।

### मानव बेचबिखनका पीडित र न्यायमा पहुँच

राष्ट्रिय मानव अधिकार आयोगबाट भरखरै प्रकाशित सन २०१८ को मानव बेचबिखन सम्बन्धी प्रतिवेदन अनुसार नेपालमा करिब ३५ हजार व्यक्ति बेचबिखनमा परेको र १५ लाख जोखिममा रहेको तथ्य सार्वजनिक भएको छ । यो संख्या विगतका प्रतिवेदनको तुलनामा आश्चर्यजनक रुपमा बढेको देखिन्छ । तर त्यसमध्ये उजुरी दर्ता गरी अदालतसम्म आइपुग्ने मुद्दा संख्या प्रतिवर्ष करिब ३०० देखि ४०० को हाराहारीमा मात्र रहेको छ । विश्वमा करिब १५० मिलियन मानिसहरु बेचबिखनमा परेकोमा र त्यसको ०.४ प्रतिशत मात्र कानुनको दायरामा आउने तथ्यांक छ ।

यसको मतलब हो कि सबै पीडितले उजुरी दिन तत्परता देखाउँदैनन् । यसका थुप्रै कारणहरू छन् । यसको प्रमुख कारणमा जाहेरी दिन आउने पीडित पक्षलाई प्रोत्साहित गरिनुको सट्टा दुरुत्साहित हुने वातावरण एकातिर छ भने अर्कोतिर न्यायमा सहज पहुँच उपलब्ध गराउन सकिएको छैन ।

बेचबिखनमा परेर आर्थिक रुपमा धरासायी तथा शारीरिक र मानसिक रुपले विक्षिप्त भएर बसेको बेला कहाँ जाने, के गर्ने, कसलाई भन्ने जस्ता कुराहरुको सही जानकारी नपाउने भएबाट पीडितहरु गम्भीर समस्यामा पर्दछन् । कानुनी कार्वाहीमा गइहाले पनि निम्न लिखित समस्याहरु उनीहरुको सामुन्नेमा रहने गरेका छन्:

१. परिवार तथा नातेदारबाट जाहेरी दर्ता गर्न हौसला नदिइनु ।
२. ईज्जत, मर्यादा, सामाजिक कलंक जस्ता कुराहरुलाई बढावा दिइनु ।
३. जाहेरी दर्ता गर्न पैसा लाग्दैन, वकिल चाहिँदैन, प्रहरीले नै जाहेरी लेखी दर्ता गरिदिन्छन् भन्ने जस्ता सामन्य कुराहरुको जानकारीको अभाव हुनु ।
४. सामाजिक परिवेश पनि असहयोगी रहनु ।
५. धेरैजसो छिःछिः दूरदूर गर्ने, कसैले मद्दत नगर्ने, सबै गल्ती र दोष बेचिने माथि थोपर्ने सामाजिक परिवेश ।
६. प्रहरी कार्यालय, चौकीमा पीडितको गोपनीयताको सुरक्षा नहुने ।
७. पीडितमाथि हँसिमजाक गर्ने प्रवृत्ति र हेयको दृष्टिले हेर्ने चलन ।
८. पीडितको आत्मसम्मानमा ठेस पुग्ने खालका बोली व्यवहार गरिने संभावना रहनु ।
९. कतिपय अवस्थमा अधिकारीहरुबाट जाहेरी लिन निरुत्साहित गरिनु ।

१०. उचित कानुनी बाटो देखाई सहयोग गर्नुको साटो जटिलता देखाई फिर्ता पठाई दिनु ।
११. पीडितले भय, लाज, संकोच र डरले सबै व्यहोरा दुरुस्त बताउन नसक्नु ।
१२. घटनाबारे प्रष्ट भन्न नसक्दा र उजुरी लिनेले निरुत्साहित गर्ने संभावना रहनु ।
१३. प्रहरीबाट प्रमाण मागिनु, प्रमाण पेश गर्न नसक्नुको कारण त्यत्तिकै फिर्ता गरिदिनु ।
१४. नेपाली भाषा बोल्न नजान्ने पीडितको हकमा अनुवादकको अभाव हुनु ।
१५. भौगोलिक रुपमा टाढा बस्ने पीडितहरुको हकमा जाने आउने खर्च जस्ता कुराहरुको समस्या हुनु ।
१६. लेखपढ गर्न नजान्ने पीडितको हकमा दस्तखत गर्नुपूर्व आफूले विश्वास गरेको मान्छेबाट पढ्न सुन्न पाइने व्यवस्थाको अभाव हुनु ।
१७. पीडितको हकमा अन्य कसैले जाहेरी लिएर आएको छ भने दर्ता गर्न कठिनाई हुनु ।
१८. जाहेरी दरखास्त कुनै व्यक्ति मार्फत पठाइएको खण्डमा त्यस्ता व्यक्तिलाई उचित रेस्पोन्स नगर्नु ।
१९. पीडित र साक्षीको सुरक्षा हुन्छ भन्ने कुराको ग्यारेन्टी गर्न नसक्नु ।
२०. पीडितमैत्री वातावरणको अभाव रहनु ।
२१. उद्धार भै आएका पीडितको संरक्षण नै पहिलो सवाल भएकोमा उजुरीमा ढिलाइ हुनु ।

यी र यस्तै अनेकन समस्याहरु भोल्नु पर्ने हुनाले यस्ता अपराधको अनुसन्धानमा थुप्रै व्यवहारिक समस्याहरु रहेका छन् । पीडित केन्द्रित न्यायका लागि कानुन कार्यान्वयनको निकायमा रहनेहरुले गम्भिरताकासाथ पीडितको समस्या बुझी आफ्नो कर्तव्य निर्वाह गर्नु अति नै आवश्यक देखिन्छ ।

**न्यायमा सहज पहुँचका लागि हाम्रो दायित्व**

१. नागरिक बडापत्रको प्रयोग
२. सहायता कक्षको व्यवस्था र परामर्श सेवा
३. पालो प्रणालीको अवलम्बन
४. पारदर्शी कार्य सम्पादन प्रक्रियाको अवलम्बन
५. शीष्ट व्यवहार, परम्परागत कार्यशैलीको परिवर्तन
६. सेवाग्राहीको उजुरी तथा गुनासो सुनुवाईको प्रबन्ध
७. सुझाव पेटिकाको प्रभावकारी प्रयोग
८. प्राप्त भएका सुझावलाई सम्बोधन
९. नागरिक सेवाग्राही अन्तर-सम्वाद
१०. सरोकारवालासँगको सहकार्य
११. कर्मचारीहरुमा समूहगत भावनाको विकास
१२. सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग
१३. नगरिक समाजसँगको समन्वय र सहकार्य
१४. कमजोर र पिछडिएका वर्गको संरक्षण
१५. नागरिक शिक्षा र चेतनाको विकास
१६. सेवाग्राही मैत्री वातावरण

मानव बेचबिखनमा परेका पीडितको न्यायमा पहुँचको लागि निम्नलिखित अधिकारहरु महत्पूर्ण रहेका छन् । त्यस्ता पीडित र तिनको न्याय सम्बन्धी कार्यमा संलग्न सरोकारवालाहरुले पीडितलाई यी अधिकारको प्रत्याभूति दिलाउन तलका विषयमा हर हमेशा ख्याल गर्नु आवश्यक हुन्छ ।

१. आफू पीडित भएको अपराधको अनुसन्धानको जानकारी पाउने अधिकार
२. मुद्दाको कारवाहीको जानकारी पाउने अधिकार
३. अपराधबाट पुगेको क्षतिको सम्बन्धमा आफैले अदालतमा उजुरी गर्न पाउने अधिकार
४. सुनुवाईका प्रत्येक चरणमा सहभागिताको अधिकार
५. सुरक्षा तथा संरक्षणको अधिकार
६. कानुनी परामर्शको अधिकार
७. मनोवैज्ञानिक परामर्शको अधिकार
८. शारीरिक उपचारको अधिकार
९. गोपनीयताको अधिकार
१०. सामाजिक पुर्नस्थापनाको अधिकार
११. पीडित अनुकूल वातावरणमा न्याय पाउने अधिकार
१२. कानुनी सहायताको अधिकार
१३. अन्तरिम राहत (क्षतिपूर्तिको) अधिकार
१४. क्षतिपूर्ति सहितको न्याय पाउने अधिकार
१५. क्षतिपूर्ति भरी भराउमा प्राथमिकताको अधिकार
१६. पीडक असमर्थ रहेकोमा पीडित राहत कोषबाट राहत ।
१७. दोभाषे वा सांकेतिक भाषाविद् राख्न पाउने अधिकार
१८. बन्द इजलासबाट सुनुवाई गरी पाउने अधिकार
१९. पारिवारिक पुनर्मिलनको अधिकार
२०. पीडकले क्षतिपूर्ति नतिरेमा कैद गराउन पाउने अधिकार
२१. अभियुक्तलाई मुद्दा नचलाइएकोमा सोको कारण सहितको जानकारी पाउने अधिकार ।

२२. पीडित जाहेरवाला रहेको र निजको मृत्यु भएकोमा निजको हकवालाले मुद्दा सकार गरी बिगो वा क्षतिपूर्ति भराई पाउने अधिकार ।

मानव बेचबिखनमा परेका पीडितको न्यायमा पहुँचको लागि निम्नलिखित अधिकारहरु महत्पूर्ण रहेका छन् । त्यस्ता पीडित र पीडितको न्याय सम्बन्धी कार्यमा संलग्न सरोकारवालाहरुले पीडितलाई यी अधिकारको प्रत्याभूति दिलाउन तलका विषयमा हर हमेशा ख्याल गर्नु आवश्यक हुन्छ ।

**कानुन कार्यान्वयन गर्ने निकायमा रहनेहरुले लिनुपर्ने सजगता**

१. अनुसन्धान, अभियोजन तथा पूर्पक्षका सिलसिलामा उनीहरुको स्वेच्छिक उपस्थिति लगायत संरक्षणका अन्य उपायहरुका सम्बन्धमा विशेष ध्यान दिने ।

२. अदालतले पीडित तथा साक्षी खासगरी बालबालिका, वृद्ध नागरिक, अक्षम तथा यौन हिंसाको सिकार भएका व्यक्तिहरुको विशेष रुपमा संरक्षणका लागि आदेश जारी गर्न सक्दछ ।

३. पीडित तथा साक्षीहरु र तिनका परिवारहरु उपर पर्न सक्ने प्रतिकूल प्रभावबाट बचाउन पूर्पक्षका सिलसिलामा उनीहरुको बारेमा आवश्यक गोपनीयता कायम गर्न पर्ने र खासगरी यौनहिंसाबाट शिकार भएका पीडितहरुको हकमा विशेष सतर्कता अपनाउनु पर्ने ।

४. वयान बकपत्र गराउँदा audio-visual technology, video conferencing, closed-circuit television को प्रयोग गर्ने

**पीडित तथा साक्षी सहायता**

१. उक्त इकाइले, अभियोक्ताको कार्यालयको परामर्शमा, अदालत समक्ष उपस्थित भएका साक्षीहरु, पीडितहरु र त्यस्ता साक्षीहरुले साक्षी बकेका कारणले जोखिममा परेका अन्यलाई संरक्षणात्मक उपाय र सुरक्षाको बन्दोबस्त, परामर्श र अन्य उपयुक्त सहायता उपलब्ध गराउने ।

२. इकाईले अदालत समक्ष उपस्थित हुनु पर्ने पीडित तथा साक्षीहरुको लागि आवश्यक पर्ने भौतिक तथा मनोवैज्ञानिक सहयोग वा परामर्श उपलब्ध गराउनु पर्दछ ।

३. इकाईमा पीडित तथा साक्षीहरुको सहयोग तथा परामर्शका लागि विशेषज्ञ रहने ।

४. प्रभावकारी संरक्षणका लागि इकाईमा कार्यरत कर्मचारीहरुलाई त्यस सम्बन्धी तालिम दिनुपर्ने, लैङ्गिक तथा बालबालिका सम्बन्धी इकाईको स्थापना गर्नुपर्ने कुराहरुको उल्लेख गर्नुका साथै संरक्षण गर्नुपर्ने ।

५. पीडित इकाईका कर्मचारीबाट पीडितलाई परामर्श र आवश्यक सहयोग गर्ने ।

६. पीडितले क्षतिपूर्ति पाउने सरल व्यवस्था गर्ने ।

७. पीडितको पूर्व चरित्रलाई प्रतिवादीले सफाई पाउने आधार बनाउन हुँदैन तथा पीडितको चरित्रलाई प्रमाणको रूपमा ग्रहण गर्न हुँदैन ।

८. फौजदारी मुद्दाको जिरह गर्दा पीडितलाई अनावश्यक हैरानी हुनबाट रोक्नु पर्दछ ।

९. पीडितहरूका कुनै सर-सामानहरू भए त्यसको सुरक्षा गर्ने ।

**पीडित मैत्री अदालत**

**पीडित मैत्री** पीडित मैत्री अदालतको अवधारणा एउटा बहुपक्षीय दृष्टिकोण भएकोले फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, पीडितको स्वास्थ्य परीक्षण र अदालती कारवाहीमा समेत पीडित मैत्री वातावरण हुन आवश्यक छ ।

**कार्यशैली र पूर्वाधार** पीडित मैत्री अदालतको स्थापना यसको अनिवार्य शर्त हो । यसका लागि पीडित मैत्री व्यवहार, कार्यशैली र पूर्वाधारको आवश्यकता पर्दछ ।

**परामर्श** पीडितहरूलाई उनीहरूमाथि परेको पीडाबाट मुक्ति दिलाउन मनोसामाजिक परामर्श दिने व्यवस्था गर्नु पर्दछ ।

**उपचार** पीडितलाई शारीरिक घाउचोट वा अपराधका कारणबाट उत्पन्न भएका गम्भीर रोग तथा स्वास्थ्य समस्याहरूको लागि उपचारको व्यवस्था अदालतले मिलाउनु पर्ने हुन्छ ।

**जानकारी** समुदायमा अदालत (Judicial outreach) कार्यक्रम अन्तर्गत पीडितहरूका अधिकारको संरक्षण र आवश्यकताको सम्बोधन गर्न अदालतले गरेका व्यवस्थाहरू बारे समुदायलाई जानकारी दिलाउनु पर्दछ

**प्रशिक्षण** पीडितहरू प्रति गरिने व्यवहार, उनीहरूको आवश्यकताको सम्बोधन तथा पीडित मैत्री वातावरणको स्थापना गर्न न्यायाधीश लगायत सम्पूर्ण सरोकारवालाहरूलाई प्रशिक्षण दिनु पर्दछ ।

**टेलिफोन** पीडितका लागि चौबिसै घण्टा उपलब्ध हुने सम्पर्क टेलिफोन नम्बर दिने ।

**जानकारी** पीडितका अधिकारहरू र पीडितका अधिकारको संरक्षणका लागि अदालतमा भएका व्यवस्था, कार्यविधि र कानुनहरूबारे समुदायलाई जानकारी दिने ।

**गलत अवधारणा हटाउने** अदालत पीडित प्रति संवेदनशील छ भन्ने लगायत न्यायमा पीडितको पहुँचका सम्बन्धमा तथा अदालतबारे सर्वसाधारणमा रहेका गलत अवधारणा हटाउने ।

**क्षतिपूर्ति** पीडितलाई क्षतिपूर्ति सम्बन्धी व्यवस्था र सो प्राप्त गर्ने तरीकाबारे जानकारी दिने ।

**अधिकारबारे जानकारी** पीडितका संवैधानिक र कानुनी अधिकारबारे जानकारी दिने ।

पीडितको उपचार र मनोसामाजिक **परामर्श दिने संस्थाहरू**बारे जानकारी दिने ।

अदालतबाट पीडितलाई उपस्थित हुन **तोकेको मिति र समय** सम्बन्धी जानकारी दिने ।

अभियुक्त **थुनामा रहेको, छुटेको वा सफाई पाएको जानकारी** दिने ।

पीडितको संरक्षण गर्ने, बसोबास र अन्य **सेवा प्रदायक संस्थाबारे जानकारी** दिने ।

अदालतको **कुन कुन कारवाहीमा पीडित उपस्थित हुनु पर्ने हो** सो को जानकारी दिने ।

पीडितको साक्षी परिक्षण गर्न भिडियो कन्फरेन्स वा अन्य **प्रविधिको प्रयोग गर्ने** र सो सम्भव नभएमा पर्दा लगाई आवश्यक प्रबन्ध गर्ने ।

पीडितको मुद्दाको कारवाहीको सबै चरणमा **संचार माध्यमको प्रवेशलाई निषेध** गर्ने ।

विशेष प्रकृतिका मुद्दाको कारवाहीमा **परिचयात्मक विवरण गोप्य राख्ने** निर्देशिका २०६४ को प्रभावकारी कार्यान्वयन गर्ने ।

**बन्द इजलास**बाट मुद्दाको सुनुवाई गर्ने ।

### पीडित मैत्री वातावरण निर्माण

१. अदालतमा पीडितको अदालत प्रवेश र प्रस्थानको समय निर्धारण गर्ने ।
२. अदालतमा पीडितलाई प्रतिवादीसँग प्रत्यक्ष नगराई अप्रत्यक्ष गराउने व्यवस्था मिलाउने ।
३. पीडित साक्षी संरक्षण कक्षको स्थापना गर्ने ।
४. साक्षी संरक्षण कक्षको वातावरण पीडित मैत्री हुनु पर्ने ।
५. भिडियो कन्फरेन्स वा अन्य सूचना प्रविधिको प्रयोग गर्ने ।
६. पत्रकार वा सञ्चार माध्यमको प्रवेश निषेध गर्ने ।
७. पीडितप्रति अदालत संवेदनशील छ भन्ने अनुभूति दिलाउने प्रयास गर्ने ।
८. पीडितले आफ्नो पिरमर्का गूनासो खुलस्तरूपमा व्यक्त गर्न सक्ने वातावरण तयार गर्नु पर्ने ।
९. पीडितलाई आराम वा उपचार भएपछि मात्र बयान र बकपत्र गराउने ।
१०. पीडितको वरिपरी भिडभाड भएमा शान्त र एकान्त वातावरण निर्माण गरी पीडितसँग बयान र बकपत्र वा अन्य कार्य गर्ने ।
११. अन्य मुद्दाको सुनुवाई भइरहेको भएपनि सो रोकी पीडितसँग बयान र बकपत्र गराउने ।

### पीडितसँग सम्मानजनक र मानवोचित व्यवहार

१. पीडितसँग सहानुभूति र आदरपूर्वक व्यवहार गर्नुपर्छ ।
२. पीडितलाई हौसला दिने, सम्झाउने, ढाडस दिने र भविष्य प्रति आश्वस्त बनाउने खालको सल्लाह र परामर्श दिने ।
३. पीडितलाई अपमान बोध हुने खालको र असान्दर्भिक प्रश्न सोध्न नहुने ।
४. अनावश्यक रूपमा पीडकसँग भेट गराउने, आमने सामने गराउने र वादविवाद गराउन नहुने ।
५. पीडित मैत्री भाषाशैलीको प्रयोग गर्ने ।
६. पीडितको बकपत्र गराउँदा सरल र प्रष्ट भाषामा प्रश्न सोध्नु पर्दछ ।

### पीडित साक्षीको परिक्षण गर्दा विचार गर्नुपर्ने कुराहरू

१. पीडितको बकपत्रका लागि मिति, समय निश्चित गर्दा वा तोक्दा अन्य मुद्दाका साक्षीहरूको बकपत्र गर्ने, मुद्दा सुनुवाई गर्ने तथा मानिसको भिडभाड हुने अवस्था सृजना नहुने गरी अदालतले समय व्यवस्थापन गर्नुपर्छ ।
२. अदालतमा बकपत्रका लागि पीडित उपस्थित भएपछि निज बस्ने, आराम गर्ने तथा निजको बकपत्रको काम छिटोछरितो रूपमा सम्पन्न हुने पूर्व तयारी अदालतले गरेको हुनुपर्दछ ।
३. पीडितलाई लगातार लामो अवधिसम्म साक्षीको रूपमा परीक्षण गर्न हुँदैन । एक पटकमा कति समय सोधपुछ गर्ने, कति समयको विश्राम दिने

हो, पीडित महिला एवं बालबालिकाहरुको उमेर, शारीरिक एवं मानसिक विकासको अवस्था बुझी मनासिव विश्राम दिने गर्नुपर्छ ।

४. सत्य जवाफ आउन सक्ने गरी सरल र प्रष्ट रूपमा प्रश्न सोध्नुपर्छ । क्लिष्ट भाषाको प्रयोग गर्नु हुँदैन ।

५. पीडितको मानसिक अवस्थासँग मेल खाने प्रश्न सोध्नुपर्छ ।

६. पीडितलाई हैरानी वा अप्ठ्यारो हुने, झिँझ्याउने र अलमल पार्ने किसिमको प्रश्न सोध्न हुँदैन ।

७. यथासम्भव छोटो समयमा सोधपुछको काम सकाउनुपर्छ ।

८. पीडितहरूलाई साक्षीको रूपमा परीक्षण गर्दा अभियुक्तको उपस्थितिका कारणबाट पीडित भयभित, त्रसित हुने मनासिव कारण भएमा निजले अभियुक्तलाई नदेख्ने गरी पर्दा वा अरू कुनै छेकबारको व्यवस्था मिलाएर अभियुक्तको उपस्थिति अप्रत्यक्ष तुल्याएर पनि परिक्षण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

९. बालबालिकालाई साक्षीको रूपमा परीक्षण गर्दाको अवस्थामा ईजलासको वातावरण यथासम्भव अनौपचारिक ढंगको बनाउनु पर्दछ ।

१०. ईजलासको भौतिक व्यवस्थापन उपयुक्त छ, छैन ? पीडित र साक्षी मैत्री वातावरण कायम गर्न सुधारका सम्भावनाहरू के के छन् ? विचार गरी मुद्दाको कारवाही प्रक्रिया सुरू हुनुभन्दा पहिले नै आवश्यक व्यवस्था मिलाउनु पर्दछ ।

११. ईजलासमा कर्मचारीहरूको व्यवस्थापन गर्दा पीडित महिला र बालबालिकाप्रति संवेदनशील, सरल र शिष्ट स्वभाव भएका तथा पीडित महिला, बालबालिकाको हित संरक्षण सम्बन्धी तालिम प्राप्त व्यक्तिहरू मध्येबाट खटाउनु पर्दछ ।

*(लेखक उच्च अदालत पाटनमा न्यायधिस हुनुहुन्छ ।)*

दोहोरी गीत

# दिनहुँ आउने ग्राहकलाई चिन न

नाच्ने गाउने झन राम्रो तलब
अझै किन भइराछौ जलब
माटो काटी चपली आलिमा
धौ जोरी नखोज ए कान्छी परौलानी यही ज्यानको पालिमा

गाउने नाच्ने छ मेरो विद्या
कस्तो खालको छ त नि सुविधा

दिनहुँ आउने ग्राहकलाई चिन न
भन्छन् पैसा दिन्छु एक रात हिंड न

जस्तोलाई नि दोहोरीमा लिन्छ्यौ र
नियम अनुसार तलब दिन्छ्यौ र

काम होइन शरिर नि चाहिन्छ
रुप छैन तलब के पाईन्छ

जस्तालाई नै मैले नि हेरदिन
कला बेच्छु इज्जत बेच्दिन

राम्रो राम्रो केटीलाई झिकाउँछु
बढी बोले कामबाट निकाल्छु

जोसँग नि टकर दिने हो
काम गरेसी तलब लिने हो

न त राम्रो काम केही गऱ्या छ
छैन ग्राहक आम्दानी झऱ्या छ

काम अनुसार तलब चाहिन्छ
बिना गल्ती निकाल्न कहाँ पाइन्छ ।

दिन्न कार्ड काम राम्रो चाहिन्छ
तिमी जस्तो जति नि पाइन्छ

तलब नदिए पुलिसकहाँ धाउँछु नि
कार्ड बनाईदेउ ढुक्कसँग आउँछु नि ।

टौसिनु त दोहोरीको पाटो हो
ग्राहकहरु पल्काउनी बाटो हो ।

तिमी जस्तो साहूलाई धिक्कार
दुर्व्यवहारको भाको छु सिकार

नबोलेसी गेष्टहरु कराउने
भित्र भित्र नराम्रो काम गराउने ।

पीडित सबलाई साथ सहयोग दिनलाई
जान्छु अब अधिकार लिनलाई

*(मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूले आफ्ना भोगाईहरूलाई आधार बनाई लेख्नु भएको)*

# नेपालमा मानव बेचबिखनको विद्यमान अवस्था



✍ यशोदा बन्जाडे

मानव बेचबिखन विश्वमा सबैभन्दा निन्दनीय शोषण मध्ये एक हो । नेपालमा मानव बेचबिखनलाई यौन शोषणसँग जोडेर हेर्ने गरिन्थ्यो । मानव बेचबिखनको शुरुवातलाई हेर्ने हो भने लिच्छवी र मल्ल कालदेखि शुरु भएको मानिन्छ । दास दासीको प्रथा र शाह वंशीय तथा राणा शासन कालमा बालिका तथा किशोरीहरुलाई श्री ३ राणा महाराजाहरूको दरबारमा भित्रिनी, नर्तकी र गवैया बनाउनका लागि ल्याउने तथ्य हाम्रा इतिहासको घटनाक्रमले देखाउँछ । हाल यसका प्रवृत्ति र आयामहरुमा परिवर्तन आएको पाइन्छ ।

नेपाल हाल मानव बेचबिखनको लागि स्रोत, गन्तव्य तथा मार्ग मुलुकको रुपमा विकास भएको विभिन्न अध्ययन तथा घटनाक्रमहरुले देखाएको छ । हाल मानिसहरु (महिला, बालबालिका तथा पुरुषहरु) लाई विभिन्न उद्देश्यहरू जस्तै श्रमिकको रुपमा, नक्कली विवाह, पर्यटन भिषा, घुमफिर, शैक्षिक परामर्श (अध्ययनको लागि) मनोरञ्जनको लागि, शरीरको अङ्गहरु झिक्ने, वैदेशिक रोजगारको निहुँमा, बाँधा मजदूरको रुपमा आदि विभिन्न उद्देश्यले ललाई फकाई, प्रलोभन देखाएर, डर-धम्की देखाएर, नक्कली कागजात बनाएर आफ्नै देशभित्र र अन्तर्राष्ट्रिय सिमापारी पुग्न बाध्य भएका तथा पुऱ्याइएका प्रशस्त घटनाहरू छन् ।

देशभित्रको मानव बेचबिखन तथा ओसारपसारको अवस्थालाई हेर्ने हो भने मनोरञ्जन तथा सत्कार पेशा व्यवसाय, खाजा घर, होटल, ईंट्टाभट्टा आदिमा मानिसहरुलाई विशेषगरी महिला तथा बालबालिकाहरुलाई नियन्त्रणमा लिएर यौन शोषण तथा बाध्यकारी श्रममा प्रयोग गरेको पाइन्छ । मनोरञ्जन क्षेत्रमा काम गर्ने पुरुष तथा महिलाहरु श्रम शोषण तथा यौन दूर्व्यवहारमा पर्ने गरेको घटनाहरु जानकारीमा आएतापनि त्यसलाई हाम्रो समाजले बेचबिखन तथा शोषणको रुपमा लिन अस्वीकार गरेको देखिन्छ ।

मानव बेचबिखनको विद्यमान अवस्थामा आन्तरिक बेचबिखनको अलावा भारतमा यौन व्यवसाय, श्रमिकको रुपमा, बालविवाह तथा र चीनमा विवाह, सांस्कृतिक कार्यक्रमको नाममा, सञ्जाल व्यवसायको नाममा, आर्केष्ट्रामा नाच्नका लागि, घुमफिरका नाममा, शैक्षिक परामर्शको एजेन्टका रुपमा, मनोरञ्जन क्षेत्रमा रोजगार दिलाउने बहानामा समेत बेचबिखन तथा ओसारपसार भइरहेको विभिन्न घटनाक्रम, संचार माध्यम तथा अध्ययन् अनुसन्धान तथा राष्ट्रिय मानव अधिकार आयोगको मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदनहरूले देखाउँदछ । त्यस्तै वैदेशिक रोजगारको नाममा गैरकानुनी तवरले जाने त छँदैछ कानुनी तवरले जाँदा समेत कतिपय अवस्थामा नेपालबाटै ठगिएको घटनाहरू धेरै छन् । जबकि एक कामको लागि भनी नेपालमा सम्झौता गरी श्रम अनुमति समेत लिएर गएकोमा गन्तव्य मुलुक नपुग्दै उक्त सम्झौतालाई बीच बाटोमै च्यात्ने, तोकेको पारिश्रमिक नदिने, गन्तव्य मुलुकमा गएपछि अर्कै काममा लगाउने, श्रमिकको भर्ना प्रक्रियामा सक्कली राहदानी, स्वास्थ्य बिमा-पत्र, प्रस्थान पूर्वको अभिमूखिकरण तालिम र श्रमिक र रोजगारदाताबीचको सम्झौता हुनुपर्नेमा सो प्रक्रिया नपुऱ्याई वैदेशिक रोजगारको नाममा छलछाम गरी नेपालकै बाटो तथा अन्य मुलुकहरूको बाटोबाट लग्ने प्रक्रियामा समेत मानव बेचबिखनको सवाल उब्जिएको छ ।

हालको परिवेशमा महिलाहरू मात्र नभई पुरुष समेत मानव बेचबिखनको जोखिममा रहेका छन् । मानव बेचबिखनले यौन कार्य र मानव अङ्गको बेचबिखनलाई मात्र जनाउँदैन, बलपूर्वक लगाइएको श्रम जसमा श्रममा लगाउने व्यक्तिले लाभ प्राप्त गरेको हुन्छ, श्रमिक रोजगारदाताको नियन्त्रणमा रहेको हुन्छ र उक्त कार्यले दासत्वलाई अंगीकार गरेको हुन्छ, त्यस्तो कार्य समेत बेचबिखन अन्तर्गत पर्दछ ।

देशभित्र होस् वा बाहिर विश्वको जुनसुकै कुनामा रहेतापनि कुनै पनि व्यक्ति (महिला, बालबालिका तथा पुरुष) हरूलाई जुनसुकै काम तथा प्रयोजन जसको निजको व्यक्तिगत मर्यादा तथा नैसर्गिक अधिकारमा आँच आउने गरी बलपूर्वक, प्रलोभनमा पारेर, डर देखाएर, फकाएर वा दबाबमा पारेर, धोका तथा छलकपट गरेर शोषण हुन्छ भने उक्त कार्य मानव बेचबिखन नै हो ।

मानव बेचबिखनको परिभाषा अझ विस्तृत रुपमा भन्नुपर्दा "कुनै पनि मानिसलाई देशभित्र वा बाहिर, आर्थिक लाभ वा अन्य लाभ लिने उद्देश्यले ललाई फकाई वा डर, बल प्रयोग गरी वा दबाब दिई, अन्य प्रकारले जोरजुलुम गरी वा अपहरण गरी वा छलकपट गरी वा धोका दिई वा अधिकारको दुरुपयोग गरी वा जोखिम अवस्थाको फाइदा लिई वा प्रलोभनमा पारी वा अन्य कुनै तरिकाले परिपञ्च मिलाई नियन्त्रणमा राख्ने व्यक्तिले नियन्त्रणमा रहेको व्यक्तिको स्वीकृति लिई वा नलिई जुनसुकै किसिमले शोषणको लागि ओसारपसार वा भर्ना वा किनबेच वा स्थानान्तरण (हस्तान्तरण) वा आश्रय प्रदान गर्नु वा व्यक्तिलाई आफ्नो नियन्त्रणमा लिनु वा त्यस्तो गर्ने व्यक्तिलाई सहयोग पुऱ्याउनु भन्ने बुझिन्छ' - (मानव बेचबिखन (विशेष गरी महिला तथा बालबालिका सम्बन्धी) राष्ट्रिय प्रतिवेदन २०६३-६४, राष्ट्रिय मानव अधिकार आयोग, नेपाल) ।

त्यस्तै, अन्तर्देशीय अपराध सम्बन्धी महासन्धी २००० - पार्लेमो प्रोटोकलको पूरकका रुपमा प्रस्तुत महिला तथा बालबालिकाको बेचबिखन/ओसारपसारको रोकथाम, थिचोमिचो, तथा सजाय सम्बन्धी संयुक्त राष्ट्रसङ्घीय आलेख (प्रोटोकल) २००० को परिभाषा अनुसार-

क) कुनै व्यक्तिको किनबेच गर्ने वा सो को प्रयत्न गर्ने,
ख) भर्ना : बेचबिखन/ओसारपसारको उद्देश्यले मानिसहरुको भर्ना गर्ने,
ग) ओसारपसार : बेचबिखन/ओसारपसारका लागि देशभित्र वा बाहिर, (कुनै व्यक्तिको) भौतिक ओसारपसार वा स्थानान्तरण,
घ) कानुनी वा गैरकानुनी बसाईंसराइ - कानुनी वा गैरकानुनी कुनै पनि तरिका/अवस्थामा कुनै पनि व्यक्तिको बेचबिखन/ओसारपसार हुन सक्छ,
ङ) किन्ने, बेच्ने, ओसारपसार वा स्थानान्तरण गर्ने- बेचबिखन/ओसारपसारकर्ताले यी मध्ये एक वा बढी तरिकाहरु अपनाउन सक्छ,
च) धोका - बेचबिखन/ओसारपसारकर्ताले कसैको कमजोर अवस्थाको फाइदा उठाउँछन्,
छ) डरत्रास, धम्की वा करकाप वा शक्ति/अधिकारको दुरुपयोग - भौतिक वा मनोवैज्ञानिक,
ज) ऋण बन्धक - बेचबिखन/ओसारपसारका पीडित व्यक्ति ऋण बन्धकको अवस्थामा पर्न सक्छन्,
झ) दासतापूर्ण श्रम वा सेवा-घरेलु, यौन वा प्रजनन् सम्बन्धी, र
ञ) पराई विदेशी समुदाय - पीडित व्यक्तिलाई निजको घरपरिवार र कहिलेकाहीं समभाषी समूहबाट अलग्याइन्छ,

यस्ता कार्यहरू मानव बेचबिखन अन्तर्गत पर्दछन् भनिएको छ । नेपालको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१) अनुसार मानव बेचबिखन भन्नाले कुनै उद्देश्यले मानिस बेच्ने वा किन्ने, ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानून बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने र वेश्यागमन गर्ने यस्तै दफा ४(२) मा किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, ख) वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, झुक्याई, जालसाजी गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्य मानव बेचबिखन अन्तर्गत पर्दछ भनिएको छ । मानव बेचबिखन कुनै एक समुदाय तथा देशमा मात्र सीमित नरही विश्वको हरेक कुनामा यसको जालो फैलिएको छ । साधारणतया मानव बेचबिखनमा बेचबिखनकर्ताले आर्थिक लाभ लिनका लागि मानिसहरूलाई शोषणमा पारेका तथा गरेका हुन्छन् । मानव बेचबिखनबाट पीडितहरुले आधारभूत मानव अधिकारको प्राप्तिबाट बञ्चित हुन्छन् । मानव बेचबिखनमा मुख्यत :

क) मानिसहरुको स्वतन्त्रता तथा व्यक्तिको सुरक्षाको अधिकार,
ख) बाँच्न पाउने अधिकार,
ग) दासता तथा श्रम शोषण विरुद्धको अधिकार,
घ) यातना, क्रुर अमानवीय वा अपमानजनक व्यवहार विरुद्धको अधिकार,

ङ) लैङ्गिक हिंसा विरुद्धको अधिकार,
च) आवतजावत गर्न पाउने अधिकार,
छ) स्वास्थ्य सम्बन्धी अधिकार,
ज) सुरक्षित वातावरणमा काम गर्न पाउने अधिकार,
झ) पारिवारिक पुनर्मिलनको अधिकार
ञ) सामाजिक सुरक्षाको अधिकार
ट) यौन शोषणबाट संरक्षित हुन पाउने अधिकार
ठ) सुरक्षित वासस्थानको अधिकार
ड) बालबालिकाहरूको हकमा विशेष संरक्षणका अधिकार
ढ) स्वदेश फिर्ती सम्बन्धी अधिकार
ण) संगठन सम्बन्धी अधिकारको हनन् हुनुका साथै वैयक्तिक अधिकारहरु जुन उसको आत्म सम्मानसँग जोडिएको हुन्छ त्यो कुण्ठित हुने गर्दछ ।

नेपालको संविधान २०७२ ले मानव बेचबिखनलाई संवैधानिक रुपमा नै निषेधित, दण्डनीय र पीडितलाई क्षतिपूर्ति सहितको अधिकारको सुनिश्चितता गरेको छ । संविधानको मौलिक हक अन्तर्गतका ९ वटा धाराहरू (धारा १७ स्वतन्त्रताको हक, धारा १८ समानताको हक, धारा २० न्याय सम्बन्धी हक, धारा २१ अपराध पीडितको हक, धारा २९ शोषण विरुद्धको हक, धारा ३३ रोजगारीको हक, धारा ३४ श्रमको हक, धारा ३८ महिलाको हक र धारा ३९ बालबालिकाको हक) प्रत्यक्ष रूपमा मानव बेचबिखन र दासतासँग सम्बन्धित रहेका छन् । यस बाहेक राज्यका नीतिहरूमा उल्लेखित व्यवस्थाहरूले पनि मानव बेचबिखनका सवाललाई सम्बोधन गरेको पाइन्छ ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने ऐन २०६४ मा मानव बेचबिखन नियन्त्रणका लागी प्रत्यक्ष रुपमा उल्लेख गरिएको छ । मानव बेचबिखन नियन्त्रण तथा रोकथामका लागि नेपाल सरकारले मानव बेचबिखन सम्बन्धी विभिन्न ऐनहरू, नियम तथा कार्यविधिहरू तथा नीति, कार्यक्रम र कार्ययोजनाहरू निर्माण गरेको छ । मानव बेचबिखन अन्त्यका लागि नेपालले संघीय, प्रदेश तथा स्थानीय तहमा विभिन्न निकाय तथा संयन्त्रहरूको व्यवस्था गरेको छ । त्यस्तै गरी, नेपाल सरकारले निर्माण गरेको दिगो विकास लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्गचित्र २०१६-२०३० मा मानव बेचबिखनको अन्त्यसँग सम्बन्धित लक्ष्यहरूलाई पनि उल्लेख गरिएको छ । हालैमात्र मानव बेचबिखन रोकथाम, नियन्त्रण र सजाय गर्ने संयुक्त राष्ट्र संघको आलेख (पार्लेमो प्रलेख) लाई अनुमोदन गर्न मन्त्रिपरिषदबाट निर्णय भई प्रक्रिया अगाडि बढेको अवस्था छ ।

राष्ट्रिय मानव अधिकार आयोगले सन् २००५ देखि नेपाल सरकारलाई विभिन्न समयमा मानव बेचबिखन नियन्त्रण तथा रोकथामका लागि नियमित रुपमा हरेक बर्ष मानव बेचबिखनको अवस्थाको सम्बन्धमा विश्लेषणात्मक र मानव अधिकारमुखी दृष्टिकोणका साथ प्रतिवेदन प्रकाशन गर्ने र सोही अनुसार सरकारका निकायहरुलाई जिम्मेवार बनाउने पहलहरू भइरहेको छ ।

मानव बेचबिखन नियन्त्रण तथा रोकथाम गर्न एवं मानव बेचबिखनका पीडितहरूको मानव अधिकारको संरक्षणका लागि राष्ट्रिय मानव अधिकार आयोगले मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन (सन् २०१३–२०१५) बाट गरिएका सिफारिस कार्यान्वयनका लागि नेपाल सरकारलाई निरोध (रोकथाम) सम्बन्धी १० वटा, संरक्षण सम्बन्धी १४ वटा, अभियोजन सम्बन्धी ६ वटा, सूचना, अध्ययन तथा अभिलेख सम्बन्धी ३ वटा गरी ३३ वटा बुँदाहरूमा सिफारिश गरेको थियो । त्यस्तै, मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन सन् २०१८ बाट गरिएका सिफारिसहरू कार्यान्वयनका लागि नेपाल सरकारलाई निरोध (रोकथाम) सम्बन्धी ५ वटा, संरक्षण सम्बन्धी ६ वटा, अभियोजन सम्बन्धी ६ वटा, क्षमता बिस्तार सम्बन्धी २ वटा, समन्वय र सहयोग ३ वटा गरी २२ बुँदाहरूमा सिफारिश गरेको थियो ।

हालैमात्र राष्ट्रिय मानव अधिकार आयोगबाट प्रकाशित मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन २०७६ बाट प्राप्त सिफारिस कार्यान्वयनका लागि राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकार र सरकारका सरोकारवाला निकायहरुलाई सिफारिश गरेको छ । सो प्रतिवेदनको सिफारिसहरू यस प्रकार रहेका छन् :

**क) नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

१. विदेशमा रहेका मानव बेचबिखन पीडित तथा बाध्यकारी श्रममा परेका व्यक्तिहरूको उद्धार, स्वदेश फिर्तीका लागि द्विपक्षीय र बहुपक्षीय सम्झौता तथा सहकार्यका प्रक्रियाहरू अगाडि बढाउन,
२. नेपालले मानव बेचबिखन नियन्त्रणका लागि आवश्यक कानुनी व्यवस्था गर्न अन्तर्राष्ट्रिय मापदण्डको रुपमा रहेको मानव बेचबिखन विशेष गरी महिला र बालबालिकामा हुने बेचबिखन रोक्न संयुक्त राष्ट्र संघीय आलेख, २००० को अनुमोदन पश्चात स्थानीयकरणको कार्ययोजना बनाउन,

३. घरेलु कामदारहरूको हक अधिकार संरक्षण गर्ने तथा वैदेशिक रोजगारीमा घरेलु श्रममा जाने नेपाली नागरिकहरूको संरक्षण तथा सहायताका लागि आइएलओ महासन्धि १८९ अनुमोदन गर्ने प्रक्रिया अगाडि बढाउन,

४. मानव बेचबिखन अन्त्यका सन्दर्भमा तथा अन्य सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगबाट भएका सिफारिसहरू उपर गरिएको कारबाही सम्बन्धमा नियमित रूपमा अनुगमन गर्न र प्रगति विवरण जानकारी गराउन ।

**ख) नेपाल सरकार, गृह मन्त्रालय**

१. मानव बेचबिखन विरुद्धको ब्यूरोको नियमावली लागू गरी यसलाई जिल्ला तहसम्म पुऱ्याउन कार्ययोजना बनाई लागू गर्न,

२. मानव बेचबिखन अपराध अनुसन्धानलाई बलियो बनाउन ब्यूरोमा कार्यरत प्रहरीहरूका लागि विशेष अनुसन्धान प्रशिक्षण सञ्चालन गर्ने व्यवस्था मिलाउन,

३. मानव बेचबिखन अपराधमा अनुसन्धान गर्न, पीडित सुरक्षाका लागि द्विपक्षीय तथा बहुपक्षीय सहकार्य गर्न सहजीकरण गर्न,

४. मानव बेचबिखन अपराधका उजुरी अनुसन्धान तथा घटना विवरणहरूको खण्डिकृत तथ्यहरू सहितको एकीकृत अभिलेख प्रणाली निर्माण गरी लागू गर्न, गराउन ।

**ग) नेपाल सरकार, परराष्ट्र मन्त्रालय**

१. विदेशस्थित नेपाली नियोगहरूलाई मानव बेचबिखन पीडित सहायताका लागि प्राथमिकताका साथ कार्य गर्न, त्यस्ता घटना थाहा भएमा नेपाल प्रहरी मानव बेचबिखन विरुद्धको ब्यूरोसँग समन्वय गर्न निर्देशन दिन,

२. कुटनीतिक नियोगका कर्मचारीहरूले कर्तव्य पालनाका क्रममा मानव बेचबिखनका आरोपीहरूलाई सहायता पुग्ने, संरक्षण प्रदान गर्ने गतिविधि नगर्न, नगराउन निर्देशन हुन ।

**घ) नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

१. वैदेशिक रोजगार ऐन तथा बालश्रम ऐन र जोखिमपूर्ण रोजगारीका क्षेत्रमा श्रम अडिट सम्बन्धी कार्यविधिमा मानव बेचबिखनका घटनाहरूको पहिचान र सम्बोधन सम्बन्धी व्यवस्थाहरू राख्ने गरी संशोधन तथा निर्माण गर्न,

२. वैदेशिक रोजगार विभाग र श्रम तथा व्यवसायजन्य स्वास्थ्य सुरक्षा विभागलाई नियमित रुपमा मानव बेचबिखन विरुद्धको ब्यूरो, नेपाल प्रहरी तथा राष्ट्रिय मानव अधिकार आयोग बीच समन्वय र सहकार्य गरी कार्य गर्न निर्देशन दिन,

३. रोजगारी तथा आपूर्ति श्रृंखलामा मानव बेचबिखन तथा बाध्यकारी श्रम पीडित भए नभएको जाँच गर्न, अनुगमन गर्न विशेष प्रशिक्षण सञ्चालन गर्न, निर्देशिकाहरू निर्माण गरी लागू गर्न,

४. वैदेशिक रोजगार बोर्डले प्रदान गर्ने उद्धार सहायताको व्यवस्था अभिलेखिकृत नभएका वा अन्य कुनै तरिकाले वैदेशिक रोजगारीमा गई बाध्यकारी श्रम तथा बेचबिखनमा परेकाहरूलाई उद्धार तथा सहायता प्रदान गर्न पनि प्रयोग गर्न सकिने गरी नियमावली र कार्यविधिहरू संशोधन गर्ने व्यवस्था मिलाउन,

५. स्थानीय रोजगारीका अवसरमा मानव बेचबिखनको जोखिममा रहेका, वा बेचबिखन पीडित तथा प्रभावितलाई पहिलो प्राथमिकतामा राख्न रोजगार सेवा तथा सूचना केन्द्रहरूलाई निर्देशन दिन ।

**ङ) नेपाल सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**

१. मानव बेचबिखन नियन्त्रण ऐन, २०६४ लाई मानव बेचबिखनमा समग्र कार्य, उद्देश्य र माध्यम समेट्ने गरी, संघीय संरचना अनुरुप संयन्त्रहरूको गठन तथा परिचालन, पीडितको उद्धार तथा जोखिम समूहको सम्बोधनको समेत व्यवस्था राखी संशोधन गर्ने प्रक्रिया अगाडि बढाउन,

२. मानव बेचबिखन पीडितहरूको उद्धार, सहायता, स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना एवं जोखिम समूहको पहिचान र सम्बोधन सम्बन्धी नीति तथा कार्यविधिहरू तय गर्न र कार्यान्वयन गर्न,

३. संघीय, प्रदेश तथा स्थानीय तहसम्म मानव बेचबिखन पीडित सहायता कोष स्थापना गर्न र पीडितहरूको दिगो पुनर्स्थापनाका लागि सहायता प्रदान गर्ने व्यवस्था मिलाउन,

४. प्रत्येक प्रदेश तहमा न्यूनतम एक महिला, एक पुरुष, एक बालबालिका तथा एक विक्षिप्त अवस्थाका मानव बेचबिखन पीडित सुरक्षा आवास तथा पुनर्स्थापना केन्द्र सञ्चालन गर्न, गराउन,

५. गैसस तथा अन्य निजी क्षेत्रबाट सञ्चालित पुनर्स्थापना केन्द्र, अस्थायी आवास, उद्धार तथा मानव बेचबिखन रोकथामका गतिविधिहरूको नियमित (न्यूनतम अर्ध-वार्षिक) प्रतिवेदन लिन र एकीकृत प्रतिवेदन निर्माण र सार्वजनिक व्यवस्था गर्न,

६. मानव बेचबिखनमा कार्यरत स्थानीय संस्था, समूह तथा सामाजिक कार्यकर्ताहरूलाई मानव अधिकारमुखी कार्यक्रम, पीडित सहायता सम्बन्धी प्रशिक्षण प्रदान गर्ने व्यवस्था मिलाउन ।

**(च) प्रदेश सरकारहरू**

१. प्रत्येक प्रदेशमा मानव बेचबिखनको अनुगमन, कार्यक्रम समन्वय र कार्यान्वयन गर्न, पीडित सहायता गर्न प्रदेश स्तरीय संयन्त्र र सहायता कोषको स्थापना र सञ्चालन गर्न, गराउन,
२. प्रत्येक प्रदेशमा मानव बेचबिखन पीडितहरूलाई अस्थायी आवास सेवा प्रदान गर्न महिला, बालबालिका, पुरुष र विक्षिप्त अवस्थाका व्यक्तिहरूलाई छुट्टाछुट्टै पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन गर्न, गराउन ।

**(छ) स्थानीय सरकार**

१. प्रत्येक स्थानीय तहमा मानव बेचबिखनको अनुगमन, कार्यक्रम समन्वय र कार्यान्वयन गर्न, पीडित सहायता गर्न संयन्त्र र सहायता कोषको स्थापना र सञ्चालन गर्न,
२. मानव बेचबिखन, पीडित तथा जोखिम समूहलाई विशेष सामाजिक सुरक्षाका कार्यक्रमहरू निर्माण र कार्यान्वयन गर्न, गराउन ।

**(ज) गैरसरकारी तथा सामाजिक संस्थाहरू**

१. मानव बेचबिखन विरूद्धका कार्यक्रमहरू गर्दा अनिवार्य रुपमा प्रदेश तथा स्थानीय तहका सरकाहरूसँग समन्वय र सहकार्य गर्न र स्थापित मानव बेचबिखन विरूद्धको प्रणालीको सबलीकरणमा लगानी गर्न,
२. पीडित सहायता, सीमा अनुगमनका कार्यहरू गर्न संघीय सरकारसँग अनुमति लिने र नियमित रूपमा (न्यूनतम त्रैमासिक) कार्य सम्पादन प्रतिवेदन, पीडित तथा जोखिम समूहको विवरण सहित नेपाल सरकारका निकाय र राष्ट्रिय मानव अधिकार आयोगमा पठाउन व्यवस्था मिलाउन,
३. सामाजिक कार्यकर्ताहरूलाई जोखिम सूचकहरू, पहिचान कार्यविधि तथा मानव अधिकारमुखी व्यवहारका लागि अभिप्रेरित तथा प्रशिक्षित गर्न,
४. पीडितको स्वतन्त्रता, स्वेच्छिक संलग्नता तथा गोपनीयताको उच्च सम्मान गर्ने व्यवस्था मिलाउन।

नेपालमा मानव बेचबिखन नियन्त्रणका लागि विभिन्न ऐनहरू, नियम तथा कार्यविधिहरू तथा नीति, कार्यक्रम र कार्ययोजनाहरूको निर्माण भएतापनि प्रभावकारी ढंगले लागू हुन नसकेका कारण मानव बेचबिखनका समस्याहरू झन् विकराल बन्दै गएको अवस्था छ। मानिसहरू जानी नजानी मानव बेचबिखनको जोखिममा परेका छन् । त्यस्तै गरी राष्ट्रिय मानव अधिकार आयोगबाट मानव बेचबिखन तथा नियन्त्रण एवं पीडितहरूको संरक्षणका लागि विभिन्न समयमा नेपाल सरकारलाई गरेका सुझाव तथा सिफारिसको प्रभावकारी रुपमा पालना हुन सकेको छैन । त्यस्तै मानव बेचबिखनका सवालमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले समेत प्रत्येक बर्ष मानव बेचबिखन सम्बन्धी राष्ट्रिय प्रतिवेदन प्रकाशन गरी उक्त प्रतिवेदनबाट दिएका सुझाव र सिफारिसहरुलाई सरकारले प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न नसकेको तथ्य वर्तमान अवस्थामा बढ्दै गरेको मानव बेचबिखनका विकराल स्वरुपहरुले दर्शाएको प्रष्ट हुन्छ। यसरी राज्यबाट पाउनुपर्ने सुविधा, संरक्षणबाट टाढा रहेका तथा उच्च जीवनस्तरका लागी यात्रामा तथा कामको खोजीमा रहेका मानिसहरू बेचबिखन तथा मानव तस्करको शिकार बनेका छन्। गरिबी, अशिक्षा, सामाजिक लिङ्गभेद, जातीय विभेद, गन्तव्य मुलुक वा क्षेत्रमा जाँदा हुन सक्ने शोषणका सम्बन्धमा अनभिज्ञता, दैवी प्रकोप, सशस्त्र संघर्ष, आन्तरिक विस्थापन, आप्रवासन, शरणार्थीको विस्थापन, बसाईसराई, कमजोर आर्थिक अवस्था, पारिवारिक कलह, हिंसा, आदिको कारणले मानव बेचबिखनको जोखिम बढेको छ ।

यसर्थ मानव बेचबिखनका पीडितहरूको संरक्षण एवं मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण र रोकथामका लागि नेपालका सरकारी तथा गैर सरकारी संस्थाहरूको काम कारवाहीलाई चुस्त र दुरुस्त राख्नुपर्दछ । बेचबिखन पीडितहरूको संवेदनशिलतालाई ध्यान दिएर विभिन्न अध्ययन, अनुसन्धान तथा विभिन्न निकायहरूबाट आएका सल्लाह र सुझावलाई राज्यका सम्पूर्ण निकायहरूले ऐक्यबद्ध भएर लागू गरे मानव बेचबिखन पीडितहरूको मानव अधिकारको संरक्षण गरी मानब बेचबिखन, यसको जोखिम र तस्करीलाई रोक्न निर्मूल पार्न सहज हुनेछ ।

*(लेखक राष्ट्रिय मानव अधिकार आयोग अन्तर्गतमा सम्पर्क अधिकृत हुनुहुन्छ ।)*

# मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी नयाँ ऐन कानुनहरूमा रहेका व्यवस्थाहरू



✍ विष्णुमाया भुसाल

मानव बेचबिखन तथा ओसारपसार अपराध एक निकृष्ट अपराध हो । यसलाई मानव सभ्यता विरुद्धको कलंकको रुपमा पनि लिन सकिन्छ । विश्वव्यापी विकास भएको संचार, प्रविधि तथा आधुनिकीकरणको प्रभावले पर्यटन उद्योगको विकाससँगै यौन व्यवसाय पनि एउटा गम्भिर समस्याको रुपमा रहेको छ । बढ्दो बेरोजगारी, गरिबी, अशिक्षा र अज्ञानताका कारण मानिसहरु श्रमशोषण, यौनशोषण तथा उत्पीडनको सिकार भइरहेका छन् । यसबाट नेपाल पनि अछुतो रहन सकेको छैन । नेपालमा एकातिर बर्षेनी लाखौ युवा युवतीहरु गरिबी तथा बेरोजगारीका कारण वैदेशिक रोजगारमा जान बाध्य भई श्रमशोषण तथा यौनशोषणमा पर्ने गरेका छन् भने अर्कोतिर आन्तरिक रुपमा विकास भएको शहरीकरण, होटल व्यवसाय, पर्यटन तथा मनोरन्जनका क्षेत्रको बिस्तारसँगै सञ्चालित डान्सबार, क्याबिन रेस्टुरेन्ट, दोहारी साँझहरुका कारण यौन व्यवसाय फस्टाउदै गएको र त्यसले आन्तरिक बेचबिखनलाई प्रश्रय दिइरहेको छ । यो समस्या न्यूनीकरणको लागी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एवं क्षेत्रीय प्रयासहरु भएता पनि बेचबिखनको अवस्थामा कुनै कमी आउन सकेको छैन । मानव बेचबिखन सम्बन्धी अपराधमा कुनै पनि व्यक्तिलाई ललाई, फकाइ, धाक धम्की तथा बल प्रयोग गरी वा बँधुवा बनाई आफ्नो प्रभावमा पारी यौनशोषण गर्ने काम गरिन्छ । यसले आत्मसम्मान, स्वतन्त्रता, जीवनको सुरक्षा तथा न्याय सम्बन्धी अधिकारबाट व्यक्तिलाई बञ्चित गराउँदछ । विशेष गरी महिला तथा बालिकाहरू नै बढी यौन शोषण, यौन उत्पीडन तथा बेचबिखनको मारमा पर्ने गरेको कुरा संयुक्त राष्ट्रसंघले अध्ययन गरेको मानव बेचबिखन सम्बन्धी ग्लोबल प्रतिवेदन २०१८ ले जनाएको छ जस अनुसार ३५ प्रतिशत महिला तथा बालिकाहरु मानव बेचबिखन तथा यौन शोषणमा परेको तथ्यांकले पुष्टि गरेको देखिन्छ ।

नेपाल संघीय संरचनामा गइसकेको र संघियताको बदलिदो परिवेशमा नेपाल सरकारले नयाँ संविधान कार्यन्वयनको सर्न्दभमा धेरै नयाँ कानुनहरू निर्माण गरिरहेको र हाल विद्‍यमान कानुनहरूमा पनि परिमार्जन हुने क्रम जारी रहेकोले प्रस्तुत लेखमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसँग सम्बन्धी मुलुकी अपराध संहिताहरु २०७४, बालबालिका ऐन २०७५, अपराध पीडित संरक्षण ऐन २०७५ मा भएका मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धी व्यवस्थाहरु मात्र उल्लेख गर्न खोजिएको छ । तसर्थ मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन २०६४ तथा यससँग सम्बन्धित नियमावली, निर्देशिका तथा कार्ययोजनाको बारेमा उल्लेख गरिएको छैन ।

**१. मुलुकी अपराध संहिता २०७४ मा रहेका व्यवस्थाहरु**

नेपालमा १६५ बर्ष पुरानो मुलकी ऐन २०२० लाई प्रतिस्थापन गरी २०७४ सालमा नयाँ मुलुकी अपराध संहिता, फौजदारी कार्यविधी तथा फौजदारी कसुर निर्धारण संहिताहरु जारी भई २०७५ साल भदौ १ गतेदेखि देशभरी लागू भइसकेका छन् । उल्लेखित संहिताहरुमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी केही नयाँ व्यवस्थाहरु देहाय बमोजिम रहेका छन् ।

**१. फौजदारी कानुनका सामन्य सिद्धान्त**

- अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ । (दफा ३२)
- अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ ।

**२. अन्तरिम क्षतिपूर्तिको लागि आदेश दिन सक्ने व्यवस्था**

१. कुनै कसूर भएको कारणबाट त्यस्तो कसूरबाट पीडित व्यक्ति वा निजमा आश्रित व्यक्तिलाई

तत्काल उपचार गराउनु पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत रकम दिनु परेमा त्यस्तो व्यक्तिलाई औषधोपचार गराउन वा अन्तरिम रुपमा क्षतिपूर्ति वा राहत रकम तिर्न अदालतले त्यस्तो कसूरको अभियोग लागेको व्यक्तिलाई आदेश दिन सक्नेछ। (दफा ४८)

२. अभियोग लागेको व्यक्तिले क्षतिपूर्ति वा रकम पीडित वा निजमा आश्रित व्यक्तिलाई तुरुन्त उपलब्ध गराउनु पर्नेछ।

३. आदेश बमोजिम क्षतिपूर्ति वा रकम उपलब्ध गराउन नसकेमा पीडित वा निजका आश्रित व्यक्तिलाई फौजदारी कसूरमा सजाय निर्धारण र कार्यान्वयन सम्बन्धी प्रचलित कानुन बमोजिम स्थापना भएको पीडित राहत कोषबाट क्षतिपूर्ति वा राहत रकम उपलब्ध गराउन अदालतले आदेश दिनेछ र त्यसरी उपलब्ध गराइएको रकम त्यस्तो अभियोग लागेको व्यक्तिबाट असुल उपर गरी त्यस्तो कोषमा शोधभर्ना गर्नु पर्नेछ।

४. क्षतिपूर्ति वा राहत रकम तिरेको व्यक्तिले अदालतबाट फैसला हुँदा अभियोगबाट सफाई पाएमा त्यस्तो क्षतिपूर्ति वा राहत रकम पाउने व्यक्तिले त्यस्तो रकम त्यसरी सफाई पाएको ३५ दिनभित्र निजलाई वा पीडित राहत कोषमा फिर्ता गर्नु पर्नेछ।

५. उल्लेखित अवधिभित्र त्यस्तो व्यक्तिले त्यस्तो रकम फिर्ता नगरेमा अदालतले त्यसरी सफाई पाएको ६० दिनभित्र त्यस्तो व्यक्तिको जुनसुकै जायजेथाबाट त्यस्तो रकम भराई दिनु पर्नेछ।

**३. वेश्यागमनलाई सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका अपराधको रुपमा परिभाषित गरेको छ ।**

- कसैले वेश्यागमनको लागि प्रचार, प्रसार गर्न हुँदैन। (दफा ११९)
- कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ।
- कसैले वेश्यावृत्ति वा वेश्यागमनको लागि जानीजानी आफ्नो घर, जग्गा, सवारी साधन उपलव्ध गराउन हुँदैन। (दफा १२०)
- कसैले कुनै सार्वजनिक स्थानमा भिक्षा माग्न वा बालबालिकाहरूलाई गीत गाउने, नाच्ने, खेल्ने वा कुनै काम गर्ने वहानामा वा अन्य व्यक्तिलाई कुनै प्रकारको रकम वा ज्याला दिई भिक्षा माग्न वा भिक्षा माग्न प्रोत्साहित गर्न हुँदैन। (दफा १२६)

४. **जबर्जस्ती काममा लगाउन नपाइने :** कसैले कसैलाई निजको इच्छा विरुद्ध काममा लगाउन हुँदैन। कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। तर सार्वजनिक कामको लागि कानुन बमोजिम श्रममा लगाउन यस दफाले बाधा पुऱ्याएको मानिने छैन। (दफा १६२)

५. **दास बनाउन नहुने :** कसैले कुनै व्यक्तिलाई दास वा कमारा, कमारी बनाउन, त्यस्तो हैसियतमा राख्न, काममा लगाउन वा सो सरहको अन्य कुनै पनि व्यवहार गर्न वा गराउन हुँदैन। उल्लेखित कसूर गर्ने वा गराउने व्यक्तिलाई पाँचदेखि दश वर्षसम्म कैद र पचास हजारदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ। (दफा १६३)

६. **बन्धक बनाउन वा बाँधा राख्न नहुने :** कसैले कुनै व्यक्तिलाई कुनै पनि प्रकारको प्रतिफल वापत कमैया राख्न वा बन्धक बनाउन वा बाँधा राख्न वा बाँधाको हैसियतमा काममा लगाउन वा सो सरहको अन्य कुनै पनि प्रकारको व्यवहार गर्न वा गराउन हुँदैन। उल्लेखित कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षदेखि सात वर्षसम्म कैद र तीस हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिवाना हुनेछ। (दफा १६४)

७. **बाल विवाह गर्न नहुने :** विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन। बाल विवाह स्वतः बदर हुनेछ। बालविवाह सम्बन्धी कसूर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ। (दफा १७३)

**२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा रहेका व्यवस्थाहरु**

१. **साक्षी वा पीडितको संरक्षण सम्बन्धी व्यवस्था :** कुनै मुद्दामा साक्षी रहेको कुनै व्यक्तिलाई अदालत समक्ष उपस्थित हुन वा अदालतमा वकपत्र

गरिसकेपछि आफ्नो सुरक्षामा खतरा रहेको छ भन्ने लागेमा निजले त्यसको कारण खुलाई सुरक्षाको प्रबन्ध गरिदिन अदालत समक्ष निवेदन दिन सक्नेछ। अनुरोध भएमा अदालतले त्यस्तो साक्षीको सुरक्षाको प्रबन्ध गर्न सम्बन्धित निकायलाई आदेश दिन सक्नेछ । (दफा ११४)

- अदालतले आदेश दिएमा त्यस्तो सुरक्षाको प्रबन्ध गर्ने कर्तव्य त्यस्तो निकायको हुनेछ ।
- साक्षी संरक्षण गर्न अदालतले गरेको आदेश बमोजिम अपनाइएको कुनै विषयका सम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन पाइने छैन ।
- कुनै खास कसूरबाट पीडित व्यक्ति वा कुनै मुद्दाका साक्षीको रुपमा रहेका व्यक्तिले साक्षीका रुपमा रहेको कारणले आफूलाई पक्षबाट अनुचित डर त्रास वा भय हुन सक्ने वा आफ्नो जीउ ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने सूचना प्राप्त भएमा प्रहरीले त्यस्ता साक्षीको संरक्षण गरिदिनु पर्नेछ ।
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण मुद्दाको पुर्पक्ष बन्द इजलासमा हुन सक्नेछ र त्यस्तो इजलासमा अदालतले त्यस्तो मुद्दासँग सम्बन्धित पक्ष, सम्बन्धित कानुन व्यवसायी, अदालतका कर्मचारी र अदालतले आवश्यक देखेका अन्य व्यक्ति बाहेक अरुलाई प्रवेश निषेध गर्न सक्नेछ । (दफा १२९)
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कसूरदारलाई भएको सजाय माफी गर्ने, मुल्तबी राख्ने, परिवर्तन गर्ने वा कम गर्ने कारबाही गर्न सकिने छैन । (दफा १५९(४))

२. **पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने व्यवस्था :** मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कसूरबाट पीडित व्यक्ति वा साक्षीको परिचय सार्वजनिक गर्दा त्यस्तो व्यक्ति वा साक्षीको सामाजिक प्रतिष्ठा वा इज्जत उपर प्रतिकूल प्रभाव पर्न सक्ने वा निज उपर अभियुक्त वा अन्य कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने वा निजको जीउ, ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने देखिएमा त्यस्तो व्यक्ति वा साक्षीको नाम, थर, वतन वा निजको बाबुको नाम वा निजको परिचय हुन सक्ने अन्य कुनै हुलिया गोप्य राख्न अनुसन्धान अधिकारीले सरकारी वकिल मार्फत अदालतलाई अनुरोध गर्न सक्नेछ । अदालतले त्यस्तो पीडित व्यक्ति वा साक्षीको नाम, थर, वतन, निजको बाबुको नाम वा निजको परिचय गोप्य राख्ने गरी आदेश दिन सक्नेछ। गोप्य राखिएको व्यक्तिको नाम, थर, वतन वा बाबुको नाम सम्बन्धित मुद्दाको सुनुवाइको बखत वा सो सम्बन्धी विवरण प्रकाशन गर्दाका बखत अदालतको आदेश बमोजिम काल्पनिक नाम, थर, वतन वा बाबुको काल्पनिक नाम राखी प्रकाशन गर्नु पर्नेछ । (दफा १८३)

३. **अनुसन्धान अधिकारी समक्ष भएको बयान, कागज वा लिखतलाई श्रव्य दृश्यका साधनमा अभिलेख गर्न सकिने :** देहायको अवस्थामा अनुसन्धान अधिकारीले कसूरबाट पीडित व्यक्ति, जाहेरवाला वा साक्षीको बयान, कागज वा कुनै लिखत सरकारी वकिलको रोहवरमा श्रव्य दृश्यका साधन मार्फत अभिलेख गर्न वा गराउन सक्नेछ । (दफा १८४)

(क) कसूरबाट पीडित व्यक्ति, जाहेरवाला वा कुनै साक्षीलाई अभियुक्तले अनुचित प्रभावमा पारी वा निज उपर डर, त्रास, धम्की देखाई निजलाई अदालतमा उपस्थित हुन नदिने वा अदालतमा उपस्थित भएपनि अनुसन्धान अधिकारी समक्ष गरेको बयान वा कागजभन्दा प्रतिकूल हुने गरी बयान वा बकपत्र गराउन बाध्य गराउनेछ भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा,

(ख) शारीरिक अशक्तता वा नाबालक भएको कारणले त्यस्तो व्यक्ति, जाहेरवाला वा साक्षी प्रहरी कार्यालय वा सरकारी वकिलको कार्यालयमा उपस्थित हुन नसक्ने भएमा,

(ग) प्रमाणको रुपमा अदालतमा पेश गरिने वस्तु सो वस्तु रहेको ठाउँबाट उठाएर अदालतमा ल्याउन नसकिने भएमा । उक्त अभिलेख गरिएको श्रव्य दृश्यका साधनलाई अदालतले प्रमाणको रुपमा स्वीकार गर्न सक्नेछ ।

४. **पारस्परिक कानुनी सहायता आदान प्रदान गर्न सकिने :** मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी अपराधको कारबाही, सुनुवाई

र किनारा हुने कुनै अभियुक्त विदेशमा रहेकोमा निजका नाउँमा समाह्वान वा पक्राउ पूर्जी जारी गर्नुपर्ने वा कुनै प्रमाण बुझ्नु पर्ने भएमा वा विदेशी अदालतमा विचाराधिन मुद्दाको कुनै अभियुक्त नेपालमा रहेकोमा निजको नाउँमा समाह्वान वा पक्राउ पूर्जी तामेल गर्ने वा प्रमाण बुझ्न सहयोग गर्नुपर्ने भएमा पारस्परिक कानुनी सहायता सम्बन्धी कानुन बमोजिम गर्नु पर्नेछ । (दफा १९१)

## ३. बालबालिका सम्बन्धी ऐन २०७५ मा रहेका केही व्यवस्थाहरु

बालबालिकाहरूको संरक्षण गर्ने उद्देश्यले बालबालिका सम्बन्धी ऐन २०४८ लाई समय सापेक्ष परिमार्जन गरी यो ऐन जारी भएको छ । यसमा बालबालिकाहरूको सर्वोत्तम हितलाई ध्यानमा राखी विभिन्न यौनजन्य हिंसा तथा यौनशोषणमा परेका बालबालिका माथि हुने अपराधका पिडकहरुलाई कानुनी दायरामा ल्याई दण्ड सजायको व्यवस्था गरी पीडित बालबालिकाहरूलाई उचित क्षतिपूर्ति तथा न्यायको व्यवस्था समेत गरेको छ ।

- प्रत्येक बालबालिकालाई निजको बाबु आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिहरूबाट हुने हरेक किसिमका शारिरिक वा मानसिक हिंसा र यातना, हेला, अमानवीय व्यवहार वा छुवाछुतजन्य दुर्व्यहार, यौनजन्य दुर्व्यहार र शोषण विरुद्ध संरक्षण प्राप्त हुने अधिकार हुनेछ । (दफा ७ (५))
- बालबालिकाहरुलाई डान्सबार, क्यासिनो जस्ता मनोरन्जनस्थलमा प्रवेश वा प्रयोग गराउन पाउँदैन यदि प्रवेश गराएको खण्डमा ५० हजार रुपैयासम्म जरिवाना तथा एक बर्षसम्म कैद हुन सक्छ ।
- बालबालिकालाई क्रुर अमानवीय व्यहार गर्ने वा यातना दिन हुँदैन यदि दिएमा एक लाख रुपैया जरिवाना तथा ५ बर्षसम्म कैद सजाय हुनेछ ।
- यदि कसैले बालबालिकालाई जादु वा सर्कसमा लगाउन पाउँदैन यदि कसैले लगाएमा ३ बर्षसम्म कैद तथा पचहत्तर हजारसम्म जरिवाना हुनेछ ।
- कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न बालबालिकालाई प्रयोग गर्ने वा गराउने वा यौन सन्तुष्टि प्राप्त गर्नका लागि बालबालिकाको प्रयोग गर्ने गराउने कार्य गरेमा जबर्जस्ती करणीको कानुन अनुसार सजाय हुनेछ ।
- बालयौन शोषण गर्न नपाइने, यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले बालबालिकाको प्रयोग गर्ने वा गराउने वा वेश्यावृति वा अन्य यौनजन्य कार्यमा प्रयोग गरे गराएमा एक लाख रुपैयासम्म जरिवाना र १५ बर्षसम्म कैद सजाय हुनेछ ।
- बालबालिकामाथि पटके अपराध गर्नेलाई थप २५ प्रतिशत सजाय हुनेछ ।
- बालबालिका विरुद्धको कसूरबाट पीडित बालबालिकाहरूलाई शारिरिक वा मानसिक उपचार गराउन वा सामाजिक पुनस्थापना गराउनका लागि नेपाल सरकारले आवश्यका अनुसार पुनःस्थापना केन्द्र स्थापना गर्नेछ । (दफा ७१)

**क्षतिपूर्ति सम्बन्धी व्यवस्था :** बाल अदालतले प्रचलित कानुन बमोजिम बालबालिका विरुद्धको कसुरका कसुरदारलाई भएको जरिवानाको रकम भन्दा कम नहुने गरी पीडित बालबालिकालाई शिक्षा, शारिरिक तथा मानसिक स्वास्थ्य विकास र परिवारमा पुगेको हानी समेतको विचार गरी मनासिब क्षतिपुर्ति एकमुष्ट वा आवधिक रुपमा कसुरदारबाट भराइदिने छ । यदि कसुरदारबाट रकम असुल हुन नसकेमा वा न्यून हुन गएमा बालकोषबाट व्यहोर्ने गरी भराइदिन सकिने छ । (दफा ७३)

- उजूर गर्ने व्यक्तिले आफूले एकपटक दिएको बयान विपरीत हुने गरी मुद्दाको पुर्पक्षको सिलसिलामा कुनै बयान दिएमा, पहिले आफूले दिएको बयान वा सूचनाका आधारमा कसैका विरुद्ध कारवाही चलिसकेपछि सो सम्बन्धी सत्य तथ्य ढाँटेमा, नियतवस बयान परिवर्तन गरेमा, अदालतले बोलाएको समयमा उपस्थित नभएमा वा अदालतलाई सहयोग नगरेमा निजलाई तीन महिनादेखि एक बर्षसम्म कैद हुनेछ ।
- पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनको लागि नेपाल सरकारले एक पुनर्स्थापना कोष स्थापना गर्नेछ ।
- कसूरदारको न्यून आर्थिक हैसियत भएको वा अन्य कुनै कारणले कसूरदारबाट पीडितले क्षतिपूर्ति पाउन नसक्ने अवस्था देखिएमा अदालतले दफा १४ बमोजिमको पुनर्स्थापना कोषबाट पीडितलाई

मनासिव क्षतिपूर्ति भराई दिने आदेश गर्न सक्नेछ ।

- बकपत्र वा महिला मानव अधिकारको रक्षाको लागि खटिएका अधिकारकर्मीले पीडितलाई कुनै सहयोग उपलब्ध गराएको आधारमा सुरक्षामा खतरा देखिएमा सुरक्षाकर्मीले सुरक्षा दिनुपर्ने ।

## ४. अपराध पीडित संरक्षण सम्बन्धी ऐन २०७५ मा रहेका व्यवस्थाहरु

नेपालको संविधानद्वारा प्रदत्त फौजदारी न्यायिक प्रकृयाको अभिन्न अङ्गको रुपमा रहेको अपराध पीडितको न्यायको सुनिश्चिता गरी आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्बन्धी जानकारी पाउने र कानुन बमोजिम सामाजिक पुनस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने व्यवस्था सहितको अपराध पीडित संरक्षण सम्बन्धी ऐन २०७५ जारी भएको छ। यस ऐनमा रहेका मुख्य विशेषताहरु निम्न बमोजिम रहेका छन् :

**पीडितको परिभाषा :** पीडित भन्नाले प्राकृतिक व्यक्तिको रहेको प्रथम स्तरको पीडित, द्धितीयस्तरको पीडित र पारिवारिक पीडित भनी सम्झनुपर्दछ भनी परिभाषित दिएको छ । फौजदारी न्यायिक प्रक्रियामा पीडित बात लागेका व्यक्तिहरूको निम्न अधिकार र कर्तव्य देहाय बमोजिम तोकिएको छ :

१. **स्वच्छ व्यवहार पाउने अधिकार :** पीडितलाई न्यायिक प्रक्रियामा शिष्ट, मर्यादित, स्वच्छ र सम्मानजनक व्यवहार पाउने अधिकार हुनेछ ।

२. **भेदभाव विरुद्धको अधिकार :** पीडितलाई फौजदारी न्यायिक प्रक्रियामा धर्म वर्ण, जात, जाति, यौनिकता, उत्पति, भाषा, वैवाहिक स्थिति, पारिवारिक स्थिति, उमेर, शारिरिक वा मानसिक अस्वस्थता, अपाङ्गता वा वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्नु हुदैन ।

३. **गोपनीयताको अधिकार :** मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी कसुरमा पीडितको पहिचान कुनै पनि रुपबाट प्रकट गर्न हुदैन । पीडितले चाहेमा कसूरको अनुसन्धान, तहकिकात र अदालती कारवाहीको पीडितसँग निजको पहिचान नखुल्ने गरी वा स्वर बदलेर अभियुक्तले देख्न सुन्न नपाउने गरी श्रव्यदृश्य संवाद प्रयोग गरी कुनै कागज गराउन तथा बयान लिन वा बकपत्र गर्न पाइने छ । (दफा ६)

४. **अनुसन्धान सम्बन्धी सूचनाको अधिकार :** पीडितले माग गरेमा सम्बन्धित कसूरको सम्बन्धमा अनुसन्धान अधिकारी वा सम्बन्धीत निकायले निजलाई कानुन बमोजिम यथाशिघ्र सूचना दिनुपर्नेछ । (दफा ७)

५. **मुद्दाको अभियोजन सम्बन्धी सूचना अधिकारः** पीडितले माग गरेमा सम्बन्धीत कसूरको सम्बन्धमा मुद्दा अभियोजन गर्ने निकाय वा अधिकारीले निजलाई कानुन बमोजिम यथाशिघ्र सूचना दिनुपर्नेछ । (दफा ८)

६. **न्यायिक कारवाही सम्बन्धी सूचनाको अधिकार :** पीडितले माग गरेमा सम्बन्धित न्यायिक कारवाही सम्बन्धी सूचना सम्बन्धमा मुद्दा अभियोजन गर्ने निकाय वा अधिकारीले निजलाई कानुन बमोजिम यथाशिघ्र सूचना दिनुपर्नेछ ।

७. **सुरक्षित हुन पाउने अधिकार :** पीडितलाई शंकास्पद व्यक्ति वा अभियुक्तका साक्षीबाट पीडित वा पीडितको नजिकको नातेदार र पीडितको नजिक पीडितमा आश्रित व्यक्ति विरुद्ध हुने आक्रमण, क्षति, डर, त्रास वा धम्कीबाट सुरक्षित हुन पाउने अधिकार हुनेछ ।

८. पीडितले सम्बन्धित कसूरका बारेमा आफ्नो धारणा राख्न पाउने अधिकार हुनेछ ।

९. पीडितले चाहेमा कानुन व्यवसायी राख्न पाउने अधिकार हुनेछ ।

१०. मुद्दाको सुनवाइमा उपस्थित तथा सहभागी हुन पाउने अधिकार हुनेछ ।

११. सुनवाइको सिलसिलामा पीडित र पीडक छुट्टाछुट्टै कक्षमा बस्न पाउने अधिकार हुनेछ

१२. अनुसन्धानको सिलसिलामा पीडितको सम्पत्ति फिर्ता पाउने अधिकार हुनेछ ।

१३. कसूर सम्बन्धी मुद्दामा अदालत र पीडित बिच छलफल गर्न पाउने अधिकार हुनेछ ।

१४. क्षतिपूर्ति तथा सामाजिक पुर्नस्थापनको अधिकार हुनेछ ।

१५. निवेदन तथा पुनरावेदन गर्ने अधिकार हुनेछ ।

यी उल्लेखित अधिकारहरुको हनन् भएको खण्डमा पीडितले उच्च अदालतमा निवेदन दिई प्रचलन गराउन सक्नेछन् ।

### पीडितको कर्तव्य

पीडितको देहाय बमोजिम कर्तव्य रहने छ। (दफा २१)

१. प्रचलित कानुन बमोजिम समयमै अधिकार प्राप्त निकाय वा अधिकारी समक्ष कसूरका सम्बन्धमा जाहेरी तथा सूचना दिने।
२. कसूरको अनुसन्धान र अभियोजनका सिलसिलामा अनुसन्धान वा अभियोजनका सिलसिलामा अनुसन्धान अभियाजन गर्ने अधिकारीलाइ सहयोग गर्ने।
३. कसूरमा संलग्न व्यक्तिलाई बचाउने उद्देश्यले अनुसन्धान अधिकारी समक्ष उपस्थित नहुने वा उपस्थित भएर पनि उद्देश्य अनुसार बयान दिने, बकपत्र गर्ने वा कुनै प्रमाण पेश गर्ने कार्य नगर्ने।
४. आफ्नो वास्तविक नाम थर वतन, टेलिफोन नम्बर, इमेल ठेगाना उपलब्ध गराउने र त्यसमा कुनै परिवर्तन भए यथाशिघ्र जानकारी गराउने।

### पीडितको अधिकार कार्यान्वयन गर्ने अधिकारीको दायित्व

मानव बेचबिखन सम्बन्धी कसूरको अनुसन्धान, तहकिकात, अभियोजन तथा न्याय-निरुपण प्रक्रियामा संलग्न अधिकारीहरूले कानुन बमोजिम पीडितका अधिकारको सम्मान गर्दै कार्यान्वयनको लागि उचित ध्यान दिनुपर्दछ। यदि उल्लिखित व्यवस्थाको कार्यान्वयमा ध्यान नदिएमा प्रचलित कानुन बमोजिम विभागीय कारवाही हुनेछ।

### क्षतिपूर्ति सम्बन्धी व्यवस्था

पीडितलाई तत्काल उपचार गराउन पर्ने भएमा वा क्षतिपूर्ति वा कुनै प्रकारको राहत दिन पर्ने भएमा त्यस्तो व्यक्तिलाई अन्तरिम क्षतिपूर्तिको लागि अदालतले आदेश दिनसक्ने व्यवस्था रहेको छ। उक्त आदेश अनुसार क्षतिपूर्ति रकम कोषबाट उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ। मुद्दाको अन्तिम किनारा भएपछि क्षतिपूर्ति वापतको रकम कसूरदारबाट भराइदिने व्यवस्था रहेको र सो रकम कसूरदारबाट असूल नभएमा कोषबाट व्यहोर्ने व्यवस्था रहेको छ।

### पीडितलाई क्षतिपूर्ति निर्धारण गर्दा देहाय बमोजिम लिइने आधारहरु तोकिएको छ। (दफा ३१)

- पीडितले व्यहोर्नु परेको वा पर्ने चिकित्सकीय, मनोवैज्ञानिक, मनोचिकित्सकीय परामर्श वापत मनासिव खर्च
- पीडितले व्यहोर्नु परेको अप्रत्यासित यातायात खर्च
- पीडितले व्यहोर्नु परेको कानुन व्यवसायीको खर्च
- कसूरको प्रत्यक्ष परिणामको कारणबाट पीडितको व्यक्तिगत क्षमतामा क्षति
- पीडितले व्यहोर्नु परेको वा पर्ने आर्थिक क्षति
- पीडितको शारिरिक, बौद्धिक, यौन वा प्रजनन् क्षमतामा भएको क्षति
- क्षतिपूर्ति आश्रित सन्तान वा अभिभावकले पाउने व्यवस्था रहेको छ।
- महान्याधिवक्ताको संयोजकत्वमा पीडित संरक्षण सुझाव समिति रहने छ।

हालसम्म नेपालको कानुनहरु अभियुक्त केन्द्रित भएकोले लामो समयको प्रयास पछि वर्तमान संविधानमै मौलिक हकको रुपमा अपराध पीडितको व्यवस्थालाई कार्यान्वयन गर्नको लागि यो ऐन भरखर मात्र जारी भई लागु भएको छ। यस ऐनमा धेरै सकारात्मक व्यवस्थाहरु रहेको हुँदा यसलाई व्यवहारिक रुपमा राज्यको निकायले कार्यन्वयन गर्न जरुरी रहेको छ।

**नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ :** वास्तवमा मानव बेचिबिखन नियन्त्रण ऐन विगत १२ बर्षको अभ्यासमा त्यसलाई केही परिमार्जन गर्नुपर्ने अवाश्यकता हुँदा हुदै पनि हालसम्म राज्य व्यवस्थाको प्राथमिकतामा पर्न सकेको छैन। त्यसैले संविधान तथा संघीय संरचना अनुकूल ऐन संशोधन गर्ने क्रममा केही साविकका दफाहरुमा परिर्माजन गरिएको छ। उक्त संशोधनमा नेपाल सरकारसँग समन्यव गरी प्रदेश सरकार तथा स्थानीय तहले पनि आवाश्यकता अनुसार पुनर्स्थापना केन्द्र स्थापना गर्न सक्नेछ। हाल भइरहेका पुनर्स्थापना केन्द्रहरुलाई केन्द्रीय सरकारले प्रदेश तथा स्थानीय तहलाई हस्तान्त्रण गर्न सक्नेछ। प्रदेश सरकार तथा स्थानीय तहमा संचालन हुने पुनर्स्थापना केन्द्रलाई केन्द्रीय सरकारले अनुगमन गर्नेछ भन्ने व्यवस्था थप गरिएको छ। त्यसै गरी न्याय प्रशासन ऐन २०७३ को दफा २८ ले मानव बेचबिखन ओसारपसार नियन्त्रण सम्बन्धी मुद्दाको निरन्तर सुनवाई गर्नुपर्ने जिल्ला अदालतको नियमावलीको व्यवस्थालाई ऐनमा नै थप व्यवस्था गरेको छ।

**निष्कर्ष :** मानव बेचबिखन अत्यन्त जघन्य अपराधको रुपमा रहेको हुँदा यस्ता अपराधमा संलग्न भएका व्यक्तिलाई कानुनी दायरामा ल्याई प्रभावकारी रुपमा अनुसन्धान तथा अभियोजन गरी कानुनी रुपमा दण्डित गरी पीडितलाई उचित क्षतिपूर्ति सहितको न्याय दिने विषयमा राज्यका संयन्त्रहरु चुकेको अवस्था छ । यो अपराध आप्रवासन तथा वैदेशिक रोजगारसँग बढी अन्तरसम्बन्धित भएर गएको कारण यसको गाम्भिर्यताको विषयमा राज्यका निकायहरु बढी जिम्मेवार हुन आवश्यक रहेको छ । मानव बेचबिखन ऐन २०६४ मा पनि समय सापेक्ष परिमार्जन गर्न आवश्यक रहेको छ । त्यसै गरी मानव बेचबिखन तथा ओसार नियन्त्रणसँग सम्बन्धित अन्य केही कानुनहरुमा गरिएको व्यवस्थाहरु सकारात्मक रहेको हुँदा कार्यान्वयन गर्ने निकायहरुले जफावदेहीपूर्ण ढङ्गबाट कार्यन्वयन गर्न सकेको खण्डमा यो अपराध न्यूनीकरण हुनसक्दछ भन्ने आशा गर्न सकिन्छ ।

*(भुसाल अधिवक्ता एवं उप–प्राध्यापक हुन्)*

## मानव बेचबिखनका पीडितहरुलाई न्यायमा पहुँचमा चुनौती

न्यायमा पहुँच भन्नाले सम्बद्ध निकाय मार्फत न्याय खोज्न र प्राप्त गर्न सकिने सहज अवस्था हो । न्यायमा पहुँचको लागि आफ्नो हक हितको रक्षा गर्न वा आफूलाई अन्याय हुँदा न्यायको खोजी गर्न सक्ने क्षमता व्यक्तिमा हुनु आवश्यक छ । त्यसैगरी न्याय प्रदान गर्ने निकायको सक्षमता, प्रभावकारिता लगायत न्यायको खोजी र प्राप्ति गर्ने सन्दर्भमा उपयुक्त वातावरणको सुनिश्चितता र प्रयोग नै न्यायमा पहुँच हो । न्यायको खोजी र प्राप्ति गर्ने सबैको समान अधिकार हुने भएतापनि आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विभिन्न कारणबाट न्यायमा सबैको पहुँच सुनिश्चित हुन सकिरहेको अवस्था भने छैन ।

यसै सन्दर्भमा हाल चर्चामा रहेको विषय नुवाकोटका सुनबहादुर तामाङको प्रसंगलाई जोड्न चाहन्छौं । सुनबहादुरलाई आफ्नै गाउँका तीन जना पीडित महिलाहरुले मानव बेचबिखनको आरोपमा जिल्ला अदालत नुवाकोटमा मुद्दा दिए पछि जिल्ला अदालतले २०७४ चैत्र ७ गते ३७ वर्ष ६ महिना जेल र २ लाख ५० हजार रुपैयाँ जरिवानाको सजाय सुनाएको थियो । पहिलो पटक उनलाई २०५१ सालमा भारतमा बेचिएर फर्केकी महिलाले बेचबिखनको मुद्दा हालेका थिइन् । सोही मुद्दामा ६ वर्ष सजाय तोकेकोमा सुनबहादुरलाई फरारको सूचिमा राखेको थियो । त्यसै बखत उनी २०७४ वैशाखमा स्थानीय चुनावमा नुवाकोटको दुप्चेश्वर गाउँपालिका वडा नं. १ मा वडा अध्यक्षमा जिते । २०६९ सालमा पुनरावेदन अदालत पाटन समेतले पनि जिल्लाको फैसलालाई सदर गरेको थियो । तर उनी जेल गएनन् । पछिल्ला मुद्दाहरुमा काठमाडौं जिल्ला अदालतले धरौटमा छाड्न आदेश दिए पनि अघिल्ला आदेशको आधारमा उनी जेल चलान भएका थिए । उनका आफन्तले भारतको दिल्ली र मुम्बईमा कोठी सञ्चालन गर्ने र सुनबहादुरले नेपालबाट सय भन्दा बढी बालिका तथा महिलाहरुलाई भारत सम्म पुर्याई उक्त कार्यमा लगाईरहेको केन्द्रिय अनुसन्धान ब्यूरो (सिआईबी) ले अनुसन्धान गरेको छ । पीडितहरू उनकै गाउँका भएकाले, उनका सहयोगीले पीडितहरुलाई मुद्दा दिन र बकपत्र गर्न समेत जानबाट बञ्चित गराई रहेको अवस्था छ, पैसाको आडमा सुनबहादुरले सिंगै गाउँलाई नै प्रभावमा राखेका छन् भन्ने कुरा पीडितहरूको बयानबाट खुलेको छ । सुनबहादुर मात्र होईन उनका छोरा गुनबहादुर पनि गाउँकै महिला बिक्री गरेको मुद्दामा जेल परिसकेका छन् ।

मानव बेचबिखन गम्भिर अपराधको रुपमा रहेको र नेपालको संविधानले पनि सो अपराधमा संलग्न हुनु दण्डनीय हुने कुरा सुनिश्चित गरेको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले मानव बेचबिखन तथा ओसार पसारलाई जघन्य अपराधको रुपमा परिभाषित गरे तापनि २०७६/०३/३० मा निज सुनबहादुर तामाङलाई उच्च अदालत पाटनले सफाई दिंदै थुनामुक्त गरेको छ । जघन्य र संगठित अपराधका अपराधीलाई यस प्रकारले छोडनुले बेचबिखनबाट पीडितको सुरक्षा, संरक्षण, न्यायमा पहुँच र कानुनी राज्यको सुनिश्चित्तामा ठूलो प्रश्न चिन्ह थपिएको छ । यस प्रकारको घटनाले पीडित/प्रभावितहरूको न्यायमा पहुँचका लागि गर्ने मनोबललाई गिराउँदैछ । न्यायमा पहुँचकालागि एटविनले राष्ट्रिय मानव अधिकार आयोग, संघीय संसदको महिला तथा सामाजिक विकास समिति, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, महान्याधिवक्ताको कार्यालय, मानव बेचबिखन नियन्त्रण अनुसन्धान ब्यूरो, नेपाल प्रहरी केन्द्रिय अनुसन्धान ब्यूरो लगायतका सरोकारवाला निकायहरुमा ध्यानार्कषण पत्र बुझाएको थियो ।

न्यायको पहुँचका लागि कानुनी व्यवधानहरुको सही पहिचान गरी सम्बोधन नगरेसम्म त्यसलाई प्रभावकारी ढंगबाट सम्बोधन गर्न सकिदैन । न्यायमा पहुँचको दायरा अत्यन्त फराकिलो रहेको र यसका आयामहरुलाई सम्बोधन गर्न राज्यका विभिन्न निकायहरुको भूमिका र जिम्मेवारी रहने भएतापनि त्यसको केन्द्रबिन्दुमा न्यायपालिका रहन्छ । आम नागरिकले न्यायमा सहज पहुँचको वास्तविक अनुभूति गर्ने वा त्यसलाई व्यवहारमा रुपान्तरण गर्ने माध्यमका रुपमा न्यायपालिका रहने भएकाले आफ्नो दायराभित्र रही न्यायको पहुँचबाट बञ्चित भएका वर्ग, समुदाय र व्यक्तिको न्यायमा पहुँच अभिवृद्धि गर्ने दायित्व न्यायपालिकाको हो ।

पीडितलाई न्याय तथा अपराधीलाई सजाय हुनु अनिवार्य छ यसर्थ अपराधीलाई कारवाही र पीडितको न्यायका तथा संरक्षणका लागि सहयोगी तथा मैत्री वातावरण बनाई अन्य पीडितहरूको हौसला बढाउन सहयोगी हुने र अपराधीलाई निरुत्साहन गर्ने विश्वास सहित सरोकारवाला निकायहरुलाई गम्भिरतापूर्वक पहल र प्रभावकारी भूमिकाका लागि आह्वान गर्दछ ।

- एटविन

# प्रभावितहरूको न्यायमा पहुँच र सञ्चार माध्यम



✍ विजय पौडेल

सञ्चार माध्यममा समाचार प्रकाशन/प्रशारण हुनका लागि त्यो समाचारको सूचना सञ्चार माध्यमसम्म आइपुग्नु पर्छ वा श्रोतसम्म सञ्चार माध्यमको पहुँच हुनुपर्छ । मानव बेचबखिन तथा ओसापसारका घटनाहरूका सूचना सञ्चार माध्यमले धेरैजसो प्रहरीहरूबाटै पाउँछन् । त्यसैगरी यस विरुद्ध सक्रिय सरकारी तथा गैर सरकारी संस्था र प्रभावित तथा उनीहरूका आफन्तहरूबाट पनि सञ्चार माध्यमसम्म सूचना आइपुग्छ । सञ्चार माध्यम आफै सक्रिय भई प्रभावितहरूसम्म पुगेर समाचार बनाएका घटना भने कमै छन् । तर जसरी सूचना प्राप्त भएपनि त्यस सम्बन्धमा सञ्चार माध्यममा आउने समाचारले प्रभावितलाई न्याय पाउन र दोषीलाई दण्डित गर्न मद्दत गर्ने गरेको छ । त्यसैगरी यस्ता समाचारहरूले सरकारलाई नीति, नियम र कानुन निर्माणमा सघाउ पुऱ्याउने गरेको छ । न्याय निरुपण तथा अनुसन्धानमा पनि अदालत तथा प्रहरीलाई प्रभावितलाई न्याय दिलाउन तथा अनुसन्धानको गहिराइसम्म पुगेर दोषीलाई दण्डित गर्न समाचारहरूले सहयोग गर्दछ ।

२०७६ साल बैशाख देखि साउनसम्म छापिएका केही समाचारहरूलाई हेर्ने हो भने पनि यो कुरा पुष्टि हुन्छ । "केन्याका बारमा चेलीको चित्कार", "४४ नेपाली चीनमा अलपत्र", "अवैध बालगृहबाट बालबालिकाहरूको उद्धार", "महिला माथिको आक्रमण सिरिन्ज होइन काँटी", "म्यानमार हुँदै मानव तस्करी", "चीनबाट ४४ युवती फर्काउन पहल", "कालिकोटका बालबालिका परिवारको जिम्मा" लगायतका केही यस्ता समाचार शिर्षकहरू हुन् जुन मानव बेचबिखनबाट प्रभावितहरूलाई न्याय र दोषिलाई दण्डित गर्ने विषयसँग सम्बन्धित छन् ।

सञ्चार माध्यमको सैद्धान्तिक परिभाषा हेर्ने हो भने यसले न्याय दिलाउने काम गर्दैन । तर यसले गरेको कामले न्यायमा पहुँच बढाउने, सम्बन्धित संस्था र पदाधिकारीलाई जिम्मेवार बनाउने काम भने गरिरहेको हुन्छ । बेलायतका आमसञ्चार सिद्धान्तका विद्वान डेनिस म्याक्विलका अनुसार, "सञ्चार माध्यम र सामाज बीचको सम्बन्ध राजनीतिक र सामाजिक तथा आर्थिक दुबै रहेको हुन्छ । राजनीतिसँग अलि विशेष किन हुन्छ भने त्यो स्वतन्त्रता र नियन्त्रणको प्रश्नसँग जोडिएको हुन्छ ।" यसकारण के भन्न सकिन्छ भने, सञ्चार माध्यमले आफ्नै स्वतन्त्रतामा संकट उत्पन्न नभएसम्म समाजमा भएका आर्थिक, सामाजिक, राजनैतिक एवं मनोरञ्जन क्षेत्रका सूचना जनतासम्म पुऱ्याउने माध्यमका रुपमा भूमिका मात्र खेलेको हुन्छ । यसका लागि उसले पत्रकार आचारसंहिता, देशको नीति नियम कानुन र संविधान अन्तरगत रहेर काम गरिरहेको हुन्छ ।

महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन) को मानव बेचबखिन तथा ओसारपसार सम्बन्धी प्रकाशित समाचार तथा समाचार मूलक विषयवस्तुहरूको सञ्चार विश्लेषण अध्ययन प्रतिवेदनका अनुसार २०७४ सालमा २० प्रतिशत समाचारमा पत्रकार आचारसंहिता पूर्ण पालना गरिएको थियो । आचारसंहिता पालनाका सम्बन्धमा यो तथ्यांक प्रश्न गर्न योग्य हुनसक्छ किनकी आचारसंहिता पूर्ण पालना नहुँदा कहिलेकाहीँ प्रभावितले न्याय पाउनुको सट्टा उल्टो उत्पीडित भइरहेको हुन्छ ।

युनिसेफको पत्रकारका लागि तयार पारिएको एक समाचार संकलन निर्देशिकाका अनुसार, "सञ्चार माध्यम भरपर्दो साझेदार नहुन सक्ने अवस्थालाई नर्कान सकिन्न तर उत्तेजक विज्ञापन कार्यक्रम र तस्विरहरू प्रकाशन प्रशारण गर्ने, बालबालिका तथा किशोर किशोरीलाई यौन प्रतिकहरूमा प्रयोग गर्ने र आम पाठक वा श्रोतालाई गलत सन्देश दिने काम पनि सञ्चार माध्यमबाट भएको यथार्थलाई बिर्सन सकिन्न"

भन्ने उल्लेख भएवाट पनि आचारसंहिता पालनालाई पत्रकारले ध्यान दिनै पर्दछ । सञ्चार माध्यमले कतिपय अवस्थामा पीडितको परिचय सार्वजनिक गरिरहेका हुन्छन् । एटविनको अध्ययनमा २०७४ सालमा प्रकाशित समाचारहरू मध्ये २६ प्रतिशतमा नाम खुलाइएका थिए भने १२ प्रतिशतमा छद्म नाम दिइएको थियो । तर ३३ प्रतिशतमा ठेगाना वा आमाबावुका नाम जस्ता सहायक परिचय खुलाइएका थिए । त्यसैगरी ९ प्रतिशत समाचारमा त प्रभावितका फोटो नै छापिएका थिए ।

सञ्चार माध्यमका लागि समाचार संकलन तथा प्रकाशन प्रशारण गर्न आचारसंहिता एक महत्वपूर्ण मार्गनिर्देशक औजार हो । यही कारण संसदमा विचाराधिन प्रस्तावित मिडिया काउन्सिल विधेयकमा पनि दफा ६ मा आचारसंहिता बनाई लागू गर्ने व्यवस्था राखी यसको निरन्तरता कायम राखिएको छ ।

युनाईटेड मिशन टु नेपालको नेपालमा यौनजन्य बेचबिखनका कारण, प्रक्रिया र जोखिमहरू सम्बन्धी अनुसन्धान प्रतिवेदन २०७४ का अनुसार, "अपराध नहुने वा निरूत्साहित गर्ने रणनीतिहरू, व्यवसायिक यौन शोषणका लागि हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय मागलाई घटाउने रणनीतिहरू तथा बेचबिखनका लागि कुनै पनि व्यक्ति संरचनागत र व्यक्तिगत दुवै अवस्थामा हुने जोखिमहरू न्यूनीकरण गर्न रणनीतिहरू तर्जुमा गर्नुपर्ने हुन्छ ।" यस्ता रणनीतिहरू निर्माण तथा प्रचार प्रसारमा सहयोग गरी प्रभावितहरूको न्यायमा पहँच बढाउन सञ्चार माध्यमले भूमिका खेल्न सक्दछन् ।

अपराधका नयाँ नयाँ आयाम, रणनीति, नीति तथा कानुन, अदालतका निर्णय र प्रभावितहरूको उद्धार तथा न्यायमा पहुँच र समाज वा परिवारमा पुनर्मिलनका समाचार सञ्चार माध्यमहरूमा लगातार आइरहेका हुन्छन् । त्यसैगरी मानव बेचबिखनको अपराध रोकथाममा सरकारी, गैरसरकारी क्षेत्रको भूमिका, गैरसरकारी क्षेत्रले सञ्चालन गरेका कार्यक्रम, उद्धारमा खेलेको भूमिका, पुनर्स्थापना गृहहरूमा पहुँच तथा अदालतसम्मको पहुँचका विषयमा गैरसरकारी संस्थाहरूले गरेका कामको जानकारी दिएर पनि सञ्चार माध्यमले न्यायमा पहुँच बढाइरहेका हुन्छन् ।

एटविनको सञ्चार विश्लेषण अध्ययन प्रतिवेदन २०७४ को तथ्यहरूले पनि यही पुष्टि गर्दछ । यो वर्ष विभिन्न पत्रपत्रिकाहरूमा मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित ५ सय ७२ वटा समाचारहरू छापिएका थिए । यी समाचारहरूले 3Ps – Prevention (रोकथाम), Protection (संरक्षण) र Prosecution (अभियोजन) मा जोड दिएका थिए । अझ पछिल्लो समयमा अगाडि सारिएको चौथो P अर्थात Partnership (साझेदारी) मा पनि जोड दिएर समाचारहरू छापिएका थिए । नेपाल सरकारले पनि सन् २०१२ मा तयार पारेको मानव बेचबिखन नियन्त्रण र रोकथाम सम्बन्धी कार्ययोजनामा रोकथाम वा निरोध, संरक्षण, कानुनी कारवाही, क्षमता अभिवृद्धि र समन्वय, सहयोग तथा सहकार्य भनेर पाँचवटा योजना र रणनीतिहरु उल्लेख गरेको छ ।

मानव बेचबिखन तथा ओसारपसार देशका प्राय सबै जिल्लाहरूमा र प्रायः सबै जातीय समुदायमा भएको समाचार अध्ययनहरूले जनाएकोले गैरसरकारी तथा सरकारी क्षेत्रलाई आफ्नो नीति तथा कार्यक्रम लैजान सहज भइरहेको छ । वैदेशिक रोजगारीमा जाने क्रम बढेसँगै प्रभावितहरू महिला पुरुष दुबै हुने गरेको पाइन्छन् । २०७४ सालमा प्रकाशित विभिन्न समाचार हरूलाई आधार मान्ने हो भने ८४ प्रतिशत महिला र १६ प्रतिशत पुरुष रहेका थिए भने उमेर समूहका आधारमा शुन्य देखी १७ वर्ष उमेर समूहहरूका ३२ प्रतिशत, १८ देखि २९ वर्ष उमेर समूहहरूका ४४ प्रतिशत र ३० देखी ४९ वर्ष उमेर समूहका २४ प्रतिशत थिए ।

अध्ययनहरुले मानव बेचबिखन तथा ओसारपसारमा एजेन्ट अथवा वैदेशिक रोजगार व्यवसायी बढी संलग्न रहेको देखाएतापनि यस्ता अपराधमा परिवारकै सदस्यहरूको संलग्नता रहेको देखिन्छ । अर्कोतर्फ बेचबिखन देश बाहिर मात्र होइन देशभित्रै पनि हुने गरेको विभिन्न अध्ययनहरूले देखाएको छ । २०७४ सालमा ५२ प्रतिशत समाचारहरूमा विदेशमा ओसारपसार गरिएका थिए भने ४ प्रतिशत देशभित्रैका थिए । बेचबिखनको उद्देश्यहरूमा यौन शोषणमा ३५ प्रतिशत, श्रम शोषणमा २७ प्रतिशत तथा ३५ प्रतिशतमा उद्देश्य नै खुलेका थिएनन् । समाचारको प्रकार र प्राथमिकताहरूलाई हेर्ने हो भने पनि सञ्चार माध्यमहरूले निकै प्राथमिकता दिएर त्यस्ता समाचारहरू प्रकाशन गरेको पाइन्छ । ५७ प्रतिशत

समाचारहरू हार्ड न्यूजका रुपमा थिए भने ४० प्रतिशत समाचारहरू सफ्ट न्यूज अर्थात फिचर आर्टिकलहरू थिए। त्यसैगरी ३ प्रतिशत सम्पादकीय थिए। प्रथम पृष्ठमा छापिएका समाचारहरू ६ प्रतिशत तथा अन्य पृष्ठहरूमा छापिएका समाचारहरू ९४ प्रतिशत हुनुले पनि सञ्चार माध्यमले दिएको प्राथमिकता पुष्टि गर्दछ । समाचार घटना हुनुभन्दा अथवा बेचबिखन तथा ओसारपसार हुनु अगाडिका ३६ प्रतिशत र घटना भएपछिका ६४ प्रतिशत थिए। यसरी हेर्दा समग्रमा सञ्चार माध्यमहरूले सरकारी र गैरसरकारी वा व्यक्तिका सूचनाका आधारमा प्रकाशन गरेका समाचारहरूले प्रभावितहरूलाई न्यायमा पहुँच बढाउन मद्दत पुगेको छ । सरकारी तथा गैरसरकारी निकायको पहुँचमा नआएका घटनाहरू पनि हुन सक्दछन् । सरकारी निकाय आफूकहाँ उजुरी आएपछि मात्र सक्रिय हुने हुँदा गैर सरकारी संस्थाहरूको भूमिका महत्वपुर्ण हुनसक्छ। तालिम तथा सचेतनाका लागि गाउँ गाउँसम्म पुग्ने गैससहरू नागरिक र सरकार बीचको सेतु पनि बन्न सक्छन् । राजनीतिक, आर्थिक तथा नीतिगत कारणले वा प्रशासनिक झण्झटले राज्यसम्म पहुँच बनाउन नपाएका नागरिक गैससम्म सजिलै पुग्न सक्छन्। गैससहरूले गरिरहेका असल अभ्यास एवं उत्कृष्ट कामहरू सञ्चार माध्यममा अझ बढी आउन सकेमा त्यसले प्रभावितहरूलाई न्यायमा पहुँच बढाउन मद्दत पुग्नेछ ।

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणमा जसरी सक्रिय रुपमा राज्य संयन्त्रबाट कामहरू भइरहेका छन् त्यसैगरी अपराधीहरू पनि नयाँ नयाँ रणनीतिका साथ अगाडि आइरहेका हुन्छन् । यसकै उदाहरण हो पछिल्लो समयमा भारतको मणिपुर, आसाम हुदै म्यानमारबाट नेपालीहरू तस्करी हुनु। नेपालबाट भारत लगायत अन्य देशमा मानव बेचबिखन हुने कुरा त प्रमाणित तथ्य नै हो । पछिल्लो समयमा बेचबिखनकर्ताहरूले नेपाललाई ट्रान्जिट बनाउन थालेका छन् । नेपाल भित्रै आन्तरिक बेचबिखनको अवस्था पनि बढ्दै गइरहेको छ। देशभित्रै निर्माण मजदुर, घरेलु काम, इट्टा भट्टा र व्यावसायिक यौन पेशा आदिका लागि बालबालिका, महिला र पुरूषहरूको समेत ओसारपसार हुने गरेको छ । क्याबिन रेस्टुराँ, डान्सबार, दोहोरी साँझ तथा मसाज पार्लर आदिमा समेत ओसारपसारको घटना भइरहेका छन्। यस्ता मानव बेचबिखन तथा ओसारपसारका घटनाहरू सार्वजनिक गर्नमा धेरैजसो प्रथम भूमिका सञ्चार माध्यमकै हुने गरेको छ जसले गर्दा सम्बन्धित निकायलाई उनिहरूको उद्धार तथा न्याय दिलाउने कार्यमा सहयोग पुगिरहेको छ । मानव बेचबिखनले तस्करीको रुप लिएर अफ्रिका तथा अमेरिकी महादेशसम्म ओसारपसार फैलिएका समाचार पनि सञ्चार माध्यमले नै सार्वजनिक गरेका थिए । जसले गर्दा राज्यलाई दुइपक्षीय वा बहुपक्षीय रणनीति बनाई काम गर्न सजिलो भइरहेको छ ।

अमेरिकाले हरेक वर्ष निकाल्ने मानब बेचबिखन सम्बन्धी ट्राफिकिङ ईन पर्सन (टिप) को पछिल्लो प्रतिवेदनले अझै पनि नेपालले मानव बेचबिखन नियन्त्रणमा पर्याप्त कदम चाल्न नसकेको ठहर गरेको छ। प्रतिवेदनले चुस्त अनुसन्धान हुनुपर्ने र नियम कानुनमा परिमार्जन गर्नुपर्ने औंल्याएको छ भने अर्कोतिर वैदेशिक रोजगारीका नाममा हुने बेचबिखनलाई सम्बोधन गर्न पनि प्रतिवेदनले सुझाव दिएको छ ।

एटविनले मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणका लागि आवश्यक पहल गर्न सम्बन्धित सबै निकायको लगातार ध्यानाकर्षण गराउँदै आएको छ । मानव बेचबिखन तथा ओसारपसार ऐनमा संघीय संरचना अनुसार संशोधन, संयुक्त राष्ट्रसंघको अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तरगतको मानव विशेषगरी महिला तथा बालबालिका बेचिबिखनलाई रोक्ने र सजाय गर्ने आलेख (पालेर्मो प्रोटोकल) को यथाशिघ्र अनुमोदनका लागि पनि एटविनले विभिन्न सरकारी नियकायहरू समक्ष पटक पटक ज्ञापनपत्रहरू बुझाउँदै आएको छ । त्यसैगरी मानव बेचबिखन विरुद्धको नयाँ राष्ट्रिय नीति निर्माण, मनोरञ्जन क्षेत्र लगायत आन्तरिक बेचबिखनको जोखिम क्षेत्रको नियमित अनुगमन र मानव बेचबिखनबाट प्रभावितहरूको उद्धार तथा स्वदेश फिर्ती सम्बन्धी कार्यविधि निर्देशिकाको निर्माणका विषयमा पनि एटविनले आवाज उठाउँदै आएको छ । यी हरेक कार्यहरूमा सञ्चार माध्यमको भूमिका निकै महत्वपुर्ण छ ।


हालै राष्ट्रिय मानव अधिकार अयोगले सार्वजनिक गरेको मानव बेचबिखन सम्बन्धि प्रतिवेदनमा मानव बेचबिखन पीडितहरूको न्यायमा पहुँच विगतको तुलनामा केही सुधार उन्मुख रहेको बताइएको छ। प्रतिवेदनका अनुसार मानव बेचबिखनमा परेकाहरूमा वयस्क मनोरञ्जन

क्षेत्रमा ७ हजार ८ सय, वैदेशिक रोजगारीमा १२ हजार, निकृष्ट बालश्रममा पनि १२ हजार र हराएका वा फेला नपरेका ३ हजार २ सय रहेको सञ्चार माध्यमहरूले जनाएका छन् । यसबाट सञ्चार माध्यमहरूले पनि चनाखो भएर रिर्पोटिङ गर्नुपर्ने अवस्था देखिएको छ । नियमित समाचारकासाथै खोजमूलक समाचारहरू बढी प्रकाशन हुन सकेमा मानव बेचबिखनका पीडित प्रभावितहरूको न्यायमा पहुँच अझ बढी सुरक्षित हुनसक्ने देखिन्छ । अझ विशेष गरेर जोखिपूर्ण उमेर समूहमा रहेका किशोर किशोरी वा वयस्कहरूले हेर्ने मनोरञ्जनात्मक कार्यक्रमहरूमा मानव बेचबिखन तथा ओसारपसार विरुद्धका सामाग्रिहरू राख्न पाए झन राम्रो हुन्छ ।

सञ्चार माध्यम आफै सक्रिय हुनुका साथै सरकारी, गैरसरकारी निकाय तथा पीडित प्रभावित वा उनीहरूका आफन्तहरूले समेत सञ्चार माध्यममा पहुँच बनाउने विषयमा रणनीतिक रुपमा काम गर्न जरुरी छ । सरकारले अझ बढी पारदर्शी भएर आफू प्रतिको विश्वास जनमानसमा बढाउने तथा उसले सञ्चालन गरेका हरेक क्रियाकलापमा सञ्चार माध्यम सँगसँगै लिएर हिड्ने हो भने धेरै हदसम्म बेचबिखनका घटनाहरू कम गर्न सकिन्छ । त्यसैगरी गैससहरूले पनि प्रतिवेदनमूखी भन्दा परिणाममूखी तवरले काम गर्ने तथा आफूहरूले सञ्चालन गरिरहेका परियोजनाहरूमा विश्वास योग्य तवरले सञ्चारकर्मीहरूको साथ लिन सक्नुपर्दछ । प्रभावितहरूले पनि आफू घर छाडेर निस्कनु अघि विश्वास योग्य व्यक्तिलाई बताएर हिड्ने, आफू निकट क्षेत्रका सुरक्षाकर्मी तथा सञ्चारकर्मीहरूको सम्पर्क नम्बरहरू लिइराख्ने तथा कुनैपनि अवस्थामा शंका लागेमा तत्काल सञ्चारकर्मी वा सुरक्षा निकायलाई खबर गर्न सकेमा थप जोखिम बाट बच्न सकिन्छ । त्यसैगरी मानव बेचबिखन तथा ओसारपसार भयावह अमानवीय अपराध हो भन्ने कुरा हामी सबैलाई थाहा भएकाले हरेक व्यक्ति आ-आफ्नो ठाउँबाट चनाखो रहने हो भने पनि जोखिममा पर्न लागेको व्यक्तिलाई बचाउन सकिन्छ ।

तर समस्या कहाँ छ भने, एउटै मुद्दामा दुई अदालत बीचको फैसलाहरूमा गम्भिर अन्तर हुने गरेको छ । सुन बहादुर तामाङ जसलाई जिल्ला अदालत नुवाकोटले मानव बेचबिखन तथा ओसारपसार मुद्दामा ३७ वर्ष ६ महिनाको कैद सजाय र २ लाख ५० हजार जरिवानाको फैसला सुनाएकोमा हालै उच्च अदालत पाटनले उनलाई सफाई दिएको छ । दुई अदालतहरूको फैसलाहरू बीच हुने यति गम्भिर अन्तरले न्यायमा पहुँचमा प्रश्न खडा गरेको छ । यस विषयलाई एटविनले गम्भिरतापूर्वक लिदै सम्बन्धित निकायको ध्यानाकर्षण समेत गराएको छ । सञ्चार माध्यममा पनि यो फैसलाको समाचारले प्राथमिकता पाएको छ । लगातारको हस्तक्षेप पछि पनि मानव बेचबिखन तथा ओसारपसारका घटना प्रतिको सोचलाई यो फैसलाले उजागर गरिदिएको छ । तर नियमित हुने मिडिया अध्ययन विश्लेषणले सञ्चार माध्यमको भूमिका जान्न मद्दत गरिरहेकाले अझैपनि भन्न सकिन्छ प्रकाशन/प्रशारण भएका समाचार तथा समाचारमूलक सामाग्रीहरूले प्रभावितहरूलाई न्यायमा पहुँच पुऱ्याउन सहयोग पुगिरहेको छ ।

*(लेखक आमसञ्चार, कानुन, मानव अधिकार तथा जेण्डर विषयमा कृयाशिल हुनुहुन्छ ।)*

## बधाई ज्ञापन !

**एटविनका पूर्व अध्यक्ष (२००५-२००६) एवं एटविनका सदस्य संस्था नारी सीप सिर्जना केन्द्र, मकवानपुरका संस्थापक अध्यक्ष श्री विष्णु ओझा ज्यू राष्ट्रिय समावेशी आयोगको सदस्यमा नियुक्त हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै यहाँको कार्यकालको सफलताकालागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**

**अन्जना शाक्य**
**अध्यक्ष तथा एटविन परिवार**

# मानव बेचबिखनका पीडित/ प्रभावितहरुको न्यायमा पहुँच र चुनौतिहरुको अवस्था !



✍ अधिवक्ता उमा तामाङ

मानव सभ्यताको कलंकको रुपमा स्थापित भइरहेको मानव बेचबिखन एव ओसारपसार विश्वमा लागू औषध र हातहतियार पछि तेश्रो ठूलो अपराधको रुपमा हेरिन्छ। पारिवारिक विखण्डनता, असुरक्षित आप्रवासन, लैङ्गिक हिंसा, धार्मिक एवं सांस्कृतिक मान्यता र परम्पराहरू, बाल विवाह, गरिबी, अशिक्षा, बाध्यात्मक श्रम, व्यवसायिक यौन शोषण, जस्ता कारणहरुले मानव बेचबिखनलाई प्रश्रय दिइरहेको पाइन्छ ।

मानव अधिकारको विश्वव्यापी घोषणा पत्रमा पनि पहिलो शर्त भनेको "सबैका लागि हिंसाबाट मुक्ति नै हो" । अझ महिला तथा बालिकाहरूलाई हिंसाबाट मुक्त गराई उनीहरुको मानव अधिकारको सुनिश्चतता गर्नु प्रथम दायित्व हो । तर विश्वका अन्य देशहरुमा जस्तै नेपालमा पनि महिला तथा बालिकाहरु विरुद्धको हिंसा आज पनि व्यापक रुपमा फैलिइरहेको छ जुन मानव अधिकार हनन्को बिषय हो । । नेपाल सरकारले कानुनी प्रावधानहरुलाई व्यवहारिक गर्दै महिला तथा बालिका विरुद्धको सबै प्रकारको हिंसाको अन्त्य लगायत उनीहरुको मानव अधिकारको रक्षाका लागि नीति तथा रणनीतिहरु अवलम्बन एवं त्यसको कार्यान्वयनको लागि कार्यक्रमहरुबनाई लागू गर्दै आएको छ । साथै कार्यक्रमको व्यवस्थापन र कार्यान्वयनको लागि जिम्मेवारीपूर्ण विभिन्न संस्थागत व्यवस्था पनि गरेको छ । जसको ज्वलन्त उदाहरणको रुपमा सत्य निरुपण ऐनमा भएको व्यवस्था अनुसार यौनजन्य हिंसालाई आममाफीका रुपमा क्षमादान दिन नसकिने अपराध मानेको छ ।

केही दशक अघिको तुलनामा मानव बेचबिखनको प्रकृति, प्रवृति र फैलावटमा व्यापकता आएको पाइन्छ । खासगरि विश्वव्यापारिकरण, उदारिकरण, शितयुद्धको अन्त्य र विश्व खुल्ला बजारिकरण व्यवस्थाको प्रभावसंगै यौनजन्य उद्देश्यको कारणबाट हुने बिक्री तथा ओसापसारमा मात्र सीमित नभई वैदेशिक रोजगार, घरेलु कामकाजको नाममा महिलाहरूको ओसारपसार बढ्दै गइरहेको पाइन्छ। परिवर्तित रुपमा यस्ता प्रकारका अपराधमा देखिएका स्वरुप र नवीनतम आयामहरुलाई नियन्त्रण गर्न सोही अनुसारको कानुनी व्यवस्था र संरचनाको आवश्यकता पर्दछ । यस प्रकृतिको अपराध नियन्त्रण र रोकथामको लागि जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन २०४३ हुदै हाल मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ प्रचलित रहेको छ जसले बेचबिखन भन्नाले,

क) कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने
ख) कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने
ग) प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने
घ) वेश्यागमन गर्ने ।

समयक्रमसँगै कानुनमा शंसोधन गर्ने क्रममा मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ जारी भएको र २०७२ सालमा यस ऐनमा समसामयिक संशोधन भए पनि प्रभावकारी रुपमा कानुन कार्यान्वयन हुन नसक्दा संगठित अपराध रोक्ने दिशामा अपेक्षित रुपमा सफलता मिलेको छैन । घटेका अपराधिक घटनाहरुको नियन्त्रण गर्न पनि अपेक्षित सफलता प्राप्त गर्न नसक्नुमा समग्र अभियोजन प्रभावकारी नभएको देखिन्छ । यसको प्रमुख कारणहरु मध्ये सुरुमा किटानी सहितको जाहेरी दरखास्त तथा कागज गर्ने पीडित साक्षीहरुले अदालतमा उपस्थित भई बकपत्र गर्दा प्रतिकूल बकपत्र गर्नु रहेको छ। जाहेरवाला/पीडित तथा प्रभावितहरुले प्रतिकूल बकपत्र गर्नाले मुद्दा असफल हुने मात्र नभई राज्यको श्रोत साधन खेर गई अपराधमुक्त समाज स्थापना गर्न र अपराध नियन्त्रण गरी शान्ति स्थापना गर्ने कार्यमा समेत थप चुनौती थपिदै गइरहेको

छ । त्यसैले मानव बेचबिखन मुद्दामा समयको परिवर्तन र त्यसका आयामहरुलाई सम्बोधन गर्न, पीडितहरुका लागि पुनःस्थापना गर्न समेत यो ऐनमा संशोधन आवश्यक छ । पीडित एवं प्रभावितहरुको जाहेरी दरखास्त दर्ता भई अदातलमा बयान प्रमाणितको लागि उनीहरू उपस्थित भइसकेपछि पुनः उनीहरू उपस्थित हुन नपर्ने वातावरण सिर्जना गरिनु पर्दछ ।

**मानव बेचबिखनका पीडित/प्रभावितहरुको न्यायमा पहुँच सहज र सरल वा पीडित मैत्री बनाउन के गर्नु पर्ला ?**

- सरकारी, गैर सरकारी र न्यायक्षेत्र बीच थप सशक्त र प्रभावकारी सम्बन्धको विकास आवश्यक रहेको छ ।
- होस्टाइल हुने क्रमलाई निरुत्साहित गर्न थुनछेकको लगत्तै वकपत्र, पीडितको सुरक्षाको प्रत्याभूति र परामर्श तथा होस्टाइल हुनेलाई कारबाही जस्ता विषयहरुमा प्राथमिकीकरण अनुरुप कारबाही प्रकृया अगाडि बढाउन जरुरी छ ।
- मानव बेचबिखनको मुद्दामा निरन्तर सुनुवाइको व्यवस्थाको वाबजुद पनि अपेक्षाकृत रुपमा फैसला छिटो हुन नसकेकोले यसलाई सम्बोधन गरिनुपर्ने ।
- पीडित संरक्षण कानुन लागू गरी बेचबिखनमा परेका महिला तथा बालबालिकाहरूलाई आवश्यक सेवा प्रदान गरिनुपर्ने ।
- देशका प्रमुख शहरहरुमा सञ्चालित मसाज पार्लर, डान्स बार, क्याबिन रेष्टुराँहरुलाई बेचबिखनरहित बनाउनु पर्ने र प्रभावितहरूको तत्काल उद्धार तथा पुनर्स्थापना गरिनुपर्ने ।
- बेचबिखनमा परेका महिला तथा बालबालिकालाई सुलभ र सहज ढङ्गले उचित क्षतिपूर्ति प्रदान गरिनुपर्ने ।

**गैरसरकारी संस्थाहरुको भूमिका**

- पीडितलाई सहयोगको लागि सरकारी निकायहरुसँग समन्वय गर्ने
- मानव बेचबिखनका प्रभावितहरूलाई आर्थिक तथा कानुनी सहयोग प्रदान गर्ने ।
- सल्लाह तथा सुझाव दिने, एवं क्षतिपूर्ति सम्बन्धमा बिशेषज्ञहरुसँग आवश्यक भएमा राय सल्लाह गर्ने
- निशुल्क परामर्श सेवा लगायत पीडितको क्षतिपूर्तिको लागि निरन्तर पहल गर्ने ।

**क्षतिपूर्तिको अधिकार :**

- सरकारले पीडितहरुको क्षतिपूर्ति र पुनरावृत्तिमा पहुँच प्रदान गर्न उपयुक्त प्रकृया स्थापित गर्ने र पीडितहरुलाई आफूले पाउने क्षतिपूर्ति अधिकार सम्बन्धमा जानकारी उपलब्ध गराउने ।
- मानव बेचबिखनमा परेका पीडितहरुलाई क्षतिपूर्ति उपलब्ध गराउने उपायहरु सुनीश्त गर्ने ।
- उपयुक्त र अनुपातिक ढङ्गमा पीडितहरुको आर्थिक मुल्याङ्कन गर्न सकिने क्षतिलाई परिस्थिति र क्षतिको गाम्भिर्यता बुझेर क्षतिपूर्ति प्रदान गर्न सकिने ।
- यदि क्षतिपूर्ति सम्बन्धमा पीडक वा अन्य श्रोतबाट प्राप्त नभएमा पूरा क्षतिपूर्ति उपलब्ध गराउन नसकेको खण्डमा राज्यले कोष मार्फत प्रदान गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

**के कस्ता चुनौतिहरुको सामना गरिरहनु परेको छ ?**

**न्यायिक पहुँचका पूर्व चुनौतिहरू :**

- पीडितहरु कानुनी प्रकृयाका बारेमा अनभिज्ञ हुने र न्याय प्राप्तिको पहल नै नगर्ने,
- पीडितहरुसँग श्रोत र साधनको कमी हुनु,
- सामाजिक परिवेश महिला मैत्री नहुनु जसले गर्दा न्यायको लागि पहल गर्ने महिला लञ्छित र बहिस्कृत हुने अवस्था सिर्जना हुनु,
- पीडित महिलालाई परिवारले सहयोग नगर्ने र दवाव दिनाले न्याय प्राप्तिको प्रयास असफल हुनु ।

**न्यायिक पहुँचका चुनौतिहरूमा :**

- दर्ता प्रकृयामा सुस्तता र यो प्रकृया पीडित मैत्री नहुनाले पीडितलाई न्यायिक प्रकृयाप्रति वितृष्णा हुनु,
- पीडितलाई बकपत्रको म्यादको जानकारीमा ढिलाई,
- पीडितले अदालतको फाँटबाट ढिलासुस्ती र असहयोग भएको गुनासो गर्ने गरेको,
- कागजात प्रतिलिपी लिनमा समस्या,
- कार्यव्यस्तता र समय अभावका कारण मुद्दाको वहसको दौरान अदालतमा सरकारी वकिलको उपस्थिति भएता पनि मुद्दा अवधिसम्म कम उपस्थिति रहने,
- वैदेशिक रोजगारको दौरानमा हुने मानव बेचबिखनको घटनामा प्रतिवादी पक्रन समस्या (जस्तै भारत मनिपुरबाट फर्काइएका अधिकाशं प्रभावित महिलाहरूले मुद्दा दर्ता गर्न अग्रसर

नभएको, दर्ता भई हालेता पनि अधिकांश मुद्दा मिलापत्र वा होस्टाइलमा अन्त्य हुने,

- पीडितलाई होस्टाइल हुन प्रतिवादी, अभिभावक र आफन्तले नै उक्साउने र उनीहरुले नै बन्दी प्रत्यक्षिकरणको रिट दायर गर्ने,
- फैसला कार्यान्वयन हुन नसक्नु र फैसलाको जानकरी पीडितले प्राप्त गर्न नसक्नु ।

**मानव बेचबिखनको मुद्दामा कारबाही सम्बन्धी अन्य व्यवस्थाहरू :**

**गोपनीयता :**

- उजुर गर्ने व्यक्तिले आफ्नो नाम गोप्य राख्न लिखित अनुरोध गरेमा प्रहरी कार्यालयले निजको नाम गोप्य राख्नुपर्ने ।
- उजुरकर्ताको काल्पनिक (कोड) नाम राख्ने, अनुसन्धान, अभियोजन र न्याय निरुपणको सिलसिलामा माग भएको अवस्थामा बाहेक अन्य अवस्थमा खुलासा गर्न हुंदैन ।

**सजाय नहुनेः**

- आफूलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउन लागेको थाहा पाई उम्कन भाग्न खोज्दा कसैले वाधा विरोध गरेमा बल प्रयोग गर्दा जोरजुलुम गर्ने व्यक्तिको ज्यान गएमा वा कुनै चोटपटक लागेमा कुनै सजाय नहुने ।

**मानव बेचबिखन मुद्दामा क्षतिपूर्तिका मान्य स्वरुपहरु :**

- प्रतिवादीबाट भराउने,
- प्रतिवादीलाई हुने जरिवाना रकमबाट भराउने
- क्षतिपूर्ति कोषबाट भराउने
- सिधा सरकारबाट भराउने
- पीडितलाई सरकारबाट उपलब्ध गराउने र सरकारले प्रतिवादीबाट असुल गर्ने

अन्त्यमा, समाजमा अपराधिक कार्य नियन्त्रण गर्ने फौजदारी न्याय प्रशासनको मुख्य उद्देश्य हो भने निर्दोष मानिसहरुका लागि निर्दोषिताको प्रत्याभूति र अपराध गर्ने व्यक्तिले दण्ड पाउनुपर्छ भन्ने विश्वास दिलाउनु सक्नुपर्छ । मानव बेचबिखनका स्वरुपहरु नियमन गर्न उक्त कानुनमा संशोधन हुन जरुरी भइसकेको छ र हाल संशोधनको तयारीमा रहेको हुदाँ छिटो भन्दा छिटो संशोधनको पहल कदमीको लागि नागरिक समाजको भूमिका अत्यन्त आवश्यक छ ।

विशेष गरी वैदेशिक रोजगारको नाममा हुने मानव बेचबिखन तथा ओसारपसारजन्य क्रियाकलापहरू नियमन गर्न विद्यमान कानुनमा संशोधनका साथै महिला र बालबालिकाहरूलाई बिशेष प्राथमिकता स्वरुप यौन शोषण, श्रम शोषण र गैरकानुनी अङ्ग प्रत्यारोपण लगायत सबै प्रकारका शोषणका लागि हुने बेचबिखन तथा ओसारपसारको सवाललाई सम्बोधन गर्न “मानव बेचबिखन बिषेश गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोकथाम गर्ने, दबाउने र सजाय गर्ने इच्छाधिन आलेख, २००० (पालेर्मो प्रोटोकल)” नेपाल सरकारले छिटो भन्दा छिटो अनुमोदन गर्न सफलता प्राप्त होस् ।

*लेखक माइती नेपालको कानुन अधिकृत हुनुहुन्छ ।*



# बधाई ज्ञापन !

एटविनका सदस्य संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का निवर्तमान अध्यक्ष श्री **सुबोध राज प्याकुरेल**ज्यू प्रदेश नं. १ को योजना आयोगको उपाध्यक्षमा मनोनित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै यहाँको कार्यकालको सफलताकालागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

अन्जना शाक्य
अध्यक्ष तथा एटविन परिवार

# बालबालिका बेचबिखन विरुद्ध बाल हेल्पलाइन नेपाल १०९८

**बाल हेल्पलाइन नेपालको छोटो परिचय :**
जोखिम, आपद्‌विपद् तथा समस्यामा परेका बालबालिकाहरूको आपत्कालिन सहयोगका लागि स्थापित बाल हेल्पलाइन नेपाल १०९८ एक महत्वपूर्ण बालसंरक्षण संरचना हो । नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, केन्द्रीय बालकल्याण समिति, नेपाल दूरसञ्चार प्राधिकरण तथा बालअधिकारका क्षेत्रमा क्रियाशील संघ-संस्थाहरूको साझेदारीमा यसको स्थापना र सञ्चालन गरिएको हो । नेपाल सरकारले बाल हेल्पलाइन सञ्चालन सम्बन्धी नीति निर्माण गर्ने, सञ्चालनको अनुमति दिने, क्षमता अभिवृद्धि एवं अनुगमन र नियमन गर्ने काम गरिरहेको छ भने नेपाल दूरसञ्चार प्राधिकरणले पैसा नलाग्ने फोन नं. १०९८ उपलब्ध गराएको छ । बाल हेल्पलाइनको दैनिक सञ्चालन गर्ने काम भने सामाजिक संघसंस्थाहरूले गरिरहेका छन् ।

नेपालमा हाल सञ्चालित बाल हेल्पालाइनहरू त्रिपक्षीय साझेदारीमा सञ्चालित छन् । बालबालिकाहरूको निमित्त यस प्रकारको आपत्कालिन सहयोगको लागि हेल्पलाइन सेवा दक्षिण एसियाका अफगानिस्थान बाहेकका मुलुकहरूमा सञ्चालित छन् । सार्क मुलुकहरू मध्ये भारत, पाकिस्तान, बंगलादेश, भुटान र नेपालमा एउटै फोन नम्बर १०९८ (दश नौ आठ) सेवा त्यहाँको सरकार तथा संघ-संस्थाहरूको साझेदारीमा सञ्चालित रहेको छ । कुनै एक मुलुकबाट अर्को छिमेकी मुलुकमा बालबालिकाहरू भागेर वा बेचबिखनमा परेर जानसक्ने भएकाले बालबालिकाहरूलाई सार्क मुलुकमा जहाँ गए पनि कुनै समस्या परेमा तत्काल सहयोगको निम्ति फोन सम्पर्क गर्न सकियोस र प्रभावितहरूले हेल्पलाइन सेवा लिन सकुन् भन्ने अभिप्रायले यी मुलुकहरूले बालबालिकाहरूको निम्ति हेल्पलाइन सेवाको लागि एउटै नम्बर १०९८ प्रयोगमा ल्याएका हुन् । छिमेकी मुलुकहरूमा एउटै नम्बर र समान प्रकारको सेवा उपलब्ध हुनुले आपतकालिन अवस्थाका बालबालिकाहरूलाई उद्धार तथा स्वदेश फिर्तिमा सहजता आएको छ ।

हाल नेपालको प्रदेश नम्बर २ बाहेक ६ वटै प्रदेशहरूका जिल्लाहरूमा जम्मा १२ वटा स्थानहरूमा बाल हेल्पलाइनहरू सञ्चालनमा रहेका छन् । तिनीहरूमध्ये ६ वटा जिल्लाहरू क्रमश: मोरङको विराटनगर, मकवानपुरको हेटौंडा, काठमाडौंको तिनथाना, कास्कीको पोखरा, बाँकेको नेपालगञ्ज र कैलालीको धनगढीमा सञ्चालित बाल हेल्पलाइनहरू सिविन-नेपालसँगको साझेदारीमा सञ्चालित छन् । त्यसैगरी अन्य ६ जिल्लाहरु चितवनको नारायणघाटमा दियालो परिवार, उदयपुरको गाइघाटमा नास्पेक, सुनसरीको इटहरीमा बाल आवाज, दैलेखको दैलेखमा सामाजिक सेवा केन्द्र नेपाल, सुर्खेतमा आवाज नेपाल र बाजुरामा पिसविन नेपालले बाल हेल्पलाइन सेवा सञ्चालन गरिरहेका छन् । यी हेल्पलाइनहरूमा ठूलो संख्यामा बालबालिकाहरूका समस्याहरू दर्ता हुने गरेका छन् र ती समस्यामा परेका बालबालिकाहरूले आवश्यक सहयोग पनि पाइरहेका छन् । यसरी बाल हेल्पलाइनमा आइरहने बालबालिकाहरूका समस्याहरूमा बेचबिखनका समस्याहरू पनि उत्तिकै छन् । बाल हेल्पलाइनमा दर्ता भएका बालबालिकाहरूको बेचबिखन सम्बन्धी घटनाहरू मध्ये एउटा त्यस्तै घटनालाई प्रतिनिधिमूलक घटनाका रूपमा यहाँ प्रस्तुत गरेका छौं । बालिकाहरूको सुरक्षाको कारणले बालिकाको पहिचान गोप्य राखिएको छ ।

**बेचबिखनबाट बच्न सफल बालिकाको संघर्षको कथा ।**

**घटना विवरण,**

मिति २०७३ साल जेठ ११ गतेका दिन दिउँसो बाल हेल्पलाइन, काठमाडौंको एकजना बेचबिखनमा परेकी बालिकाको घटना दर्ता भयो । फोन गर्ने व्यक्ति स्वयं प्रभावित बालिकाकी आफन्त हुनुहुन्थ्यो । वहाँको बोलीमा आक्रोस र पीडा झल्कन्थ्यो । घटना दर्ता गर्न प्रहरीले देखाएको उदासिनता प्रति वहाँको आक्रोस थियो । वहाँले रुदै फोनबाट हामीलाई घटना विवरण टिपाउनु भयो जुन यस प्रकार थियो, बालिका (परिवर्तित नाम मेरी) लाई २०७३ बैशाख १३ गते २ जना मानिसहरूले धम्क्याएर जबरजस्ती

कतै लगे । मेरी हराइन् भनेर हल्ला चल्यो । हामीले मेरीको फोन कुर्दै २ दिनसम्म त्यत्तिकै बस्यौं । खोजी कार्यको लागि कतै पनि खबर गरेनौं । चार दिन पछि मात्र मेरीलाई लिएर जाने मानिसहरूबारे थाहा पायौं । पाँचौ दिनमा मेरीसँग फोन सम्पर्क भयो । मेरीलाई ती मानिसहरू खराब हुन् भन्ने लागि सकेको रहेछ । उनले आफूलाई ती व्यक्तिहरूले बेचबिखनका लागि लान खोजेका छन् भन्ने जानकारी हामीलाई फोनमा दिइन् । मेरी कसैगरी उनीहरूबाट उम्किएर एकहप्ता पछि बैशाख २० गते घर आइपुगिन् । मेरीसँग सोधखोज गर्दा उनी बेचबिखनमा नै परेको निश्चित भएपछि “बालिकालाई अन्याय भयो, न्याय पाउँ” भन्दै म प्रहरीमा गएँ । तर प्रहरीले घटना दर्ता गर्न कुनै चासो देखाएन । त्यसैले मैले बाल हेल्पलाइन नेपालको १०९८ मा खबर गरेकी हुँ ।

मेरीको त्यति कुरा अभिलेख गरिसकेपछि हामीले उनलाई हेल्पलाइनको सक्दो सहयोग रहने कुरा बतायौं । त्यसपछि बाल हेल्पलाइनको प्रक्रिया शुरू भयो ।

**प्रक्रिया नं. १. बालिका (मेरी) सँग छलफल,**

बालिकाको बारेमा प्राप्त सूचनालाई आधार मान्दै हामी पीडितसँग कुरा गर्न उनको घर काठमाडौंबाट टाढा भएकाले कुराकानीको उपयुक्त माध्यम टेलिफोनलाई बनायौं । बालिकाले रूँदै बाल हेल्पलाइनबाट पीडकहरू एवं घटनाका बारेमा बताइन । बालिकाले बताए अनुसार बालिकालाई अपहरण गर्ने निज व्यक्तिसँग उनको चिनजान २०७३ बैशाख १ गते भएको हो । त्यसपछि कुराकानी हुँदा उसले बिहे गरौं भन्थ्यो । उसको कुरालाई बालिकाले सुनेको नसुन्यैं गर्थिन् । एकदिन २०७३ बैशाख १३ गतेका दिन दिउँसोतिर बालिका नुहाउन, लुगा धुन र गहुँ काट्न भनी खेतमा गएको थिइन् । लुगा धोएर सकिएपछि उनी काममा लागिन् । करिब ३ बजेतिर निज व्यक्ति र उसको नातेदार त्यही खेतमा आइपुगे र पहिलेको जस्तै सँगै हिंड्, बिहे गरौं भन्न थाल्यो । बालिकाले मेरो उमेर पुगेको छैन, पढ्ने बेला हो, बिहे गर्दिन भनिन् । उनीहरूले “सँगै गईनस भने हामी तेरै घरमै जान्छौं” भन्न थाले । त्यसपछि उनीहरूले हिड्ने भए हिंड नत्र तेरो ईज्जत लुट्छौं भनेर लतारेपछि ईज्जतका लागि बालिका हिड्न बाध्य भइन् । त्यसपछि त्यो दिन तिनिहरूले बालिकालाई निज व्यक्तिको आफन्तको घरमा लगे । भोलिपल्ट एउटा शहरमा लगेर एउटा होटलमा राखे । त्यसबीच तिनीहरूले सल्लाह गरेको बालिकाले सुनिन् । उनी धेरै डराइन् । उनीहरूले “यहाँ होटलमा धेरै मान्छेहरूको चहल पहल हुन्छ, अन्तै लगौं” भनेको कुराले उनी अक्क न बक्क परिन् । बैशाख १५ गते उनीहरूले एउटा मन्दिरमा लगेर निजसँग बालिकाको विवाह गराइदिए । त्यहाँ एकजना महिलालाई सासु आमा हो भनेर चिनाए । त्यसपछि उनीहरूले बालिकालाई बसपार्कबाट टाढाको एक होटलमा लगेर राखे । त्यहाँ उनीहरूको सल्लाह झन डरलाग्दो थियो । उनीहरूले “केटी सोझी छे जसरी भएपनि इण्डिया लगौं, त्यहाँ जसरी भएपनि व्यवस्था होला” भनेको बालिकाले सुनिन् । उनीहरूले बालिकालाई “तेरो विवाह दर्ता भएको छैन, एक जना मान्छे जान्छ, उसँगै इण्डिया जानु पर्छ है” पनि भनेका थिए । त्यस बेलासम्म बालिकाको घरमा सम्पर्क हुन सकेको थिएन । त्यसदिन बालिकाले घरमा फोन सम्पर्क गर्ने मौका पाइन् । लुकेर गरेको त्यस फोनमा उनले आफू समस्यामा परेको बताइन् । घरमा फोनबाट सल्लाह गरेपछि बालिकाले उनीहरूबाट फुत्किने जुक्ति निकाल्न थालिन् । आफन्तले जग्गा पास गर्नुछ भनेर बोलाए, जग्गा पास गर्न एक पटक घर गएर फर्कन्छु भनेर बालिकाले उनीहरूलाई सुनाइन् । उनीहरूले नि हुन्छ भनेर स्वीकृति दिए । त्यसपछि बालिका वैशाख २० गते घर फर्किइन् । घरमा आएर उनले अभिभावकलाई सबैकुरा सुनाइन् । बालिकासँग बिहेको नाटक गर्ने व्यक्ति दुइवटा बच्चाहरूको बाऊ रहेको कुरा पनि थाहा हुनआयो । बेचबिखन हुनबाट मुस्किलले बचेको कुरा बुझेपछि बालिकाको अभिभावकले प्रहरीमा निवेदन दिए तर प्रहरीले उल्टै मिलापत्र गराउन खोजिरहेको छ । ‘म ती अपराधीलाई कानुनी कार्वाही भएको हेर्न चाहन्छु’, मेरी दृढताकासाथ भन्छिन् । बालिकाको घटनाको विस्तृत विवरण फोनबाट सुनिसकेपछि हामीले हाम्रो तर्फबाट हुने सहयोगमा कुनै कमी नरहने बतायौं ।

**प्रक्रिया नं. २. प्रहरी कार्यालयमा सम्पर्क,**

बालिकाको घटना विवरण हातमा लिएर हामीले सम्बन्धित प्रहरी कार्यालयमा फोन गर्‍यौं । हामीले एकजना जिम्मेवार प्रहरी अधिकृतसँग घटना र सो को कार्वाहीका बारेमा चासो राख्यौं । अधिकृतले अभियुक्त हिरासतमा रहेको तर मिलापत्रलाई कुराकानी हुदैं गरेको बताए । हामीले उनलाई मानव बेचबिखन जस्तो जघन्य

अपराधमा प्रहरीबाटै मिलापत्रको कुरा आउनुलाई उचित नभएको बतायौं ।

**प्रक्रिया नं. ३. महिला तथा बालबालिका कार्यालयसँग सम्पर्क**

प्रहरीसँगको कुरामा चित्त नबुझेपछि हामीले तत्कालै महिला तथा बालबालिका कार्यालयका बाल संरक्षण अधिकारीसँग यस घटनाका सम्बन्धमा परामर्श गर्‍यौं । उनले आफूले बालिकालाई भेटेर कुरा गर्ने र आवश्यक सहयोग पुर्‍याउने बचन दिए । हामीले २०७३ जेठ १२ गतेका दिन पुन ती अधिकारीसँग फोन मार्फत फलोअप गर्‍यौं । उनले 'पीडकलाई प्रहरीले पक्राउ गरी हिरासतमा लिएको छ र मुद्दा कुन चलाउने भन्ने बारेमा म आफू पनि सि.डि.ओ. सँग सल्लाह गर्छु" भनेर जानकारी दिए । बालिकासँग पनि भेटघाट गरी कुराकानी गरेको उनले बताए ।

यता बालिकाकको अभिभावकले पनि हामीलाई घटनाका बारेमा जानकारी दिइरहेका थिए । पछिल्लो जानकारीबाट परिवारलाई स्थानीय स्तरबाट नै मिलापत्रका लागि ठूलो दवाब आइरहेको थाहा भयो । हामीले फेरी बाल संरक्षण अधिकारीसँग फोन सम्पर्क गर्‍यौं । कुराकानीमा उनी पनि कानुनी लडाईंमा लाग्ने कुराबाट पछि हटेको आभास पाइयो । 'पैसा पाएमा बालिका समेत मिल्न राजी भएको आफूले सुनेको छु, यस्तै छ के गर्ने !' भनेर उनले भने जसबाट उनी स्वयम् पनि दवाबमा परेको अड्कल गर्न सकिन्थ्यो । उनको कुरा चित्त नबुझेपछि हामी अर्को उपाय तिर लाग्यौं ।

**प्रक्रिया नं. ४. मन्त्रालय र केबाकससँग सहयोगको माग**

बाल हेल्पलाइनको तर्फबाट २०७३ जेठ १६ गतेका दिन हामीले महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा मानव बेचबिखन नियन्त्रण शाखा प्रमुखलाई घटनाका बारेमा जानकारी गरायौं । उनले आफ्नो मातहत कार्यालयमा कुरा बुझ्ने र जसरी भएपनि मुद्दा दर्ता गराउन सघाउनु भनेर निर्देशन दिने बताउनु भयो ।

हामीले केन्द्रीय बाल कल्याण समितिका कार्यकारी निर्देशकको पनि ध्यान आकर्षण गराइसकेका थियौं । उनले यस विषयमा सि.डि.ओ.लाई भनिसकेका रहेछन् । हेल्पलाइनको यसप्रकारको मेहनतले गर्दा यस घटनाले केन्द्रीय स्तरमा समेत ध्यान आकर्षण गरेको र घटना आमसञ्चारमा समेत जानसक्ने देखिएपछि प्रहरीलाई घटनालाई मानव बेचबिखन अन्तर्गत मुद्दा चलाउन दवाब पर्‍यो । र सोही अनुसार जिल्ला अदालतमा मुद्दा दायर भयो ।

**अभियुक्तहरू जेलमा, बालिका उच्च शिक्षामा**

यस मुद्दामा जिल्ला अदालतको फैसलामा 'अभियुक्तहरूलाई मानव बेचबिखन जस्तो जघन्य अपराधमा जनही १० वर्षको कैद सजाय तोकिएको छ' भन्ने आयो । बालिका, परिवार र बाल संरक्षण तथा मानव बेचबिखन विरुद्ध लाग्ने हामी सबैका लागि अदालतको यो फैसला एउटा सुखद खबर बनेको छ । यसले समाजमा अपराध गर्नेलाई कार्वाही हुन्छ भन्ने सन्देश पनि प्रवाह गरेको छ । यसैगरी बाल हेल्पलाइन नेपाल १०९८ ले गरेको अविरल प्रयासबाट बालिकाले न्याय पाएकी छन् भने बाल हेल्पलाइनको यो प्रयत्नले पीडित बालिकाको न्यायिक हक स्थापित गर्न सफल भएको छ । यसरी मुद्दा छिनिएपछि बालिका र निजको परिवारले बाल हेल्पलाइन प्रति कृतज्ञता व्यक्त गरेका छन् । परिवारले भनेको छ, "हामीलाई अत्यधिक तनाव तथा समस्या परेको बेला सहयोग गर्ने कोही नभएको अवस्थामा बाल हेल्पलाइनको सहयोग मिलेको छ । हामी बाल हेल्पलाइनको यस महत्वपूर्ण सहयोगको निम्ति धेरै खुशी छौं र आभार व्यक्त गर्दछौं ।"

अपराधीहरुले जेल सजाय पाएपछि ती बालिकाले आफ्नो अध्ययनलाई निरन्तरता दिन थालिन् । ढुक्कसँग पढ्न थालेपछि उनको पढाइको स्तर बढ्न थाल्यो । उनले ए प्लस ल्याएर एस.ई.ई. पास गरिन् र स्थानीय उच्च मा.वि.मा उच्च शिक्षा आरम्भ गरिन् । उनी राम्रो पढेर र सक्षम बनेर मानव बेचबिखन विरुद्धको अभियानमा लाग्ने सोचमा छिन् । उनको उत्तरोत्तर प्रगतिको लागि बाल हेल्पलाइनका तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

*बाल हेल्पलाइन नेपाल १०९८*
*तिनथाना, काठमाडौ*



घटना अध्ययन

# मृगौला बेचबिखनमा पीडितले पाए न्याय

पृथ्वी (नाम परिवर्तन गरिएको) को स्थायी घर गोरखा हो तर उनी अस्थायी रुपमा चितवन जिल्लास्थित भरतपुर उप-महानगरपालिकामा बस्थे । घरको आर्थिक अवस्था कमजोर थियो । १९ वर्षिय पृथ्वी पोखरामा घर बनाउने काम गर्दै आइरहेका थिए । एकदिन अमृत गुरुङ नाम गरेका एकजना व्यक्तिले मासिक १०,००० रुपैयाँ तलबमा काममा लगाइदिन्छु भनी पृथ्वीलाई प्रलोभन देखाए । कुरो २०७३ साल साउन पहिलो हप्ताको हो । अमृतले पृथ्वीलाई श्रावण ९ गते काठमाण्डौको कलंकीमा ल्याई बिनु बहादुर तिमिल्सिना नामको मानिसको जिम्मा लगाए । केही दिन काठमाण्डौको एउटा होटलमा बस्ने क्रममा पृथ्वी सामान्य ज्वरोबाट ग्रसित भइरहेका थिए । 'ज्वरो नि रहेछ, टाउको दुख्या होला, ल यो औषधी खाऊ, चट्ट निको हुन्छ', भन्दै अमृतले पृथ्वीलाई एउटा औषधी दिए । 'औषधी समातेको याद छ', पृथ्वी सम्झन्छन्, 'होस खुल्दा भारतको एउटा अस्पतालमा पो रहेछु ।' संगठित गिरोहको सहयोगले उक्त अस्पतालमा पृथ्वीको मृगौला झिकेर बिक्री गरिसकिएको थियो । 'बाटोमा 'पैसा लुट्न गुण्डाले छुरी हानेको थियो', अमृत पृथ्वीलाई भ्रमित पार्दै भन्दै थिए, 'तपाइँ बेहोस भएकोले उपचारका लागि अस्पताल ल्याइएको हो ।'

जसोतसो पृथ्वीले अस्पतालमा २ महिना बिताए । एकदिन एक जना अपरिचित भारतीय व्यक्तिले दिल्लीबाट काठमाण्डौ आउने बसमा चढाइदिएपछि पृथ्वी काठमाण्डौको कलंकी आइपुगे । काठमाण्डौ ओर्लेपछि पृथ्वी सोझै बिनु बहादुरकहाँ गए र पेटमा रहेको घाउको खत देखाए । 'ओ हो, गुण्डाको फेला परेछौ भाई, जे हुनु भैगयो, घाउ नि निको भएछ', बिनु बहादुरले सम्झाउँदै भने र पृथ्वीको हातमा २८ हजार नेपाली रुपैयाँ राखिदिए र फेरि भने, 'महंगीमा के काठमाण्डौ बस्छौ, अब घर फर्के जाति होला ।' हातमा पैसा पनि पाए, बिनु बहादुरको सल्लाह ठिकै होला त भनी पृथ्वी घर फर्के । घरमा रहँदा बस्दा स्वास्थ्यको अवस्था तलमाथि भइरहेकोले उनका दाजुले २०७३ पुस १ गते चितवनको पुरानो मेडिकलमा लगी एक्सरे गर्दा उनको दायाँ पट्टिको मृगौला निकालेको थाहा हुनआयो । 'त्यस्तो कसरी भयो ?', पृथ्वीको दाजु भाईको अघिल्तिर पड्कीए । पृथ्वीलाई पत्यार नै लागेन । उनले सबिस्तार दाजुलाई भने । त्यसपछि प्रतिवादीहरू बिनु बहादुर तिमिल्सिना, प्रकाश बस्नेत, अमृत गुरुङ, नारायण नेपाली, भिम प्रसाद न्यौपाने समेतको मिलोमतोमा सो कार्य गरेको हुनाले नीजहरू विरुद्ध मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ अनुसार कानुन बमोजिम कारवाही गर्न र अन्य संलग्न प्रतिवादीहरूलाई पक्राउ गरी सजाय गरिपाऊँ भनी पृथ्वीले २०७३ पुस ८ गते प्रहरीमा जाहेरी दिए ।

जिल्ला सरकारी वकिल कार्यालय, काठमाण्डौले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को दफा ३(१) विपरीत प्रतिवदीहरूले पीडित पृथ्वीलाई घरबाट झुक्याई काठमाण्डौं ल्याई बेहोस् बनाई भारत लगी शरीरको अङ्ग झिकी बिक्री गरेको हुँदा निजलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ को परिच्छेद २ को दफा ३ र ४(१)(ग) बमोजिम कसुर गरेको हुँदा ऐ. को दफा १५(१)(ग) बमोजिम सजाय गरी ऐ.को दफा १७ बमोजिम पीडितलाई क्षतिपूर्ति भराइदिन तथा प्रतिवादी मध्येका बिनु बहादुर तिमिल्सनाले यसभन्दा अगाडि पनि वादी नेपाल सरकार र प्रतिवादी लक्ष्मी प्रसाद श्रेष्ठसमेत भएको मुद्दामा पनि सजाय पाएको हुनाले निजको हकमा ऐनको दफा १५ (५) बमोजिम थप सजाय हुन तथा यी प्रतिवादीहरूले पीडितको अङ्ग खरिद बिक्री गर्ने प्रयोजनको लागि अङ्ग प्रत्यारोपण सम्बन्धी क्रियाकलापमा समेत संलग्न भई मानव शरीरको अङ्ग प्रत्यारोपण नियमित र निषेध ऐन, २०५५ को दफा १३ समेतको व्यवस्था विपरित ऐनको दफा २३ बमोजिम कसुर अपराध समेत गरेको हुँदा निज प्रतिवादीहरू विकास भन्ने बिनु बहादुर तिमिल्सिना, भिम प्रसाद न्यौपाने, प्रकाश बस्नेतलाई ऐनको दफा २४(१) बमोजिम सजाय हुन अभियोग माग दावी २०७३ माघ २ गते काठमाण्डौं जिल्ला अदालतमा दर्ता भयो ।

मिति २०७५ साल चैत्र १२ गते काठमाण्डौं जिल्ला अदालतका माननीय न्यायाधीश कृष्णप्रसाद पौडेलले अभियोग माग दाबी ठहर गर्दै मुख्य आरोपी विकास भन्ने

बिनु बहादुर तिमिल्सिनालाई ११ वर्ष कैद र पीडितलाई २ लाख क्षतिपूर्ति तथा अन्य दुई जना अभियुक्त प्रकाश बस्नेत र भिमप्रसाद न्यौपानेलाई सफाई हुने गरी फैसला भयो ।

नेपालमा मृगौला बेचबिखन डरलाग्दो रूपमा बढ्दै गएको छ । मानिसलाई गलत सूचना दिई झुक्यानमा पारी, केही पैसाको लोभ देखाई थाहा नदिई मृगौला झिकी बिक्री गर्ने गरिएको देखिन्छ ।

यस मुद्दामा शुरुदेखि नै फोरम फर प्रोटेक्सन अफ पिपुल्स राइट्स नेपाल (पिपिआर) ले पीडित पृथ्वीलाई पूर्ण रूपमा कानुनी सहायताका साथै घरबाट (चितवन) काठमाण्डौं आउजाउ गर्न आर्थिक सहयोग समेत प्रदान गरेको थियो । लामो समससम्मको अथक परिश्रम र प्रयासपछि यस मुद्दामा पीडित पृथ्वीले न्याय पाउन सफल भएको देखियो ।

*(पी.पी.आर संस्थाबाट प्राप्त)*

घटना अध्ययन

# आर्केस्ट्रामा बेचिएको कला र जीवन

यदि मलाई नाच्न न आएको भए म बेचिनु पर्दैनथ्यो होला। जब मेरो परिश्रमको कमाई अरुले खाएको छ भन्ने सुनें, बल्ल थाहा पाएँ कि म त बेचिएको रहेछु। परिवारलाई सम्झिएँ आफ्नो गरिबीलाई सम्झिएँ र आफूमा भएको नाच्न जान्ने सीपलाई सम्झिएर आफैलाई धिक्कार्दै रोएँ, कराएँ तर परिस्थिति र बाध्यता फरक थियो ।

१४ वर्षको बाल्यकालमा मागी विवाह गरेर घरगृहस्थी सम्हाल्न बाध्य म दिन प्रतिदिन श्रीमान्को व्यवहारबाट पीडित हुँदै गए। विवाहको दुई दिनपछिबाट नै श्रीमान्बाट अपेक्षित माया पाउन नसकेको मैले दिन प्रतिदिन शारीरिक र मानसिक यातना भोग्न बाध्य भएँ। बाल्यकालमा रमाउनुपर्ने मेरो जीवनले सहनुपरेको शारिरीक र मानसिक पीडाको कारण कमजोर हुँदै गएँ जसको कारण अन्तत मैले श्रीमानको घर छोडेर माइतमा आई बस्न बाध्य भएँ। माइतीको ठूलो परिवार, कमजोर आर्थिक अवस्था, दैनिक जीवनयापन गर्नको लागि बढ्दै गएको समस्याले मलाई केही काम गरेर पैसा कमाउने र घरको आर्थिक अवस्थामा सुधार ल्याउने चाहाना बढ्दै गयो र कामको खोजीमा भौतारिरहेको थिएँ । एकदिन साथीको सहायताबाट चाउचाउ उद्योगमा चाउचाउ प्याकिङ्को काम पाएँ र काम गर्न थालें ।

चाउचाउ कारखानामा सँगै काम गर्ने साथीको छोरी जन्मिएको उपलक्ष्यमा एउटा कार्यक्रम आयोजना गरिएको थियो । रमाइलोको लागि मैले नृत्य गरें र सोहि क्रममा मनोज धोबी नाम गरेको एकजना मान्छेसँग भेट भयो । ऊ मैले काम गर्ने कारखानामा हरेक दिनजसो आउँथ्यो र इण्डियामा तिमीलाई यो भन्दा सजिलो र धेरै आम्दानी हुने काम लगाइदिन्छु भनी मलाई फकाउँथ्यो। तिमीलाई डान्स राम्रो आउँदो रहेछ। इण्डियामा डान्स गरेर राम्रो कमाउन सकिन्छ। सुटिङ पनि गराउँछ भनी उसले हरेक दिन फकाउन थाल्यो। दैनिक २०,००० भा.रु. कमाइ हुने र घरबाट नै लाने ल्याउने सुविधा छ भनेपछि परिवारको सल्लाहमा भारतको निचलौलस्थित महाराजगंज, कटरा चौराहा मधवलिया रोडस्थित करन रिकार्डिग डान्स पार्टी एण्ड डि.जे. पार्टीमा मलाई छोडेर ऊ त्यहाँबाट मलाई साँझ लिन आउँछु भनी निस्कियो । मुख्य बाटोबाट साँघुरो गल्ली भित्रको एउटा घरको बीचको तलामा अँध्यारो कोठा भित्र मलाई लगियो । कोठा माकुराको जालोले भरिएको र फोहोरको गन्ध आइरहेको थियो । एकछिन पनि त्यहाँ बस्नलाई गाह्रो भएको महशुस हुँदै थियो मलाई । त्यहाँ म लगायत ५/६ जना भारतीय युवतीहरु पनि थिए । एकैछिनमा कोठाभित्र साहुनी लुगाको झोला बोकेर पसी र लुगा लगाएर तयार हुनका लागि भनी। लुगाको झोलाबाट लुगा लगाउन थाले तर सबै लुगा शरीरका अङ्गहरु देखिने खालका थिए। मैले लुगा लगाउन मानिन । त्यो देखी साहुनी चिच्याउन कराउन थाली अनि बाध्य भएर मैले त्यस्तो बेरुपी लुगा लगाउन बाध्य भएँ। नाच्नका लागि हामीहरुलाई लिनका लागि गाडी आएको रहेछ । हामी गाडी चढेर नाच्ने ठाँउमा पुग्यौं । पहिलो पटक नाच्दाँ मलाई उनीहरुको नियम थाहा थिएन। मैले साधारण नाच नाचेको थिएँ। तर त्यो दिन मैले साहुनीबाट धेरै गाली खानु पऱ्यो। मैले उत्तेजक एवं कामुक नाच ननाचेकोमा साहुनी एकदम

क्रुद्ध थिइन् । मलाई बाध्य बनाएर कामुक नाच नाच्न लगाइन्थ्यो । कति पुरुषहरु म माथि पैसा उडाउँथे र त्यही बहानामा मेरा शरीरका अंगहरु छुन खोज्थे । मेरो नाच्ने कलामाथि र मेरो शरीरमाथि हरपल शोषण मात्र गरिन्थ्यो । दैनिक भोजपुरी र हिन्दी गीतमा नाच्नु पर्थ्यो । साहु-साहुनीको व्यवहार ठिकै थियो । महिनादिनपछि जब तलब लिने समय आयो, तलब माग्दा साहुले तिम्रो तलब १ महिना पहिले नै मनोजले लगिसक्यो भनेर सुनायो, म छाँगाबाट खसेजस्तो भएँ । वास्तवमा मलाई मनोजले त्यहाँ बेचेको रहेछ, म बेचिएको रहेछु भन्ने थाहा पाउँदा मनोजलाई कति खेर भेटेर उसँग मेरो यो हालतको हिसाब गरुँ भयो । एक त मलाई यहाँ ल्याई बेचेको त्यसमाथि पनि मेरो पारिश्रमिकमा उसले मोज गरिरहेछ भन्ने थाहा पाएपछि म घर जान्छु भनी रोइकराई गर्न थालें । साहुनीले त्यो सुनी जाने भए पहिले तेरो बहिनीलाई बोला अनि जालिस् भनी ओंठे जवाफ दिन्थी ।। छ महिनासम्म म बिना तलब डान्स गरिरहें । काम म गर्थे तलब अर्कोले खान्थ्यो । कुनै दिन पनि बिदा भन्ने हुँदैन थियो । आज म बिरामी छु भन्दा पनि नाच्न बाध्य बनाइन्थ्यो । आफ्नो कलाले जीवन जिउँछु भनेर पनि सन्तुष्टी र खुशी पाउन नसकेको मैले अन्तत यो पेशाबाट मुक्ति पाए ।

हरेक दिन परिवारलाई भेट्ने इच्छा बढ्दै जान थाल्यो । काम गर्न मन लाग्नै छाड्यो । दिनप्रतिदिन आफू बेचिएको महसुस बढ्दै गयो । यो कुरा जब घरमा बताएँ अनि दिदी (फूपुले) आफन्त नेपाललाई निवेदन दिनु भयो । आफन्त नेपाल (KIN NEPAL), कोटवाली पुलिस थाना, ठुठीवारी र निचलौल पुलिस थानाको सहयोगमा मेरो त्यहाँबाट उद्धार भयो र परिवारमा पुनर्मिलन हुन पायो । नारकीय जीवनबाट मुक्ति पाएर पुनर्जन्म पाएकोमा आफन्त नेपाललाई धेरैधेरै धन्यवाद दिन चाहन्छु । आफन्त नेपालको सहयोगमा म जस्तो सोझी सिधालाई फसाउने दलाल विरुद्ध मैले मानव बेचबिखन तथा ओसारपसार विरुद्धको मुद्धा दर्ता गरेको छु । आशा छ, न्याय पाउँछु ।

मेरो भविष्यको सोंच बाल्यकालदेखि नै पाएको दुखलाई बिर्सिएर अब म अगाडि बढ्न चाहन्छु । ब्युटिपार्लरको कोर्स गरेर भविष्यमा सफल ब्युटिसियन बन्ने मेरो इच्छा छ । त्यसमा आफन्त नेपालको साथ र सहयोग रहनेछ भन्ने मैले विश्वास लिएकी छु ।

*(आफन्त नेपालका कार्यक्रम संयोजक अनिता खड्कासँग कुराकानीमा आधारित)*

घटना अध्ययन

# जातीय छुवाछुतको कारण कामको खोजिमा जाँदा बेचबिखनमा परें

बादी समूदायकी तनिया (परिवर्तित नाम) को घर कैलाली जिल्लामा पर्दछ । तनिया उनको आमा बुबाको एक मात्र छोरी हुन् । उनीहरु खोलाको किनारामा एउटा सानो खरको घर बनाएर बसेका थिए । दलित समुदाय त्यसमाथि पनि बादी भन्ने बित्तिकै छुवाछुतका कारणले गाउँ घरमा काम नपाउने हुनाले उनका आमा बुबाले खोलाका ढुङ्गा संकलन गरी फोरेर गिट्टी बनाई बेचेर बिहान बेलुकाको छाक टारिरहेका थिए । आर्थिक अवस्था कमजोर भएका कारण तनियाले विद्यालय जाने मौका पाइनन् । जब उनी २० वर्षको भइन् गाउँमा आउने जाने तामाङ समुदायको एकजना ड्राईभरसँग तनियाको चिनजान भयो । राम्रो चिनजान पश्चात उनीहरु बिच प्रेम सम्बन्ध विवाहमा परिणत भयो । अन्तरजातीय विवाहको कारणले गर्दा तनियालाई श्रीमान्को घरमा कसैले पनि अपनाएनन्, अतः उनले श्रीमान्को घरमा जाने मौका नै पाइनन् । त्यसपछि तनिया माईतमा नै बस्न थालिन् । उ गर्भवती भएको ८ महिना मात्र पुगेको थियो, अकस्मात दुर्घटनामा परी तनियाको पतिको मृत्यु भयो । त्यस पछि उनको एउटा छोरीको जन्म भयो । केही समय पछि तनियाको आमा बिरामी परिन् । उनको उपचारको लागि धेरै पैसा लाग्ने भयो । अब छोरी हुर्काउने जिम्मेवारी, आफू र आफ्ना आमा बुबालाई पाल्ने र आमाको स्वास्थ्य उपचार गराउने ठूलो जिम्मेवारी तनियाको काँधमा आयो । उनले आफ्नो गाउँघर, नजिकको बजारमा महिनौसम्म कामको खोजी गरिन् । केही नपाए पछि केही सानोतिनो खाजाको पसल राखुकी भन्ने सोच गरिन् । तर उनी बादी समुदायको हुन्

भन्ने सबैजनालाई थाहा भएकोले उनको गाउँमा सो पसल नचल्ने भए पछि उनको त्यो सपना पनि अधुरै रहयो ।

नेपालमा कुनै काम पाउने सम्भावना नभए पछि तनियाले दिल्लीमा धेरै वर्षदेखि बसेर काम गरिरहेकी आफ्नो काकाको छोरी (दिदी) लाई कामको लागि गुहारिन् । तनियाको साथीले भारतमा कुनै किसिमको छुवाछुत नहुने भएकोले जे काम पनि पाइन्छ भनेर फकाइन् र उनै मार्फत तनिया २१ वर्षको हुँदा भारतको नयाँ दिल्ली पुगिन् । दिदीले नयाँ दिल्लीको एउटा ब्यूटी पार्लर र मसाज पार्लरको साहुको सम्पर्क नम्बर दिइन् । दिदी मार्फत तनिया सोही काममा लागिन् । ग्राहकहरु मसाज गराई सकेपछि आफ्नो सम्पर्क नम्बर दिंदै छुट्टै होटलमा भेट्नका लागि आग्रह गर्दथे । पैसाको लागि तनिया पनि ग्राहकहरुलाई होटलमा भेट्ने गर्दथिन । मसाज पार्लरको कमाइले आफ्नो र परिवारको भरणपोषण गर्न र आमाको उपचार गर्न नसक्ने भएकोले उनी त्यस्तो काममा लाग्न बाध्य थिइन् । तनियाले हरेक दिनमा ३ जना ग्राहकहरुसँग सम्पर्क गर्थिन् । जसबाट प्राप्त रकमले उनको समस्याको समाधान केही हदसम्म हुन थाल्यो । उनले आमालाई उपचार गराएर निको पनि पारिन् । 'त्यो सम्भिmदा चाहिँ मलाई आत्मसन्तुष्टि हुन्छ', तनिया भन्छिन् । यौन धन्दा गर्दा ग्राहकले के हो बादी भनेको ? कस्तो जात हो भनेर सोध्थे । 'बादी भनेको नेपालको सबैभन्दा ठूलो जात हो भनिदिन्थें', हाँस्दै तनिया सुनाउँछिन् । उनले भारतमा ४ बर्ष सम्म बसेर आफू बर्बाद हुँदै यौन पेशा अंगालिन् र परिवारको दैनिक गुजारा चलाउन महत्वपूर्ण भूमिका निर्वाह गरिन् । तर उनी आफ्नो छोरीको बिषयलाई लिएर निकै चिन्तित हुन्थिन्, आफ्नो जस्तो दुःख कष्ट आफ्नो सन्तान माथि नपरोस् र आफ्नो छोरीको जीवन पनि आफ्नो जस्तो नारकीय नहोस् भनेर सँधै चिन्तित रहन्थिन् ।

यसरी गरिबीका कारण तनियाले देह-व्यापार गर्न पुगिन । त्यसै समयमा शक्ति समूहको फोकल व्यक्तिको समन्वयमा दिल्ली प्रहरीले शारिरीक शोषण भएको अवस्थामा करीब ४ जनालाई उद्धार गरी भारत सरकारद्वारा खोलिएको बाप्नो घरमा ३ दिन सम्म राखी तनियालाई यो कार्य गलत हो भनी विभिन्न कुरा जानकारी गराई परामर्श गराई आयन्दा त्यस्तो पेशामा संलग्न नरहन सम्झाई बुझाई गर्‍यो । त्यस पछि उनले सबै कुरा बुझिन् र नेपाल फर्केरै आफ्नै देशमा केही श्रम गरेर बाँच्नेछु भन्ने हिम्मत गरिन् । त्यस पछि बाप्नो घर र दिल्ली प्रहरीले १० अप्रिल २०१९ मा दिर्घकालिन सेल्टरका लागि शक्ति समूहसँग समन्वय गर्‍यो । तनियालाई शक्ति समूहले नै आफ्नै घरमा परिवारसँग बस्ने वातावरण मिलाइ दियो । 'जीविकोपार्जनका लागि ब्युटीशियन र सिलाई बुनाई सम्बन्धी तालिम लिने इच्छा थियो', तनिया भन्छिन्, 'शक्ति समूहले नै सो तालिम लिने व्यवस्था मिलाई दियो । यसले आर्थिक रुपमा म आत्मनिर्भर त हुन्थें नै, परिवारलाई पनि सहयोग गर्न सक्थें ।' आफूले भोगेको जीवनको तितो यथार्थलाई तनियाले पाठको रुपमा लिएकी छिन् । 'सामाजिक संरचना, जातीय छुवाछुतका कारण नेपालमा काम नपाए पछि भारत जाँदा बेचबिखनमा परें', तनिया भन्छिन्, 'सायद नेपालमा छुवाछुत हुँदैन थियो र कामको अवसर थियो भने म बेचिदैन थिएँ होला ।'

*(शक्ति समुह संस्थाबाट प्राप्त)*

गीत

## लौ न सरकार

घरजाँदा बाटैमा नै लाउँछन् हामीलाई नाच्न  
लौ न सरकार महिलाले पाउने नै भेन बाँच्न ।  
श्रम गर्न जाने हामी, समाज खान आउने  
त्यहीँ आई हामीलाई उनले, रक्सी पिउन लाउने ॥

खाजा खान आउँछु भन्छ, सोध्छ छौ कि रेडी  
उसलाई सत्कार गर्छु भन्दा, हिंसा गर्छ फेरि ।  
टिप्स दिने लोभ देखाई पार्न खोज्छ फन्दा  
जागिर नै पो जान खोज्छ, मैले हुन्न भन्दा ॥

जाँड, रक्सी, धुम्रपानले थलिदैछ ज्यान  
यस कुरामा किन जाँदैन सरोकारवालाको ध्यान ।  
यो क्षेत्रमा काम गर्दा पाउनु दुःख पाइयो  
लौ न सरकार अब हामीलाई सम्मानित वातावरण चाहियो  
तब मात्र सुखी, समृद्धि नेपाल भन्न पाइयो ॥

*(प्रस्तुत कविताहरु मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूले आफ्ना भोगाईहरूलाई आधार बनाई लेख्नु भएको हो)*

वकालत

# मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ मा संशोधन प्रस्ताव

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले मानब बेचविखन तथा ओसारपसार जस्तो कार्यलाई रोक लगाउनुका साथै दण्डित पनि तुल्याएको छ । साथै पीडित व्यक्तिलाई संरक्षण र पुर्नस्थापना सम्बन्धमा समेत व्यवस्था गरेको छ । देशको संघीय संरचना अनुरुप मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, महिला पीडितको उद्धार, संरक्षण क्षतिपूर्ति, पूर्नस्थापना तथा परिपूरणका कार्यहरू गर्नका लागि संघ, प्रदेश, जिल्ला र स्थानीय निकायसम्मलाई क्रियाशिल बनाउन, प्रभावकारी समन्वय तथा सहकार्य र आवश्यक संरचना निर्माण गर्नुपर्ने देखिएकोले ऐन तथा नियमावलीमा यथाशीघ्र संशोधन आवश्यक छ ।

एटविनले मानव बेचबिखन विरुद्ध राष्ट्रिय/अन्तर्राष्ट्रिय तहमा समयानुसार नीति, नियम, कानुन कार्यान्वयन, कार्यशैलीमा परिवर्तन गर्न विविध अभियानहरु संचालन गर्दै आइरहेको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र नियमावलि २०६५ को शुरुवात देखि नै यसको संशोधनका लागि हरेक वर्ष ऐन र नियमावलीमा सुझावहरु दिदै आइरहेको छ । यस वर्ष २०७६ मा पनि प्रस्तुत नियमावलीको संशोधनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका मा. मन्त्री थममाया थापाज्यूलाई हस्तान्तरण गरिएका तीन महले सुझावहरुका केही मुख्य सुझावहरू निम्नानुसार रहेको छ ।

| व्यवस्था | प्रस्तावित व्यवस्था |
|---|---|
| **(३) राष्ट्रिय समितिको गठन :** | राष्ट्रिय समितिको गठन :<br>(क) सचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय - अध्यक्ष<br>(ख) सहसचिव, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय -सदस्य<br>(ङ) सहसचिव, संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय - सदस्य<br>(च) सहसचिव, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय- सदस्य<br>(छ) सहसचिव, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय- सदस्य<br>(ज) सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय- सदस्य<br>(ञ) प्रमुख, मानव बेचबिखन विरुद्दको ब्यूरो, नेपाल प्रहरी - सदस्य<br>(ट) मानव बेचबिखन तथा ओसापसार विरुद्धको क्षेत्रमा कार्यरत संस्था वा व्यक्तिहरु मध्येबाट यथासम्भव समावेशी सिद्धान्तका आधारमा मन्त्रालयले मनोनित तीन जना महिला- सदस्यहरु<br>(ठ) मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट मन्त्रालयले मनोनीत गरेको दुई जना महिला- सदस्यहरु |
| **(४) राष्ट्रिय समितिको काम, कर्तव्य र अधिकार :** | (ग) विदेशमा बेचबिखन वा ओसारपसार भई अलपत्र परेका पीडितको उद्धार गर्ने, विदेशमा बेचबिखनमा परेका पीडितलाई निजको सहमतिमा स्वदेश फर्काउने तथा नेपाल सरहद भित्र फेला परेका विदेशी पीडितको फिर्ताको लागि कार्य गर्ने,<br>(घ) नेपाल भित्रै आन्तरिक बेचबिखन वा ओसारपसार भई अलपत्र परेका पीडितको उद्धारका लागि प्रदेश, जिल्ला वा स्थानीय सरकारलाई सहयोग गर्ने र समन्वय गर्ने,<br>(ङ) मानव बेचबिखन तथा ओसारपसारको नियन्त्रण र अन्त्यका लागि आवश्यक अन्तरप्रदेश समन्वय र सहकार्यलाई सहजीकरण गर्ने ।<br>(च) राष्ट्रियस्तरमा मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र बार्षिक रुपमा प्रगति प्रतिवेदन सार्वजनिक गर्ने ।<br>(ज) मानव बेचबिखन नियन्त्रणको सन्दर्भमा सीमा अनुगमन, अन्तर्देशीय सहकार्य, पीडितको उद्दार तथा स्वदेशफिर्ती र केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि तथा मापदण्डहरु निर्माण र लागू गर्ने ।<br>(झ) सीमा अनुगमन, अन्तर्देशीय उद्दार तथा स्वदेश फिर्तीका कार्य गर्नका लागि तोकिएको मापदण्ड पुरा गर्ने संस्थालाई सूचिकरण तथा अनुमति प्रदान गर्ने ।<br>(ञ) मानव बेचबिखन तथा ओसारपसार रोकथाम तथा नियन्त्रणका लागि आम सञ्चार परिचालन, सचेतना, क्षमता विकासका कार्यक्रमहरु गर्ने ।<br>(ट) मानव बेचबिखन प्रभावित जिल्ला तथा स्थानीय तहलाई मानव बेचबिखन रोकथाम, पीडित पुनर्स्थापनाका लागि कोष उपलब्ध गराउने ।<br>(ठ) सरकारले सार्वजनिक गर्ने तथ्याङ्क, प्रतिवेदन तथा सिफारिसहरु एकद्वार प्रणाली अनुसार हुनुपर्ने । |

| | |
|---|---|
| **प्रदेश समितिको गठन :** | (१) प्रदेश सरकारले सामाजिक विकास मन्त्रालयको सह-सचिव, वैदेशिक रोजगार विभागका प्रतिनिधि सदस्य र उच्च सरकारी वकिलको कार्यालय: सह-न्यायधिवक्तालाई समितिमा अनिवार्य रहने गरी प्रदेश कानुन बमोजिम प्रदेश मन्त्रालयका सचिवको अध्यक्षतामा मानव बेचबिखन नियन्त्रण प्रदेश समिति गठन गर्नेछ । |
| **प्रदेश समितिको काम, कर्तव्य र अधिकार :** | मानव बेचबिखन नियन्त्रण प्रदेश समितिले प्रदेश कानुनमा उल्लेख भएका साथै देहायका कार्यहरु गर्नेछ :<br>(क) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध आवश्यक प्रदेश नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रदेश मन्त्रालय समक्ष पेश गर्ने,<br>(ख) स्वीकृत भएको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा कार्यान्वयनको अनुगमन गर्ने,<br>(ग) मानव बेचबिखन तथा ओसारपसाररोकथाम तथा नियन्त्रणका लागि आम सञ्चार परिचालन, सचेतना, क्षमता विकासका कार्यक्रमहरु गर्ने,<br>(घ) प्रदेश भित्र बेचबिखन पीडितको उद्धार गर्ने तथा निजको सहमतिमा घर फर्काउने र पारिवारिक पुनर्मिलन गर्ने,<br>(ङ) प्रदेशमा मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका समुदायको नक्सांकन गर्ने, मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित प्रदेशस्तरीय लगत तथा अभिलेख अद्यावधिक गर्ने, प्रकाशन गर्ने र राष्ट्रिय समितिमा पठाउने,<br>च) पीडित सहायताका लागि आवश्यक पुनर्स्थापना केन्द्र तथा कोष स्थापना सञ्चालन गर्ने,<br>छ) प्रदेश समितिको बैठक लगायतको ब्यबस्था प्रदेश कानुनले तोके बमोजिम हुनेछ ।<br>ज) जिल्लामा पुर्नस्थापना केन्द्र खोल्न अनुमति दिने ।<br>ञ) जिल्ला समिति र स्थानिय समितिहरुलाई सहयोग गरि अनुगमन र सहकार्यमा समन्वय गर्ने । |
| **जिल्ला समितिको गठन:** | (क) प्रमुख, जिल्ला समन्वय समिति - अध्यक्ष<br>(ख) अध्यक्ष, जिसस कार्यालय रहेको स्थानीय तह मानव बेचबिखनविरुद्दको समिति - सदस्य<br>(ग) प्रमुख जिल्ला अधिकारीले तोकिएको अधिकृतस्तरको प्रतिनिधि - सदस्य<br>(घ) प्रमुख, जिल्ला प्रहरी कार्यालय - सदस्य<br>(ङ) प्रमुख, जिल्ला न्यायधिवक्ताको कार्यालय - सदस्य<br>(च) प्रमुख, जिल्ला अस्पताल - सदस्य<br>(छ) प्रमुख, जिल्लामा सञ्चालित पुनर्स्थापना केन्द - सदस्य<br>(ज) मानव बेचबिखन तथा ओसारपसार विरुद्धको क्षेत्रमा जिल्लामा कार्यरत व्यक्ति वा संस्थाहरुमध्येबाट समावेशी सिद्धान्तका आधारमा प्रमुख जिल्ला अधिकारीद्वारामनोनीत तीन जना महिला सदस्य<br>(झ) उपलब्ध भएमा मानव बेचबिखन तथा ओसारपसार पीडित व्यक्तिहरु मध्येबाट जिल्ला समितिले मनोनीत गरेको एक जना - सदस्य<br>(ञ) जिल्ला समन्वय अधिकारी - सदस्य सचिव |
| **(७) जिल्ला समितिको काम, कर्तव्य र अधिकार :** | (क) ऐन तथा यस नियमावली र प्रदेश कानुन बमोजिम उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने आधिकारिक कागजात नभएमा त्यस्ता कागजात बनाउनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,<br>(ख) सेवा प्रदायकहरुको अद्यावद्यिक रोष्टर राख्ने र प्रत्येक २ वर्षमा अद्यावद्यिक गर्ने,<br>**साविक नियमको खण्ड ख हटाइएको ।**<br>(ग) जिल्लास्थित पुर्नस्थापना केन्द्रको कम्तिमा ३ महिनामा वा त्रैमासिक रुपमा नियमित अनुगमन गर्ने मूल्याङ्कन गर्ने, र आवश्यक सुझाव प्रदान गर्ने ।<br>(घ) जिल्ला तहमा मानव बेचबिखन तथा ओसारपसार रोकथाम तथा नियन्त्रणका लागि आम सञ्चार परिचालन, सचेतना, क्षमता विकासका कार्यक्रमहरु गर्ने,<br>(ङ) राष्ट्रिय तथा प्रदेश समितिले बनाएको कार्यक्रमहरुको कार्यान्वयनका लागि कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने ।<br>(च) जिल्लाभित्र मानव बेचबिखन तथा ओसारपसारको जोखिममा रहेका व्यक्तिको पहिचान तथा उद्धार गर्ने,<br>(छ) मानव बेचबिखन तथा ओसारपसारका विरुद्ध जिल्लामा कार्यरत संघसंस्थाहरु बीच समन्वय गर्ने,<br>(ज) मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र प्रत्येक तीन महिनामा सो सम्बन्धी प्रतिवेदन राष्ट्रिय समिति र प्रदेश समितिमा पठाउने ।<br>(झ) पीडित/प्रभावितको उद्धार, पुर्नएकिकरण र पुर्नस्थापनाका लागि तीन वटै (संघ, प्रदेश र स्थानीय) तहसँग नियमिति परामर्श, समन्वय र सहकार्य गर्न सक्ने छ ।<br>ञ) जिल्ला स्थित होटल, क्याबिन रेष्टुरेण्ट, डान्सबार, मसाज पार्लर जस्ता कार्यक्षेत्रको तथ्याङ्क संकलन गर्ने, अनुगमन गर्ने, कार्यरत श्रमिकहरुको अधिकार सुनिश्चित गर्ने । |

| | |
|---|---|
| **स्थानीय समिति गठन :** | (१) स्थानीय तह सरकारले स्थानीय सरकारको नियम बमोजिम सम्बन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुखको अध्यक्षतामा मानव बेचबिखन नियन्त्रण स्थानीय समिति गठन गर्नेछ । समिति निम्नानुसार गठन गर्दा उपयुक्तहुने :<br>अध्यक्षताः प्रमुख वा उप प्रमुख हुनु पर्ने<br>बेचबिखनबाट प्रभावितः एक जनासदस्य (उपलब्ध भए सम्म)<br>स्थानीय कानुनी सल्लाहकारः एक जना<br>स्थानीय सघ सस्थाबाटः एक जना प्रतिनिधि<br>सामाजिक शाखा प्रमुखः एक जना<br>मेलमिलाप समितिबाटः एक जना |
| **स्थानीय समितिको काम, कर्तव्य र अधिकार :** | मानव बेचबिखन नियन्त्रण स्थानीय तह समितिले स्थानीय नियममा उल्लेख भएका साथै देहायका कार्यहरु गर्नेछ :<br>(क) स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसार रोकथाम तथा नियन्त्रणका लागि संवेदनशीलता र गो पनियतालाई कायम राख्ने गरी आम सञ्चार परिचालन, सचेतना, क्षमता विकासका कार्यक्रमहरु गर्ने,<br>(ख) आवश्यकता अनुसार वडा स्तरीय उप-समिति तथा अन्य आवश्यक संयन्त्र निर्माण गर्ने,<br>(ग) मानव बेचबिखन तथा ओसारपसार विरुद्ध आवश्यक स्थानीय तहको नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी सम्बन्धित पालिका समक्ष पेश गर्ने,<br>(घ) स्वीकृत भएको नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा कार्यान्वयनको अनुगमन गर्ने,<br>(ङ) बेचविखन तथा ओसार पसारमा परेका पीडितको उद्धार गर्ने तथा निजको सहमतिमा पीडितको मानव अधिकारको प्रत्याभूति सहित पुर्नस्थापना र पुर्नएकिकरणको कार्य सुनिश्चित गर्ने,<br>(च) बेचविखन तथा ओसारपसारमा परेका पीडितको पुर्नस्थापना र पुर्नएकिकरणको कार्य सुनिश्चित गर्न आवश्यकता अनुसार सम्बन्धित प्रदेश समिति तथा छिमेकी पालिकाका समितिहरूसित समन्वय र सहकार्य गरी पूर्वाधारहरू निर्माण गर्ने र स्रोतको व्यवस्थापन गर्ने,<br>(छ) स्थानीय तहमा महिला विरूद्ध हुने हिंसा, लैङ्गिक हिंसा तथा मानव बेचविखन तथा ओसारपसारका सवालमा काम गर्ने गैरसरकारी संघं संस्थाहरूसित समन्वय गर्ने ।<br>(ज) बेचविखन तथा ओसार पसारमा परेका पीडितको उद्धार गर्ने, उनीहरूको मानव अधिकारको प्रत्याभूति सहित पुर्नस्थापना, रोजगार र पुर्नएकिकरणको निमित्त स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने,<br>(झ) स्थानीय तहमा मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित जोखिम समुदाय नक्सांकन गर्ने, लगत तथा अभिलेख अद्यावधिक गर्ने र जिल्ला, प्रदेश तथा राष्ट्रिय समितीमा पठाउने,<br>(ञ) मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित विषयमा स्थानीय तहको नीति, योजना तथा कार्यक्रम कार्यान्वयनका सम्बन्धमा भए गरेका कार्यको समन्वय तथा अनुगमन गर्ने,<br>(ट) मानव बेचबिखन तथा ओसारपसारसँग सम्बन्धित विषयमा जनचेतनामूलक तथा नियन्त्रण र रोकथामका निमित्त आवश्यक निरोधात्मक कार्यहरू गर्ने,<br>(ठ) स्थानीय स्तरमा पीडित सहायता तथा मानव बेचबिखन विरुद्दका कार्यक्रमहरु सञ्चालन गर्न मानव बेचबिखन विरुद्दको कोष स्थापना र सञ्चालन गर्ने । संघीय, प्रदेश र स्थानीय प्रत्येक तहबाट कम्तिमा ५० लाख रुपैयाको कोष वार्षिक रुपमा बजेटमा छुट्टाउनु पर्ने ।<br>(ड) स्थानीय तहमा निर्माण हुने पाठ्यक्रमहरुमा मानव बेचबिखन तथा ओसारपसार विषयवस्तुहरु समावेश गर्ने |
| **(११) केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था :** | (१) पीडितलाई शारीरिक वा मानसिक उपचार गराउन, सामाजिक पुनर्स्थापना गर्न र पारिवारिक पुनर्मिलन गराउन तथा आवश्यक अस्थायी सुरक्षित आवास उपलब्ध गराउन जिल्ला, प्रदेश वा स्थानीय समितिले राष्ट्रिय मापदण्ड अनुरुप केन्द्रको स्थापना र सञ्चालन गर्नेछ ।<br>(२) केन्द्र स्थापना गर्दा राष्ट्रिय, प्रदेश, जिल्ला वा स्थानीय समितिले आपसमा समन्वय गर्नुपर्छ ।<br>(३) केन्द्र स्थापना गर्दा स्थानीय निकाय र रोजगार सेवा केन्द्रसँग समन्वय गर्नुपर्छ ।<br>(४) दीर्घकालिन वा जीवनभर हेरचाह र औषधोपचार गर्नुपर्ने खालका पीडित वा उनीहरूका १८ वर्ष मुनिका बालबालिका को खर्चको व्यवस्थापन राष्ट्रिय समितिले गर्नुपर्नेछ ।<br>(५) स्थानीय तहले पुर्नस्थापना केन्द्र स्थापना गर्दा एक्लैले वा भौगोलिक निकटता भएका एक वा वढी कार्यपालिकाहरू वीच आपसि सम्झौता गरी पुनर्स्थापना केन्द्रहरू स्थापना गर्न सक्नेछन् । |
| **जिल्ला समितिले यस नियमावली विपरीत केन्द्र स्थापना र सञ्चालन गर्ने** | प्रदेश समितिले यस नियमावली विपरीत केन्द्र स्थापना र सञ्चालन गर्ने विनियम १२ मा तोकिएको मापदण्ड पूरा नगर्ने वा राष्ट्रिय समिति वा प्रदेश समिति तथा जिल्ला समितिले दिएको निर्देशन पालना नगर्ने केन्द्रको सञ्चालनमा रोक लगाउन, निश्चित अवधिका लागि निलम्वन गर्न वा स्वीकृति रद्द गर्न सक्नेछ । यसरी केन्द्रको स्वीकृति रद्द गर्नु अघि त्यस्तो केन्द्रलाई सुनुवाइको मौका दिनु पर्नेछ । |

| | |
|---|---|
| **नयाँ थप गर्ने** | (क) स्थानीय तहले पुनर्स्थापना केन्द्र स्थापना र सञ्चालन गर्न चाहेमा तोकिएको राष्ट्रिय मापदण्ड पूरा गरी स्थापना र सञ्चालन गर्न सक्नेछ।<br>(ख) स्थानीय तहले सञ्चालन गर्ने पुनर्स्थापना केन्द्रको सञ्चालन विधि राष्ट्रिय तथा प्रदेश तहले बनाएको नियमावलीसँग नबाझिने गरी तय गरेको स्थानीय नियम बमोजिम हुनेछ।<br>(ग) स्थानीय समितिल आवश्यकता अनुसार वडा स्तरीय उपसमिति गठन गर्न सक्ने छ। |
| **केन्द्र सञ्चालन गर्ने स्वीकृति लिनु पर्ने** | **यो नियमावली प्रारम्भ हुँदाको बखत स्वीकृति नलिई** सञ्चालन गरिएका केन्द्रले यो नियमावली लागू भएको मितिले ३ महिना भित्र केन्द्र सञ्चालन गर्ने स्वीकृति लिनु पर्नेछ। संचालन गरिएको समयदेखि हालसम्मको सम्पूर्ण विवरण सहितको प्रतिवेदन र लेखापरिक्षण प्रतिवेदन समितिमा पेश गर्नुपर्ने छ। |
| **१४. केन्द्रको अनुगमनः** | (१) ऐन तथा यस नियमावली बमोजिम केन्द्र सञ्चालन भए नभएको सम्बन्धमा राष्ट्रिय समिति र प्रदेश समितिले कम्तीमा छ महिनाको एक पटक, जिल्ला समिति र स्थानीय समितिले आवश्यकता अनुसार निरीक्षण र अनुगमन गर्नेछ। उपनियम (१) बमोजिम निरीक्षण र अनुगमन गर्न खटिएको पदाधिकारीहरुले अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ। |
| **१५. सीपमूलूलक तालीमः** | (१) केन्द्रले केन्द्रमा रहेका पीडितहरुका लागि सीपमूलक तालिमको व्यवस्था गर्नुपर्नेछ। |
| **नियम ४ को उपनियम (१) को खण्ड (ज) बमोजिम** | **यो व्यवस्थालाई निम्नानुसार परिमार्जन गर्ने :** सीप तालिम, बीउ पूँजी तथा अन्य व्यबस्था प्रदेश र स्थानीय तह समितिले व्यबस्था गरे बमोजिम हुनेछ। |
| **१६. पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलनः** | (२) उद्धार गरिएका पीडित तथा निजसँग रहेका नाबालकहरुलाई पुर्नस्थापना तथा पारिवारिक पुनर्मिलन गर्न राष्ट्रिय तथा प्रदेश समितिले तयार गरेको उद्धार, पुर्नस्थापना तथा घटना व्यवस्थापन कार्यविधि अनुरुप गर्नुपर्ने छ। |
| **पुनर्स्थापना कोषको व्यवस्थापन र सञ्चालनः** | (१) संघीय स्तरको पुनर्स्थापना कोष राष्ट्रिय समिति अन्तर्गत रहनेछ। |
| **(२) राष्ट्रिय समितिले आवश्यकता अनुसारपुर्नस्थापना कोषको स्थापना गर्न सक्नेछ।** | (२) राष्ट्रिय समितिले, प्रदेश, जिल्ला र स्थानीय समिति अन्तर्गत रहने गरी आवश्यकता अनुसार पुर्नस्थापना कोषको स्थापना गर्न सहयोग गर्न तथा जोड कोष (matching fund) उपलब्ध गराउन सक्नेछ। |
| **१८. केन्द्र बन्द गर्ने सम्बन्धी व्यवस्था :** | (१) स्वीकृति नलिई संचालित तथा मापदण्ड पुरा नगरेका केन्द्र प्रदेश समितिले बन्द गर्न सक्नेछ।<br>(२) गैर नाफामूलक कम्पनी वा गैरसरकारी संस्थाले सञ्चालन गरेको केन्द्र बन्द गर्नुपरेमा सोही व्यहोरा खुलाई केन्द्रले जिल्ला समिति समक्ष निवेदन दिनु पर्नेछ।<br>(३) यसरी निवेदन दिंदा उक्त केन्द्रमा बसी पुनर्मिलन तथा पुनर्स्थापना भएका सम्पूर्ण पीडितहरुको व्यक्तिगत विवरण समेत तथा केन्द्रमा रहेका सम्पूर्ण सम्पत्ती विवरण र लेखा परिक्षण प्रतिवेदन समेत सम्लग्न गर्नु पर्नेछ।<br>तर त्यसरी निवेदन दिंदा केन्द्रमा रहेका सम्पूर्ण पीडितहरुको पारिवारिक पुनर्मिलन र सामाजिक पुनर्स्थापनको व्यवस्था गरिसकेको हुनु पर्नेछ। |





# महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह नेपाल (एटविन)

# संक्षिप्त प्रगति प्रतिवेदन

समय अवधि : २०७५ मंसिर १६ - २०७६ असार ३१ सम्म (०१ डिसेम्बर २०१८ - १६ जुलाई २०१९ सम्म)

| क्र. स. | मिति | क्रियाकलाप | स्थान/ सहभागी संख्या |
|---|---|---|---|
| | **संस्थागत** | | |
| १ | २०७६ जेठ १० | **"हाम्रो सम्मान परियोजना" को जिल्ला तह कार्यक्रममा सहकार्य सम्बन्धी बैठक**<br>"हाम्रो सम्मान परियोजना" ले जिल्लागत कार्यक्रमका माग गरिएको EoI सम्बन्धमा सदस्य संस्थाबाट आएको सहकार्यको चासो अनुसार इच्छुक सदस्य संस्था तथा जिल्लाहरु लगायत विषयमा छलफलका लागि अध्यक्ष अन्जना शाक्यको अध्यक्षतामा बैठक बस्यो । बैठकमा इच्छुक संस्थाको प्रस्तावित जिल्लामा बलियो उपस्थिति कार्यालय सहित तथा परियोजनाले माग गरिएका गतिविधि अनुसारको क्षमता तथा अनुभवका विषयमा पनि छलफल गरियो । | काठमाडौं |
| २ | असार १६ देखि १ महिना | **मानव बेचबिखन विरुद्धको पार्लेमो प्रोटोकल अनुमोदनका लागि समाजिक संजाल अभियान**<br>एटविनले मानव बेचबिखन विरुद्धको पार्लेमो प्रोटोकल अनुमोदनका लागि विगत एक दशकदेखि निरन्तर गर्दे आएको वकालत तथा प्रयासहरुको स्वरुप २०७६ असार महिनामा नेपाल सरकारको मन्त्रीमण्डलबाट अनुमोदनका लागि निर्णय भएर प्रतिनिधि सभामा दर्ता भएको छ। उक्त प्रस्तावलाई अनुमोदनका लागि यथाशीघ्र सभामा लैजानका लागि एटविनले मानव बेचबिखन विरुद्धको विश्व दिवस, २०१९ को सन्दर्भमा जुलाई महिना भरि समाजिक संजाल अभियान संचालन गरेको थियो । जसमा एटविन सदस्य संस्था लगायत विभिन्न सरकारी, गैर सरकारी तथा संवैधानिक निकायको सहभागिता रहेको थियो । | काठमाडौं |
| ३ | २०७५ मंसिर १६ - २०७६ असार ३१ | त्रैमासिक बैठकहरु - २ पटक | काठमाडौं |
| | | कार्य समिति बैठकहरु - ६ पटक | काठमाडौं |
| | **परियोजना तथा साझेदारको नामः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**<br>**उद्देश्य : मानव बेचबिखन/ओसारपसार जोखिम-उन्मुखता नक्शांकन नमूना सर्वेक्षण** | | |
| १ | २०७६ बैशाख-जेठ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको सहयोगमा गरिएको नमूना सर्वेक्षणको उद्देश्यहरू देशभित्र तथा बाहिर हुने मानव बेचबिखन तथा ओसारपसारका घटनाको जोखिममा रहेका तथा जोखिम उन्मुख व्यक्ति, समुदाय तथा क्षेत्रको पहिचान गर्ने, सामाजिक आर्थिक अवस्था तथा मानव बेचबिखन हुन सक्ने जोखिम र आयस्तर, रोजगारी, शैक्षिक अवस्था जात-जाति र स्थान बीचको अन्तरसम्बन्ध अध्ययन गर्ने तथा मानव बेचबिखन नियन्त्रणका लागि जोखिमता न्यूनीकरण गर्न रोकथामका अवसरहरु पहिचान गरी अवलम्बन गरिनुपर्ने उपायहरुका बारेमा सुझाव प्रस्तुत गर्ने रहेको छ ।<br>यस सर्वेक्षणका मुख्य परामर्शदाता श्री चित्र निरौला हुनुहुन्थ्यो । स्थलगत सर्वेक्षणमा एटविन सदस्य संस्थाहरू हिमराइट्स, नारी सीप सिर्जना केन्द्र, ETSC-N, ग्रामीण महिला सिर्जनशील परिवार, महिला आत्मनिर्भरता केन्द्र, शक्ति समूहको समन्वय र सहयोगमा गरिएको थियो । | मकवानपुर र सिन्धुपाल्चोक |
| | **परियोजना तथा साझेदारको नामः** आन्तरिक बेचबिखन रोकथामका लागि वकालतलाई सशक्त बनाउने/द फ्रीडम फण्ड र लस कस्मेटिक्स | | |
| २ | २०७६ असार ०९ गते (२४ जुन, २०१९) | **"मनोरञ्जन क्षेत्रमा रहेको व्यवसायिक बाल यौन शोषण तथा बेचबिखन" समस्या तथा समाधानका उपायहरु अन्तरक्रिया कार्यक्रम**<br>उक्त कार्यक्रममा एटविनका कार्य समिति सदस्य तारा भण्डारीले सहभागीहरुलाई स्वागत गर्दै उद्देश्य माथि प्रकाशन पार्नु भएको थियो । कार्यक्रमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उप-सचिव सुजन जोजेजु, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उप-सचिव चन्द्रकला श्रेष्ठ, मानव बेचबिखन नियन्त्रण अनुसन्धान ब्यूरोका | बुद्धनगर, काठमाडौं/ ६४ जना |

| | | | |
|---|---|---|---|
| | | डि.एस.पी. राजकुमार सिलवाल, राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधि कुमारी सरवाना, र ट्रेड यूनियन काँग्रेसका उपाध्यक्ष आशा सिं राठौर अतिथि रहनु भएको थियो । कार्यक्रमको सहजीकरण नीलम शर्माले गर्नु भएको थियो । कार्यक्रममा मनोरञ्जन क्षेत्रको अवस्था, हाल भोग्नु परेको समस्या, चुनौतिहरु र समाधानका उपायहरुका बारेमा प्रस्तुत गरिएको थियो । एटविनका अध्यक्ष अञ्जना शाक्यले छलफल सत्रलाई सहजीकरण गर्नु भएको थियो । | |
| ३ | २०७६ असार ११ गते | **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावलीमा संशोधनका लागि ज्ञापनपत्र हस्तान्तरण मा. मन्त्री थममाया थापा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**<br>माननीय मन्त्री थममाया थापाज्यू, सचिव चन्द्र प्रसाद घिमिरेज्यू, मानव बेचबिखन नियन्त्रण शाखा प्रमुख उप-सचिव चन्द्रकला श्रेष्ठ, महिला तथा बाल संरक्षण विकास शाखाका प्रमुख उप-सचिव कृष्ण प्रसाद भुषाल ज्यूलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावलीमा शंशोधनका लागि सुझाव हस्तान्तरण गरिएको थियो । एटविनले आफ्ना ४० वटा सदस्य संस्थाहरु, सरकारी तथा गैरसरकारी सरोकारवाला लगायत प्रभावितहरुसंग गरेको परामर्शबाट आएका सुझावहरुलाई ३ महलमा राखी सुझावहरु पेश गरिएको थियो ।<br>ज्ञापनपत्रको हस्तान्तरण पश्चात मा. मन्त्री थममाया थापाज्यूले मन्त्रिपरिषद्को बैठकबाट Palermo Protocol अनुमोदन गर्ने निर्णय गरेको बताउनुभयो । यसलाई अब नेपालले छिटो अनुमोदन गर्नेछ । सोही अनुसार मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को संशोधन गरिने बारेमा मन्त्री थापाले जानकारी दिनु भयो । | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार |
| ४ | २०७५ चैत्र २०-२१ गते | **मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूसँग बन्दसत्र कार्यशाला गोष्ठी**<br>एटविनका सचिव बालकुमारी दर्लामीले सहभागीहरुलाई स्वागत तथा उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । यस कार्यक्रमको सहजीकरण नीलम शर्माले गर्नु भएको थियो । सहभागीहरुले आफ्नो जीवनमा भोगेका भोगाई तथा मनोरञ्जन क्षेत्रको अवस्था, हाल भोग्नु परेको समस्या, चुनौतिहरु र समाधानका उपायहरुका बारेमा समूह कार्य गरी छलफल गरी सुझावहरु दिइएको थियो ।<br>संघ संस्थाहरुले मनोरञ्जन क्षेत्रमा निरन्तर रुपमा कार्य गरिरहेको वकालत तथा अन्य प्रयासहरुले मनोरञ्जन क्षेत्रमा हालसम्म भएका परिवर्तनहरू, मनोरञ्जन क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन सरकारी निकाय, रोजगारदाता, ट्रेड यूनियन, संघ संस्था तथा स्वयं कामदारको भूमिका विषयमा छलफल भएको थियो । | धुलिखेल, काभ्रेपलाञ्चोक जिल्ला/३५ जना |
| ५ | २०७६ वैशाख | **२०७६ सालको भित्ते पात्रो प्रकाशन** | काठमाडौं |
| ६ | २०७६ वैशाख १६ | **मनोरञ्जन क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन सरकारी निकायको भूमिका**<br>यस कार्यक्रमको अध्यक्षता एटविनका अध्यक्ष अञ्जना शाक्यले र सहभागीहरुको स्वागत तथा उद्देश्य माथिको प्रकाश कार्य समिति सदस्य तारा भण्डारीले गर्नु भयो । हाल मनोरञ्जन क्षेत्रमा व्यवसायिक बाल यौन शोषण र बेचबिखनको वर्तमान अवस्थाका बारेमा एटविनका कार्यकारी निर्देशक बेनु माया गुरुङले प्रस्तुति दिनु भएको थियो । कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव कृष्ण प्रसाद भुषाल, र मानव बेचबिखन तथा नियन्त्रण अनुसन्धान ब्यूरोका एसपी अनुपम शमशेर ज.ब.रा. अतिथिका भूमिकामा हुनु हुन्थ्यो । केन्द्रिय बाल कल्याण समितिका प्रतिनिधि, टोखा नगरपालिकाका जनप्रतिनिधि, काठमाडौ म.न.पा. र ललितपुर उप म.न.पा.का प्रतिनिधिहरु, जिल्ला सरकारी वकिल काठमाडौं र ललितपुरका सह-न्यायधिवक्ताहरुको पनि उपस्थिति थियो । कार्यक्रमलाई एटविनका अध्यक्ष अञ्जना शाक्यले सहजीकरण गर्नु भएको थियो । | नयाँ वानेश्वर काठमाडौं/ ३९ जना |
| ७ | २०७६ जेठ ९ गते | **मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ को संशोधन परामर्श गोष्ठी**<br>गोष्ठीको विशेष अतिथिमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सह-सचिव श्री रुद्रा देवी शर्मा र कार्यक्रमको अध्यक्षता एटविनका अध्यक्ष अञ्जना शाक्यले गर्नु भएको थियो । कार्यक्रमको मुख्य उद्देश्य संशोधन हुन लागि रहेको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ लाई संघीय संरचना अनुसारका संरचना लगायत आवश्यक सशोधन गर्नु पर्ने विषय वस्तुमा छलफल गरिएको थियो । | नयाँ वानेश्वर काठमाडौं/ ६६ जना |

| | | | |
|---|---|---|---|
| | | कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, श्रम, रोजगार तथा व्यवसायजन्य सुरक्षा विभाग, महान्यायधिवक्ताको कार्यालय, मानव बेचबिखन नियन्त्रण अनुसन्धान ब्यूरो, सरकारी वकिलको कार्यालय, काठमाडौं, महिला तथा बालबालिका सेल, कालिमाटी, एटविनका सदस्य संस्थाहरु लगायतका सरोकारवालाहरूको सहभागिता रहेको थियो । संशोधनका बुँदाहरूमा अधिवक्ता कपिल अर्यालले प्रस्तुति गर्नु भएको थियो । कार्यक्रममा विभिन्न जिल्लाबाट सहभागी भएका सहभागीहरुले नियमावलीको संशोधन नहुँदा स्थानीय स्तरमा मानव बेचबिखन तथा ओसार पसारका रोकथाम, संरक्षण, उद्धार लगायतका कार्य गर्न धेरै नै अप्ठ्यारो भएको विषयमा जानकारी गराउनु भएको थियो । सहभागीहरुलाई ५ समूहहरुमा विभाजन गरी समूह कार्य गरी प्रत्येक समूहले प्रस्तुति गरेका थिए<br>कार्यक्रमको अन्त्यमा विशेष अतिथि रुद्रा शर्मा ज्यूले परामर्श कार्यक्रम एकदमै उपयुक्त समयमा आयोजना गरिएको मन्त्रालयले पनि सकेसम्म असार मसान्त भित्रमा नियमावली संशोधनका लागि कानुन मन्त्रालय र प्रतिनिधिसभामा सदनमा पठाउने विषय जानकारी गराउँदै छिटो भन्दा छिटो नियमावली संशोधन गर्नका लागि कार्य गर्ने प्रतिवद्धता जाहेर गर्नु भएको थियो । | |
| ८ | २०७६ जेठ १० | **मानव बेचबिखन तथा व्यवसायिक बाल यौनशोषण विरुद्ध संघीय तहको भूमिका, अन्तरक्रिया कार्यक्रम**<br>कार्यक्रमको मुख्य उद्देश्य मानव बेचबिखन तथा व्यवसायिक बाल यौन शोषण विरुद्ध संघीय तहका सांसदहरुले संशोधन हुन लागि रहेको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ लाई संघीय संरचना अनुसार संरक्षण समितिहरु गठन, पार्लेमो प्रोटोकल अनुमोदन गर्न, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण तथा रोकथामका लागि आगामी कार्यक्रम तथा बजेटमा यस विषयलाई पनि प्राथमिकता दिनु पर्ने भन्ने विषयमा जानकारी गराउनु भएको थियो । कार्यक्रमको सहजीकरण राष्ट्रिय मानव अधिकार आयोगका पूर्व आयुक्त गौरी प्रधानले गर्नु भएको थियो ।<br>कार्यक्रममा राष्ट्रिय सभा र प्रतिनिधि सभाका १३ जना सांसदहरुको उपस्थिति थियो । प्रतिनिधि सभाका सांसदः मा. चित्रलेखा यादव, मा. अञ्जना विशंखे, मा. आशा कुमारी, प्रतिनिधि सभा, महिला तथा सामाजिक समितिकाः मा. विमला नेपाली, मा. कुमारी मेचे, मा. पार्वत गरुङ्ग, मा.हिरा गुरुङ्ग, मा. दुर्ग बहादुर रावत, मा. नारायण प्रसाद खतिवडा, मा. कृष्ण बहादुर राई, मा. रानी मण्डल, मा. अमृता थापा, राष्ट्रिय सभाः मा.इन्दु कडरिया, जसमा एटविनका सदस्य संस्थाहरु, प्रतिनिधित्व रहेको थियो । एटविनका अध्यक्ष अञ्जना शाक्यूले सांसदहरुलाई सदनबाट छिटो भन्दा छिटो पार्लेमो प्रोटोकल अनुमोदन गर्न र नियमावली संशोधन गर्न आग्रह गर्नु भएको थियो । | नयाँ वानेश्वर काठमाडौं/ ६० जना |
| ९ | २०७५ फागुन २७ देखि चैत्र ६ | **UN Commission on the Status of Women (CSW) Sixty-third Session मा सहभागी**<br>CSW महिलाहरुको अधिकार सम्बर्द्धन र संरक्षण, अन्तर्राष्ट्रिय रुपमा महिलाहरुको वास्तविक जीवनको दस्तावेजीकरण गर्ने, विश्वमा लैङ्गिक समानता र सशक्तिकरण गर्ने अन्तर्राष्ट्रिय निकाय हो । यसको ६३ औं सत्रमा एटविनका तर्फबाट कार्यकारी निर्देशक बेनु माया गुरुङ सहभागी हुनु भएको थियो भने ईन्सेकको तर्फबाट एटविनका महा-सचिव सम्झना श्रेष्ठ, ग्रामिण सृजनशिल परिवार, सिन्धुपाल्चोकबाट एटविनका उपाध्यक्ष नानीमैया थापाले भाग लिनु भएको थियो । कार्यक्रममा मानव बेचबिखन तथा व्यवसायिक बाल यौनशोषण अन्त्य लगायत पार्लेमो प्रोटोकल अनुमोदनका लागि वकालत गरिएको थियो । | न्यूयोर्क, अमेरिका |
| १० | २०७५ मंसिर २३ गते | **"मानव बेचबिखन र दासता विरुद्ध प्रादेशीक तहको भूमिका" विषयक अन्तरक्रिया कार्यक्रम**<br>"लैङ्गिक हिंसा र दुर्व्यवहारः छैन हामीलाई स्वीकार" भन्ने मूल नाराका साथ लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, २०७५ को सन्दर्भमा कार्यक्रमको भएको थियो । कार्यक्रमको अध्यक्षता एटविनका अध्यक्ष अञ्जना शाक्यले, कार्यक्रमको सञ्चालन एटविनका महासचिव सम्झना श्रेष्ठले गर्नु भएको थियो । कार्यक्रममा श्रोत व्यक्तिका रुपमा मानव अधिकार आयोगका पूर्व सदस्य माननीय गौरी प्रधान हुनुहुन्थ्यो । मानव बेचबिखनको अवस्थाका विषयमा शक्ति समूहका कार्यकारी निर्देशक सुनिता दनुवारले जानकारी गराउनु भएको | लाजिम्पाट/ जम्मा सहभागी ६७ (सभासद् २४ जना) |

| | | | |
|---|---|---|---|
| | | थियो । मनोरञ्जन क्षेत्रमा रहेका समस्याका बारेमा विश्वास नेपालकी अध्यक्ष तारा भण्डारीले प्रस्तुती गर्नुभएको थियो । | |
| ११ | २०७५ पौष ५ गते | **"मानव बेचबिखन र बालबालिकाको व्यवसायिक यौनशोषण विरुद्ध" संचारकर्मीसँग संवाद**<br>कार्यक्रमलाई एटविनका अध्यक्ष अञ्जना शाक्यले अध्यक्षता गर्नु भएको थियो भने कार्यक्रमको संयुक्त आयोजक शक्ति समूहकी कार्यकारी निर्देशक सुनिता दनुवारले । स्वागत तथा उद्देश्य माथि प्रकाश पार्नु भएको थियो । यसै क्रममा उहाँले मानव बेचबिखन तथा ओसारपसार र आधुनिक दासताको प्रवृत्ति दिन प्रतिदिन बढ्दै गइरहेको बताउँदै नेपालमा मानव बेचबिखनका प्रभावितहरुलाई उद्धार गर्ने, स्वदेश फिर्ता गर्ने र पुनर्मिलन गराउने कानुन हालसम्म नभएका कारण विश्वका विभिन्न ठाउँमा उद्धार गरिएका नेपालीहरुलाई स्वदेशफिर्ती गर्न नसकिरहेको र जसको कारणले उनीहरू थप जोखिममा परिरहेको बताउनु भयो ।<br>कार्यक्रममा एटविनको श्रोतकेन्द्र मार्फत २०७४ सालमा गरिएका मानव बेचबिखनका बारेमा विभिन्न छापाका सञ्चार माध्यमहरुमा आएका सामाग्रीहरूको विश्लेषण वरिष्ठ पत्रकार विजय पौडेलले गर्नु भएको थियो । अध्यक्षज्यूले मानव बेचबिखन रोकथाममा बढी जोड दिनु पर्ने र सञ्चार माध्यमको अहम भूमिका हुने विषयलाई जोड दिनु भएको थियो । | संचारकर्मीहरु र गै.स.स.का प्रनिनिधिहरु / ३५ जना |
| १२ | २०७५ पुष ३ र ४ गते | **एटविनले संस्थाको संस्थागत विकास, अर्न्तगत Team Spirit Building कार्यशाला**<br>कार्यक्रमको सहजिकरण चन्द्रिका खतिवडाले गर्नु भएको थियो । यस कार्यशालामा एटविनका कार्यसमितिका पदाधिकारी तथा सचिवालयका कर्मचारीहरुको सहभागिता रहेको थियो । यस किसिमको कार्यक्रमलाई निरन्तरता दिन सहभागीहरुले जोड दिएका थिए । | गोदावरी/ १५ जना |
| १३ | मंसिर, २०७५ | **एटविनले नियमित प्रकाशन ओसारपसारको, अङ्क १७, २०७५ प्रकाशन**<br>यस अंकमा मानव बेचबिखन विरुद्ध स्थानीय तहको भूमिकालाई केन्द्रित गरिएको छ । यसमा संघीय राज्य संरचनामा मानव बेचबिखन अन्त्यका लागि अवसर र आवश्यकता र स्थानीय तहमा मानव बेचबिखन नियन्त्रणका लागि आवश्यक प्रयासहरु सम्बन्धी सामाग्री रहेको थियो । नेपालका सात वटै प्रदेशका स्थानीय जनप्रतिनिधिहरुको आवाजहरु यसमा समेटिएको थियो । | १००० प्रति |
| १४ | २०७५ पुस १८-२१ | **शैक्षिक अवलोकन भ्रमण**<br>मानव बेचबिखन बिशेष गरी आन्तरिक तथा मनोरञ्जन क्षेत्रको अध्ययन तथा अवलोकनका लागि बैंकक, थाइल्याण्डमा भ्रमणको आयोजना गऱ्यो । भ्रमणमा एटविनका कार्य समिति सदस्यहरु तथा कर्मचारी गरेर १२ जनाको सहभागिता रहेको थियो । भ्रमणमा मुख्य मनोरन्जन क्षेत्रहरुको अवलोकन गरिनुका अलावा बैङककमा रहेको विनरक इन्टरन्यासनलसँगको बैठकमा मानव बेचबिखन विरुद्धको थाइल्याण्ड तथा एशिया परियोजनाका प्रमुखहरु सहितको टिमसँग मानव बेचबिखन विरुद्धको अवस्थाबारे अन्तरक्रिया तथा जानकारी लिइयो । | बैंकक, थाईलैण्ड जम्मा-१२ जना |
| १५ | २०७५ माघ २५ | **राष्ट्रिय योजना आयोगको पन्ध्रौं योजना तथा मानव बेचबिखन विरुद्धका प्रावधानहरू विषयक सुझाव हस्तान्तरण**<br>१५औं योजना तर्जुमा भइरहँदा उक्त विषयवस्तुका लागि थप प्रभावकारी रुपमा सम्बोधन गर्नका लागि एटविनले सरोकारवालासँग गरेको परामर्श कार्यक्रमबाट आएको सुझावहरूलाई आगामी योजनामा प्राथमिकताका साथ समावेश गरिदिन अनुरोध सहित राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री मीनबहादुर शाही र डा. उषा झालाई सुझावहरू हस्तान्तरण गरिएको थियो । माननीय सदस्यहरुले सुझावका लागि धन्यवाद सहित आगामी योजनामा समावेश गर्ने प्रतिवद्धता जाहेर गर्नु भएको थियो । | राष्ट्रिय योजना आयोग, सिंहदरबार/ ७ जना |
| १६ | २०७५ मंसिर | **पत्रपत्रिकामा मानव बेचबिखनका विषयवस्तुको वार्षिक विश्लेषण**<br>एटविनको श्रोतकेन्द्र मार्फत २०७४ सालमा गरिएका मानव बेचबिखनका बारेमा विभिन्न सञ्चार माध्यमहरुमा आएका समाचार, लेख, रचना, घटना इत्यादिको संकलन तथा अनुगमनको वार्षिक विश्लेषण वरिष्ठ पत्रकार विजय पौडेलले गर्नु भएको थियो । | काठमाडौं |

| | | | |
|---|---|---|---|
| १७ | २०७५ मंसिर १६ - २०७६ असार ३१ गते सम्म | **एटविन सूचना तथा स्रोत केन्द्र**<br>प्रयोग कर्ता: ४० जना<br>विविध प्रकाशनहरु प्राप्त: १,०६१<br>विविध प्रकाशनहरु वितरण : ५,८६८ | काठमाडौं तथा जिल्लाहरु |
| | **परियोजना तथा साझेदारको नाम: "हाम्रो सम्मान परियोजना" विनरक/यूएसएआईडी**<br>उद्देश्य: मानव बेचबिखनलाई सम्बोधन गर्न नागरिक समाजको वकालत र संलग्नतामा सुधार । | | |
| १८ | २०७५ माघ २५ | **त्रैमासिक नियमित बैठक**<br>एटविनको नियमित त्रैमासिक बैठक एटविनका अध्यक्ष अन्जना शाक्यको अध्यक्षतामा बसेको थियो । बैठकमा आगामि कार्यक्रम, कार्यक्रमिक प्रगति प्रतिवेदन प्रस्तुति, जीविकोपार्जनका अवसरहरुको आवश्यकता तथा नीजि क्षेत्रसँग संयोजन तथा सहकार्य विषयक छलफल, मानव बेचबिखन विरुद्धको प्रशिक्षक प्रशिक्षणका सहभागिहरूको लागि योग्यता, राष्ट्रिय मानव अधिकार आयोगको मानव बेचबिखन विरुद्धको राष्ट्रिय प्रतिवेदन, भारतको मणिपुरबाट ठूलो संख्यामा महिलाहरु उद्धार गरिएको सम्बन्धमा लगायतका विषयवस्तुमा छलफल भएको थियो । | बुद्धनगर, काठमाडौं/ ३४ जना |
| १९ | २०७५ फागुन १० र २०७६ बैशाख २, | **एटविनको ३ वर्षे रणनीतिक योजना माथि छलफल बैठकहरू**<br>एटविनको ३ वर्षे रणनीतिक योजनाको पहिलो मस्यौदालाई अन्तिम रुप दिन एटविनको कार्य समिति तथा सचिवालय कर्मचारीहरूको २ पटक बैठक बसी वृहत्त छफफल गरी पृष्ठपोषण गरिएको थियो । | काठमाडौं |
| २० | २०७६ बैशाख १६ | **एटविनको पहिलो ई बुलेटिन**<br>इन्टरनेट मार्फत थप समुदायमा एटविनका गतिविधिहरूबारे जानकारी गराउने उद्देश्यका साथ जुन देखि नोभेम्बर २०१९ सम्मको एटविनका विभिन्न गतिविधीहरुको बारेमा संक्षिप्त प्रतिवेदन सहितको अंग्रेजी भाषामा पहिलो ई बुलेटिन निर्माण गरिएको छ । उक्त बुलेटिन एटविनका सदस्य संस्थाहरु, विभिन्न संघ संस्थाहरु र सरोकारवाला निकायहरूलाई ईमेल मार्फत पठाइएको थियो । | काठमाडौ |
| २१ | २०७६ बैशाख २४-२७ | **मनव अधिकारमुखि दृष्टिकोणबाट मानव बेचबिखन विरुद्ध प्रशिक्षक प्रशिक्षण**<br>एटविनले सदस्य संस्थाहरुलाई लक्षित गरेर ४ दिने "मानव अधिकारमुखि दृष्टिकोणबाट मानव बेचबिखन विरुद्ध प्रशिक्षक प्रशिक्षण"को आयोजना गरेको थियो । उक्त प्रशिक्षणमा २७ जनाको सहभागीगा रहेको थियो । मानव बेचबिखन रोकथामका लागि जिल्ला स्तरमा प्रशिक्षकहरू विकास गरेर सो अभियानमा थप टेवा पुऱ्याउने उद्देश्यका साथै प्रशिक्षकहरूलाई मानव बेचबिखनको परिभाषा, बदलिदो स्वरुप, मानव अधिकारमुखि दृष्टिकोण लगायत मानव बेचबिखनका विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूमा थप स्पष्टता ल्यायने उद्देश्यले प्रशिक्षणको आयोजना गरिएको थियो । प्रशिक्षणका मूख्य सहजकर्ता शरद प्रसाद न्यौपाने हुनुहुन्यो । त्यसैगरि अन्य सहजकर्ता बेनु माया गुरुङ, मिलन धरेल, कपिल अर्याल र सतिश शर्मा रहनु भएको थियो । | गोदावरी, ललितपुर/ २७ जना |
| २२ | २०७५ कार्तिक ११-१४ | **एटविनको संस्थागत विकास तथा रणनैतिक योजना पुनरावलोकन तथा परिमार्जन**<br>एटविनका अध्यक्ष श्री अन्जना शाक्यको अध्यक्षतामा रणनैतिक योजना कार्यशालाको आयोजना गऱ्यो । कार्यक्रममा ४१ जनाको सहभागिता रहेको थियो । देशको संघीय संरचना अनुसार योजनालाई पुनरावलोकन गएिको थियो । साथै नयाँ संशोधित योजनाको मस्यौदा तयार गरिएको थियो । कार्यक्रमका स्रोत व्यक्ति श्री चन्द्रिका खतिवडा हुनुहुन्थो । कार्यक्रममा एटविनका सदस्य संस्थाहरुको सहभागिता रहेको थियो । | गोदावरी, ललितपुर<br>जम्मा ४१<br>जना |
| | **परियोजना तथा साझेदारको नाम : युनाईटेड मिसन टु नेपाल** | | |

| | | | |
|---|---|---|---|
| २३ | २०७५ मंसिर १७ | **"आगामी पन्ध्रौं योजना तथा मानव बेचबिखन विरुद्धका प्रावधानहरू"**<br>राष्ट्रिय योजना आयोगको १४औं योजनामा पनि मानव बेचबिखन विरुद्धको विषयवस्तु रहेको र १५ औं योजना तर्जुमा भइरहँदा उक्त विषयवस्तुका लागि थप प्रभावकारी रुपमा सम्बोधन गर्नका लागि लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा विभिन्न सरकारी तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी सरोकारवाला संस्थाहरुसँग परामर्श कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रमको अध्यक्षता एटविनका अध्यक्ष अञ्जना शाक्य तथा सहजीकरण सन्ध्या श्रेष्ठले गर्नु भएको थियो । | लाजिम्पाट काठमाडौं<br>५७ जना |
| | **सह आयोजक** | | |
| १ | २०७६ असार २४ गते | **मनोरञ्जन क्षेत्रमा रहेका बाल श्रम र बाध्यकारी श्रमको अन्त्य तथा मनोरञ्जन क्षेत्रलाई व्यवस्थित र मर्यादित बनाउन अन्तरक्रिया कार्यक्रम**<br>यस कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगबाट मानव अधिकार अधिकृत यशोदा बञ्जाडे, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट, उप सचिव कृष्ण प्रसाद भुषाल र महानगरीय प्रहरी परिसरबाट SP, अतिथि हुनुहुन्थ्यो । यस क्षेत्रबाट बालश्रमको अन्त्य गर्न आफ्नो निकायबाट प्रयास गर्ने र संयुक्त कार्ययोजना बनाई लागु गर्ने प्रतिवद्धताका साथ कार्यक्रमको समापन भएको थियो | नयाँ वानेश्वर काठमाडौं ३० जना |
| २ | २०७५ फागुन २२ | **Sharing of Gap Study on Modern Day Slavery**<br>शक्ति समूहले नुवाकोट र सिन्धुपाल्चोक जिल्लामा गरेको आधुनिक नेपालमा आधुनिक दासताको स्वरुप, यसका कारणहरु नियन्त्रणका लागि कहाँ के कस्ता समस्याहरु रहेका छन् त्यसको पहिचान गर्न अध्ययनबाट आएका निष्कर्षहरूको प्रस्तुति सम्बन्धी कार्यक्रम गरेको थियो । कार्यक्रम एटविनसँगको समन्वय तथा सहकार्यमा एटविन सदस्य संस्थाहरुको सहभागितामा गरिएको थियो । | बुद्धनगर, काठमाडौं |
| ३ | फागुन २४,२०७५ | **१०९ औं अन्तर्राष्ट्रिय महिला दिवस**<br>१०९ औं अन्तराष्ट्रिय महिला दिवस २०७४ "लैङ्गिक समानताका लागि समान सोच र व्यवहार - समृद्धिको आधार" मूल नाराका साथ महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको आयोजनामा गरिएको र्‍यालीमा एटविनको सकृय सहभागिता रहेको थियो । | काठमाडौ, ११ जना |
| ४ | २०७६ बैशाख निरन्तर | **बेइजिङ्ग+२५ समीक्षा परामर्श प्रतिवेदन प्रक्रिया/संयोजक - बियोण्ड बेइजिङ्ग कमिटी, नेपाल**<br>चौथो विश्व महिला सम्मेलनद्वारा पारित **बेइजिङ घोषणा-पत्र र त्यसले तय गरेको कार्यनीति** कार्यान्वयन गर्न गराउन, अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने, सम्बन्धित निकायहरूमा सुझाव तथा प्रतिवेदन पेश गर्दछ। उक्त महिला सम्मेलनको प्रत्येक ५-५ वर्षमा समीक्षा हुँदै आएको छ। सन् २०२० मा चौथो विश्व महिला सम्मेलनले २५ औं वर्ष पूरा गर्दै छ। एटविन यस प्रक्रियामा लामो समय देखि आबद्ध हुदै आएको छ।<br>बेइजिङ+२५ समीक्षा परामर्श प्रतिवेदन प्रक्रियामा एटविनले लैङ्गिक हिंसा तथा बेचबिखन विरुद्धको विषयगत जिम्मेवारी लिएको छ साथै प्रतिवेदन लेखनका लागि प्रदेश स्तरीय रुपमा विराटनगरमा गरिएको परामर्श कार्यशाला प्रदेश १ मा सहभागिता जनाएको थियो । | काठमाडौं |
| ५ | २०७५ माघ ७ | **CEDAW Shadow Report, २०१८**/संयोजक - महिला, कानुन र विकास मञ्च<br>महिला, कानुन र विकास मञ्चको संयोजकत्वमा २०१६ देखि CEDAW Shadow Report संलग्न रहँदै आएको छ। CEDAW को विशेषगरि धारा ६- बेचबिखन तथा यौन शोषणमा लेखन मार्फत एटविनले योगदान गरेको थियो ।<br>कोन्सोर्टियम नेपालको संयोजकत्वमा बालिकाको नेतृत्वमा तयार पारिएको CEDAW Shadow Report मा पनि संलग्नता रहेको थियो ।<br>साथै UN CEDAW को ६३ औं सत्रमा एटविनका महा-सचिव सम्झा श्रेष्ठ तथा कार्यकारी निर्देशक बेनु माया गुरुङको सहभागिता रहेको थियो । मानव बेचबखिन तथा सुरक्षित स्थानागमन तथा कामका विषयमा विषयवस्तु उठान गरिएको थियो र CEDAW Concluding Observations मा पनि सम्बोधन गरिएको छ । | काठमाडौं |

# यातना पीडित सरोकार केन्द्र (सिभिक्ट), नेपाल

CVICT

संस्थाको नाम : यातना पीडित सरोकार केन्द्र (सिभिक्ट), नेपाल
एटविनमा आवद्ध भएको वर्ष/मिति :
दर्ता भएको जिल्ला र वर्ष : काठमाण्डौं, सन् १९९०
कार्यक्षेत्र : काठमाण्डौं, काभ्रे, अछाम, बझाङ्ग, बाजुरा र बैतडी
सम्पर्क नं : ०१-४३७३९०२ र ०१-४३७३४८६
ईमेल : cvict@cvict.org.np
वेभसाइट : www.cvict.org.np

**संस्थागत परिचय –भिजन, मिसन र उद्देश्य सहित :**
यातना पीडित सरोकार केन्द्र (सिभिक्ट), नेपाल हिंसा रहित समाजको निर्माण गर्ने परिकल्पना लिई सन् १९९० मा स्थापना भई यसै क्षेत्रमा निरन्तर रूपमा काम गर्दै आइरहेको एक गैरसरकारी संस्था हो । यातना विरुद्धको अधिकार स्थापनाका निमित्त यातनाको रोकथाम, यातना पीडितलाई परिपूरणको अधिकार सहित समाजमा पुनःस्थापना गराउने यसको मुख्य उद्देश्य रहेको छ । सोही उद्देश्य परिपूर्तिका निमित्त यस संस्थाले यातना पीडित तथा हिंसा प्रभावितहरूका लागि शारीरिक उपचार तथा मनोसामाजिक मनोविमर्श विधिबाट उपचार गर्नुका साथै आवश्यक कानुनी सेवा र यातना रोकथामका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

यसका साथै विद्यालयमा हिंसा रहित अध्ययन/अध्यापन, सामुदायिक मध्यस्थता कार्यक्रम, मानसिक स्वास्थ्य, मनोविमर्श सम्बन्धी छोटो र लामो अवधिको तालिम तथा जनचेतनामूलक कार्यक्रम आदि संचालन गर्दैं आएको छ । यातना, महिला विरुद्ध गरिने हिंसा, मनोसामाजिक मनोविमर्श, मानसिक स्वास्थ्य लगायतका क्षेत्रमा अध्ययन/अनुसन्धान तथा विभिन्न कार्यक्रम गर्दै आएको छ । यसका अलावा सिभिक्टले समुदाय तथा कारागारमा घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्नुका छ साथै आवश्यकता अनुसार यातना पीडित तथा हिंसा प्रभावितलाई निःशुल्क कानुनी सेवा प्रदान गर्दै आइरहेको छ ।

**प्रमुख सवाल तथा कार्यकमहरु :**
यातना तथा लैङ्गिक हिंसाको रोकथाम, मानव अधिकारको प्रवर्द्धन, यातना तथा हिंसा पीडितलाई न्यायमा पहुँच पुऱ्याउने, मनोविमर्श सेवा प्रदान गर्ने, यातना, महिला विरुद्ध गरिने हिंसा, दण्ड प्रणली सुधार, मानसिक स्वास्थ्य लगायतका क्षेत्रहरूमा अध्ययन/अनुसन्धान गर्ने ।

**संस्थाले गरेको कुनै ३ मुख्य उपलब्धिहरू :**
- ४३,००० भन्दा बढी यताना पीडितहरूलाई औषधी उपचार, मनोविमर्श तथा कानुनी सेवा प्रदान गरेको ।
- ७०० भन्दा बढीलाई मनोविमर्श सम्बन्धी ४ देखि ६ महिनाको तालिम प्रदान गरी मनोविमर्श सेवालाई संस्थागत गरेको ।
- सामुदायिक मेलमिलाप कार्यक्रमलाई स्यानीय स्तरमा शुरुवात गरेको ।



## बधाई ज्ञापन !

**एटविनका सदस्य संस्था सामाजिक सेवा केन्द्र (सोसेक), नेपाल, दैलेखका अध्यक्ष श्री हिरा सिहं थापा ज्यू 'क्याम्पेनिङ्ग फर एक्सन म्यान' विधामा एन-पिस (N-Peace) अवार्ड २०१८ बाट सम्मानित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।**

**अन्जना शाक्य**
**अध्यक्ष तथा एटविन परिवार**

# हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स)

HimRights

संस्था परिचय : हिमालयन ह्युमन राइट्स मोनिटर्स (हिमराइट्स)
संस्था गठन : सन् १९९९, ललितपुर
ठेगाना : इनार, पुल्चोक, ललितपुर
सम्पर्क : ०१-५०१०९९०, ०१-५०१०९९१
इमेल तथा : info@himrights.org
वेभसाइट : www.himrights.org
फेसबुक : facebook.com/HIMRIGHTS1980
कार्यरत जिल्लाहरु : बाँके, बारा र मकवानपुर

**संस्थागत परिचय :**

हिमराइट्स मानव अधिकारको क्षेत्रमा अनुभव प्राप्त व्यक्तिहरुको सामूहिक प्रयासबाट दर्ता भई मानव अधिकार, मानव बेचबिखन तथा सुरक्षित आप्रवासन, सुशासन, बालबालिका, युवा तथा महिलाहरुको सशक्तीकरण, शिक्षा, आयआर्जन, विपद जोखिम व्यवस्थापन, द्वन्द्व व्यवस्थापन, मेलमिलाप तथा शान्ति स्थापनाको क्षेत्रमा प्रभावकारी रुपमा काम गर्दै आएको छ ।

हिमराइट्स विपन्न, सीमान्तीकृत तथा सामाजिक बहिष्करणमा परेका विशेषगरी महिला, बालबालिका र युवाहरूको अधिकारको पक्षमा काम गर्न प्रतिवद्ध छ । यसले स्थानीय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा मानव अधिकार संस्थाहरूसँग साझेदारी गर्दै सुशासन र लोकतन्त्र, नीतिगत परिवर्तन तथा अधिकारमा आधारित पद्धति, मानव अधिकारको बदलिंदो अवस्थालाई सम्बोधन गर्न क्षमता अभिवृद्धि, र मानव अधिकार उल्लंघनका घटनाहरूको अनुगमन, सम्बोधन तथा प्रतिवेदन लेखनको क्षेत्रमा काम गर्दछ ।

**दूरदृष्टि:** मानव अधिकार प्रवर्द्धन जहाँ सामाजिक, सांस्कृतिक, आर्थिक, नागरिक तथा राजनीतिक न्यायको प्रचलन तथा सीमान्तीकृत समुदाय विशेष गरी महिला, बालबालिका तथा युवाहरुको सम्मान तथा स्वाभिमानपूर्वक जीवन यापन ।

**ध्येय:** मानव, सीमान्तीकृत जनताको मानव अधिकार सुनिश्चित गर्न न्याय, समता र समावेशीकरणको प्रवर्द्धनका लागि पहल गर्ने ।

**लक्ष्य:** हिमराइट्स आम सामाजिक न्याय र मानव अधिकार संयन्त्रहरुको मान्यता, लैङ्गिक समता तथा सामाजिक समावेशीकरणको लागि काम गर्दछ । हाम्रो कामले सबै तहहरूका लोकतान्त्रिक प्रक्रियाहरूमा वास्तविक तथा अर्थपूर्ण सहभागितालाई बढावा दिनेछ ।

**हिमराइट्स ४ वटा विषयगत क्षेत्रलाई केन्द्रविन्दु बनाएर काम गर्दै आएको छ :**

**१. सुशासन, लोकतन्त्र र नेतृत्व**

**२. मानव बेचबिखनविरुद्धको अभियान र सुरक्षित आप्रवासन :**

सन् २००३ देखि नै मकवानपुर, बारा, रौतहट र पर्सा जिल्लाहरुमा सचेतना अभियान सञ्चालन र मानव बेचबिखनविरुद्ध पहरेदारी गर्ने उद्देश्यले १०९ वटा निगरानी समूह गठन, उक्त जिल्लाहरुमा हिमराइट्स हेल्पलाइनको स्थापना, जसबाट करिब ३०,००० महिला र युवाहरुले सुरक्षित आप्रवासन सम्बन्धी परामर्श एवं सूचना दिइसकेको, South Asia Sub-Regional Cross Border Policy Dialogue Seminar on Human Trafficking, May 2003

**३. मानव अधिकारको संरक्षण र संवर्द्धन**

**४. शान्ति स्थापना, मेलमिलाप, संक्रमणकालीन न्यायसम्बन्धी संयन्त्र**

**पुरस्कार एवं सम्मानहरू:**

सन् १९९७ - स्पेशल कन्ट्रिब्यूशन अवार्ड फर वोमन एण्ड चाइल्ड राइट्स, यूनीसेफ नेपाल

सन् १९९९ - हिमराइट्सका अध्यक्ष अञ्जना शाक्य स्मिथ कलेज, संयुक्त राष्ट्र अमेरिकाको “Remarkable women: A Smith Continuum” सम्मानबाट पुरस्कृत

सम्मानित हुने क्रममा २०१३ डिसेम्बर १३ मा संविधान सभाको दोस्रो निर्वाचन २०७० मा स्वयंसेवक परिचालन गरी निर्वाचन पर्यवेक्षणमा योगदान पुऱ्याएकोमा लोकतन्त्र र निर्वाचन पर्यवेक्षण नेपाल, यु.एस.ए.आइ.डी., एन.डी.आई. ले संयुक्त रुपमा हिमराइट्स बारालाई प्रशंसा पत्र प्रदान गरेको थियो ।

## वैदेशिक रोजगारका नाममा भारतको बाटो हुँदै मानव तस्करी

nepaltalk.com/featured/32200.html

December 2018

पौष ६ गते, २०७५ मा प्रकाशित
१०२४ पटक हेरिएको







२०७४ सालमा पाँचसय बढि मानिस बेचिए




पुस ८, काठमाडौं । देशका विभिन्न जिल्लाबाट ५ सय ७२ मानिस बेचविखनमा परेको तथ्यांक सार्वजनिक भएको छ । महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह, नेपाल (एटविन) ले गरेको अध्ययन अनुसार २०७४ सालमा देशका विभिन्न ठाउँका ५ सय ७२ मानिस बेचविखनमा परेका हुन् ।

ceslam.org/news/11758

Home / News

## रोजगारीको वहानामा बेचविखन

काठमाडौँ, पुस ६ गते । वैदेशिक रोजगारको वहानामा मानव बेचविखन हुने गरेको अध्ययनले देखाएको छ । महिला तथा बालबालिका बेचविखनविरूद्ध सहकर्मी समूह नेपाल (एटविन)ले गत २०७४ वैसाख १ गतेदेखि चैत मसान्तसम्म गोरखापत्रलगायतका नौ वटा दैनिक पत्रपत्रिकामा छापिएका समाचारको विश्लेषण गर्दा सो तथ्य देखिएको हो ।

मानव बेचविखन श्रम शोषणका लागि वैधानिक बाटो अवलम्बन गर्न नागरिकता तथा राहदानी बनाएर कागजी वैधानिकता प्रदान गर्ने गरिएको छ । विगतमा नेपालबाट यौन शोषणका लागि मात्र मानव तस्करी भइरहेको मान्यता थियो, तर त्यसलाई अध्ययनले गलत ठहर्याएको छ ।

पत्रकार विजय पौडेलले मानव बेचविखनसम्वन्धी आएका समाचार, सम्पादकीयलगायतका सामग्रीहरूको विश्लेषणमा ५७२ वटा समाचार प्रकाशित भएकामा ... रोजगारीको बहानामा लगिएका ६० वटा घटनामा २९ जना निकृष्ट श्रम शोषणमा परेको पाइएको जानकारी दिनुभयो ।

## महिला हिंसाको कारक– वैदेशिक रोजगारी !

March 8, 2019

काठमाडौं । नेपाल सरकारले विभिन्न खाडी मुलुकमा महिला कामदारहरु घरेलु कामदारका रुपमा पठाउन रोक लगाएसँगै भारतको बाटो हुँदै मानव तस्करीको क्रम बढ्दै गएको पाइएको छ। महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समूह (एटविन) ले गरेको एक अध्ययन अनुसार दोस्रो मुलुक भारत हुँदै विभिन्न बाहानामा तेस्रो मुलुकमा नेपाली श्रमिकहरु बेचविखन तथा ओसारपसार हुने क्रम बढ्दै गइरहेको पाइएको हो।

उक्त अध्ययन अनुसार भारत हुँदै तेस्रो मुलुक वैदेशिक रोजगारका लागि जाने पुरुषहरु भन्दा पनि महिला श्रमिकहरुको संख्या बढी छ। एटविनकी अध्यक्ष अञ्जना शाक्यले नेपाली युवाहरु स्वदेशमै केही काम गर्न भन्दा पनि रोजगारका लागि खाडी मुलुक जाने आकर्षण बढेसँगै जस्तोसुकै जोखिम मोल्न समेत तयार भएर भारत हुँदै जाने भएकोले श्रम शोषण तथा महिला कामदारहरु यौन शोषणमा पर्ने समस्याले विकराल रुप लिन थालेको बताइन्।



## Govt getting ready to ratify Palermo Protocol

myrepublica.nagariknetwork.com/news/govt-getting-ready-to-ratify-palermo-protocol

Sonam Lama

## खाडीदेखि अफ्रिकासम्म बेचिन्छन् नेपाली चेली, केन्याको डान्सबारमा १२ युवती

swadeshnepal.com/2019/04/91678

...भारतको मणिपुर हुँदै अवैधानिक रुपमा ... भारतस्थित नेपा... महिलाहरु १४७।

mahanagar khabar

## एटविनद्धारा सञ्चारकर्मीहरुसँग संवाद






## संघियतामा मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) नियमावली २०६५ को शंसोधन सम्बन्धी कार्यक्रम सम्पन्न

aadharbhumi.com/articles/7784




## मानव तस्करीका समाचार विश्लेषणले भन्छ, राज्य मानव तस्करी निर्मूल पार्दैन, बढावा दिँदैछ

nonstopkhabar.com

Nonstop Khabar

December 21, 2018

# समाचारमा मानव बेचबिखन



'अध्यागमनकै सेटिङमा उडेका थियौं'

म्यानमार हुँदै मानव तस्करी

चीनबाट ४४ युवती फर्काउन पहल

कलाकारको आवरणमा मानव तस्करी

हुदर्शन गौतमविरुद्ध रेड कर्नर नोटिस

मानवतस्करीमा संलग्नलाई पक्राउ गर्न प्रहरीको असहयोग

विभागको पक्राउ पुर्जी भन्न मिल्दैन : प्रहरी

खाडीमा हराउने नेपाली महिला बढ्दै

नक्कली बिहे गराएर युरोप तस्करी

मानव बेचबिखन रोक्न यूएई सहमत

दिल्लीको आश्रमबाट हराए ८ नेपाली महिला

म्यानमार हुँदै इराक लान खोजिएका नेपालीको उद्धार

मलेसियामा ३६ घन्टा काम गर्न बाध्य नेपाली

फर्किएका मजदुरको उजुरी विभागले दर्ता गरेन

इराकमा नेपाली युवती २ हजार डलरमा 'किनबेच'

मानव तस्करीमा नयाँ रुटको प्रयोग

मणिपुरबाट १७९ नेपालीको उद्धार

उजुरी गर्दा उल्टै यातना

रुट फेरेर प्रतिबन्धित मु...

किशोरी केरुङ लाने गिरोह सक्रिय

सेटिङमा मिर्गौला बिक्री

दुई सय चेलीबेटी बेचबिखनका आरोपी छुटे

rajdhanidaily.com/180745

18/07/2019

देशभित्रै चेली बेचबिखन

मानव तस्करीमा मिजोरम रुट

मानव भ्रूण तस्करीको अनुसन्धान

प्रतिबन्ध खुलाउने वा नखुलाउने अन्योल कायमै

युरोप छिर्न नेपालको बाटो

नक्कली पासपोर्टमा नेपाल छिर्दै इरानी, दुबई पुगेपछि पत्ता लाग्यो

भिक्षु बन्न विदेशिँदै बालबालिका

उद्धार गरिएका १२ चेली फेरि बेपत्ता

सेटिङ जालोमा अध्यागमन

तस्करीको 'ट्रान्जिट' नेपाल

इरानी ओसारपसारमा अफगानी संलग्न

दुई सय चेलीबेटी बेचबिखनका आरोपी छुटे

जिल्ला अदालतबाट ३७ वर्ष जेल सजाय उच्च अदालतबाट सफाइ

रोजगारीको बहानामा मानव बेचबिखन

मानव बेचविखन मुद्दामा ३७ वर्ष कैद तोकिएका वडाध्यक्ष सुनबहादुरलाई उच्च अदालतको सफाइ

जिल्ला अदालत नुवाकोटले चेलीबेटी बेचबिखन गरेको आरोपमा ३७ वर्ष जेल पठाएका दुप्चेस्वर-१ का वडाअध्यक्ष सुनबहादुर तामाङलाई उच्च अदालत पाटनले सफाइ दिएको छ।



"मनोरञ्जन/सत्कार क्षेत्रलाई व्यवस्थित तथा मर्यादित बनाउन सरकारी निकायको भूमिका" विषयक अन्तरक्रिया कार्यक्रम



आधुनिक दासता विषयक अध्ययन प्रतिवेदनको जानकारी तथा उद्धार/स्वदेश फिर्ति र पुर्नमिलनको सवालमा राष्ट्रिय स्तरको कार्यशाला गोष्ठि




"संघियतामा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ को संशोधन" विषयक परामर्श कार्यक्रम




एटविनको नियमित त्रैमासिक बैठक,
२०७५ माघ २५ गते




"मनोरञ्जन क्षेत्रमा रहेको व्यवसायिक बाल यौन शोषण तथा बेचबिखन : समस्या तथा समाधानका उपायहरु" विषयक अर्न्तक्रिया कार्यक्रम



"पार्लेमो" प्रोटोकल लगायत विभिन्न समसमायिक विषयमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष मा. अनुप राज शर्मा तथा सदस्यहरूलाई ज्ञापन पत्र बुझाउँदै




आधुनिक दासता विषयक अध्ययन प्रतिवेदनको जानकारी तथा उद्धार/स्वदेश फिर्ति र पुर्नमिलनको सवालमा राष्ट्रिय स्तरको कार्यशाला गोष्ठि




"मनोरञ्जन/सत्कार क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूको अवस्था" विषयक कार्यशाला गोष्ठी

# एटविन सूचना तथा स्रोत केन्द्र

यस स्रोत केन्द्रबाट प्राप्त गर्न सक्ने सूचनाका विषयवस्तुहरु निम्न रहेका छन् :

| मानव बेचबिखन | मानव अधिकार | महिला अधिकार | बाल अधिकार |
|---|---|---|---|



**मानव बेचबिखन, मानव अधिकार, महिला अधिकार, बाल अधिकार तथा महिला विरुद्धको हिंसा विषयक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन एवं दस्तावेजहरू, अनुसन्धान, प्रतिवेदन, जर्नल, बुलेटिन, ब्रोसर, पोस्टर, पम्पलेट, लिफलेट, पत्रिकाका समाचार संग्रह, सदस्य संस्थाहरूका प्रकाशनहरू तथा अन्य सम्बन्धित IEC सामाग्रीहरू उपलब्ध छन् ।**

---

## सूचना तथा स्रोत केन्द्र खुल्ने समय:

दिन : हरेक हप्ता सोमबार देखि शुक्रबार

समय : बिहान १० देखि ५ बजेसम्म

*एटविन सूचना तथा स्रोत केन्द्र प्रयोगका लागि सर्वसाधारणलाई हार्दिक अनुरोध गर्दछौं ।*